# मध्यमकालीन खर्च संरचना

(आर्थिक बर्ष २०८३/८४ - २०८५/८६)

# तथा

# बार्षिक विकास कार्यक्रम

(आर्थिक बर्ष २०८३/८४)

विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०८३

# मध्यमकालीन खर्च संरचना

(आर्थिक बर्ष २०८३/८४ - २०८५/८६)

# तथा

# बार्षिक विकास कार्यक्रम

(आर्थिक बर्ष २०८३/८४)

विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०८३

प्रकाशक : विनयी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन मिति : २०८३
सम्पर्कका लागिः गाउँ कार्यपालिकाको कार्यालय, दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल
फोन नं. : ०७८ ४१६१८५, ०७८ ४१६१८२
ईमेल : binayitribenigaupalika@gmail.com

## मन्तव्य

नेपालको संविधानले स्थानीय सरकारलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरेको छ। स्थानीय आवश्यकता, सम्भावना र नागरिकका अपेक्षालाई सम्बोधन गर्दै योजनाबद्ध, परिणाममुखी, पारदर्शी तथा उत्तरदायी विकास व्यवस्थापन गर्नु स्थानीय तहको प्रमुख दायित्व हो। सिमित स्रोत साधनको अधिकतम उपयोग गर्दै दिगो विकास लक्ष्य, सुशासन र समृद्धिको यात्रालाई प्रभावकारी रूपमा अगाडी बढाउन योजनाबद्ध वित्तीय व्यवस्थापन आवश्यक रहेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच प्रभावकारी सम्बन्ध स्थापित गरी सार्वजनिक स्रोतको प्राथमिकताका आधारमा विनियोजन, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

यही कानुनी व्यवस्था तथा गाउँपालिकाको आवधिक योजना, स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनलाई आधार मानी विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस संरचनाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी तथा सरसफाइ, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सामाजिक विकास, सुशासन, रोजगारी सिर्जना तथा समावेशी विकासका प्राथमिकताप्राप्त क्षेत्रहरूमा उपलब्ध स्रोतको प्रभावकारी परिचालन गरी अपेक्षित नतिजा हासिल गर्न मार्गदर्शन गर्ने विश्वास लिएको छु।

यस खर्च संरचनाले गाउँपालिकाको आवधिक योजना र वार्षिक बजेटबीच सेतुको रूपमा कार्य गर्दै विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि तथा दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। साथै, सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाई समृद्ध, समावेशी तथा दिगो विनयी त्रिवेणी गाउँपालिका निर्माणमा यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने जनप्रतिनिधि, कर्मचारी, विषयगत समिति, सरोकारवाला निकाय तथा सम्पूर्ण सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको सफल कार्यान्वयनमा सबै पक्षको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु।

घनश्याम गिरी
अध्यक्ष

## मन्तव्य

मध्यमकालीन खर्च संरचना (MTEF) स्थानीय सरकारको योजना, बजेट र कार्यान्वयनबीच प्रभावकारी समन्वय कायम गर्ने महत्वपूर्ण वित्तीय व्यवस्थापन उपकरण हो। यसले सिमित स्रोत साधनलाई उच्च प्राथमिकताका क्षेत्रमा परिचालन गरी सार्वजनिक खर्चलाई परिणाममुखी, पारदर्शी, उत्तरदायी तथा प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाअनुसार विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचना गाउँपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य, स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनलाई आधार मानी तयार गरिएको छ। यस संरचनाले वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई दीर्घकालीन विकास लक्ष्यसँग आबद्ध गर्दै स्रोतको न्यायोचित वितरण, वित्तीय अनुशासन, कार्यान्वयन दक्षता तथा उपलब्धिमूलक विकास व्यवस्थापनलाई थप सुदृढ बनाउने विश्वास लिएको छु।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी तथा सरसफाइ, सामाजिक विकास, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सुशासन, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखी विकास कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ। यस खर्च संरचनाले ती प्राथमिकताहरूको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट वित्तीय मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनाले सार्वजनिक स्रोतको मितव्ययी, पारदर्शी र नतिजामुखी परिचालनमार्फत सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी समृद्ध, समावेशी र दिगो विनयी त्रिवेणी गाउँपालिका निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुने गाउँ कार्यपालिका, गाउँसभा सदस्य, कर्मचारी, विषयगत समिति, सरोकारवाला निकाय तथा सम्पूर्ण सहयोगीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यसको सफल कार्यान्वयनका लागि सबैको सक्रिय सहयोग र प्रतिबद्धताको अपेक्षा गर्दछु।

भगवती बैदवार क्षेत्री
उपाध्यक्ष

## प्राक्कथन

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकका आवश्यकता, अपेक्षा र स्थानीय प्राथमिकतालाई सम्बोधन गर्दै सिमित स्रोत साधनको अधिकतम उपयोगमार्फत समावेशी, दिगो तथा परिणाममुखी विकास सुनिश्चित गर्नु आजको आवश्यकता हो। "व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ, स्वस्थ र समृद्ध हाम्रो विनयी त्रिवेणी गाउँ" भन्ने गाउँपालिकाको दीर्घकालीन सोचलाई साकार पार्न आवधिक योजना, विषयगत रणनीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच प्रभावकारी अन्तरसम्बन्ध स्थापित गर्ने उद्देश्यले आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा गरिएको हो।

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाका लक्ष्य, उद्देश्य तथा प्राथमिकतालाई वार्षिक बजेट र कार्यक्रमसँग आबद्ध गरी सार्वजनिक वित्त व्यवस्थापनलाई थप पारदर्शी, उत्तरदायी, अनुशासित तथा परिणाममुखी बनाउने महत्वपूर्ण माध्यमका रूपमा कार्य गर्दछ। यसले उपलब्ध स्रोत साधनलाई प्राथमिकताका आधारमा विनियोजन गर्दै बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूको वित्तीय सुनिश्चितता, कार्यान्वयन दक्षता र अपेक्षित विकास उपलब्धि हासिल गर्न मार्गदर्शन गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ को व्यवस्था अनुरूप तयार गरिएको यस दस्तावेजले गाउँपालिकाको कानुनी दायित्व पूरा गर्नुका साथै सार्वजनिक खर्चलाई दिगो विकास लक्ष्यसँग आबद्ध गरी प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु।

यस मध्यमकालीन खर्च संरचनाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सामाजिक विकास तथा आर्थिक समृद्धिका प्राथमिकताप्राप्त क्षेत्रहरूमा लगानीलाई व्यवस्थित गर्दै दिगो, समावेशी र गुणस्तरीय विकासलाई थप गति दिने अपेक्षा गरिएको छ।

अन्त्यमा, यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८३/८४ - २०८५/८६) तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने जनप्रतिनिधि, कर्मचारी, विषयगत समिति, सरोकारवाला निकाय तथा सम्पूर्ण सहयोगीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**परिच्छेद एक : परिचय ........ 1**

*१.१ पृष्ठभूमि ........ 1*

*१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ 1*

*१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ 2*

*१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ 2*

*१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ........ 3*

*१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ 4*

**परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना ........ 6**

*२.१ पृष्ठभूमि ........ 6*

*२.२ चुनौति तथा अवसर ........ 6*

*२.३ सोच, उद्देश्य तथा रणनीति ........ 7*

*२.४ मध्यमकालीन आर्थिक खाका ........ 9*

*२.५ मध्यमकालीन नतिजा खाका ........ 9*

*२.६ मध्यमकालीन बजेट खाका ........ 11*

*२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ........ 14*

*२.८ विषय क्षेत्रगत बाँडफाँड ........ 17*

**परिच्छेद तीन : आर्थिक क्षेत्र ........ 19**

*३.१ कृषि तथा सिचाई ........ 19*

*३.२ पशु विकास ........ 22*

*३.३ उद्योग तथा व्यापार ........ 24*

*३.४ पर्यटन तथा संस्कृति ........ 27*

*३.६ भूमि व्यवस्था, बैंक तथा सहकारी ........ 29*

*३.७ श्रम, रोजगारी तथा गरिवी न्यूनीकरण ........ 32*

**परिच्छेद चार : सामाजिक क्षेत्र ........ 36**

*४.१ शिक्षा, भाषा, कला तथा साहित्य ........ 36*

*४.२ स्वास्थ्य तथा पोषण ........ 40*

*४.३ खानेपानी तथा सरसरफाई ........ 44*

*४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ 46*

*४.५ युवा तथा खेलकुद ........ 50*

**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र....53**

*५.१ आवास, भवन तथा बस्ती विकास....53*

*५.२ सडक, पुल तथा यातायात....55*

*५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा....59*

*५.४ सूचना, सञ्चार तथा प्रविधि प्रवद्धन कार्यक्रम....62*

*६.१ वन, भू संरक्षण तथा जैविक विविधता....65*

*६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन....68*

*६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन....71*

**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र....75**

*७.१ नीति, कानून, न्याय तथा सुशासन....75*

*७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह....78*

*७.३ राजस्व तथा स्रोत परिचालन....80*

*७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन....83*

*अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल....87*

*अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन....88*

*अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण....94*

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

वार्षिक नीति, बजेट तथा कार्यक्रमलाई आवधिक योजनासँग प्रभावकारी रूपमा आबद्ध गरी सार्वजनिक स्रोत साधनको प्राथमिकताका आधारमा परिचालन गर्नु सार्वजनिक वित्त व्यवस्थापनको मूल उद्देश्य हो। यस उद्देश्य प्राप्तिका लागि मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework–MTEF) ले विनियोजन कुशलता, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन, पारदर्शिता र सुशासन अभिवृद्धि गर्दै विकासका लक्ष्यहरू हासिल गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

नेपालमा दशौं पञ्चवर्षीय योजनादेखि प्रारम्भ भएको MTEF को अभ्यास संघीय शासन प्रणाली लागू भएपछि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मार्फत स्थानीय तहका लागि समेत कानुनी रूपमा अनिवार्य गरिएको छ। यसले आवधिक योजना र वार्षिक बजेटबीच समन्वय कायम गर्दै सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने आधार तयार गर्दछ।

यसै सन्दर्भमा विनयी त्रिवेणी गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ का लागि तेस्रो मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरेको हो। यो दस्तावेज गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट, राजस्व सुधार कार्ययोजना, विषयगत रणनीति तथा उपलब्ध वित्तीय स्रोतको विश्लेषणका आधारमा तयार गरिएको छ। साथै, गाउँ कार्यपालिका, विषयगत समिति, MTEF कार्यदल, विषयगत शाखा, वडा कार्यालय तथा अन्य सरोकारवालाबाट प्राप्त सुझावलाई समेत समेटिएको छ।

यस खर्च संरचनाले बहुवर्षीय आयोजना तथा कार्यक्रमको वित्तीय सुनिश्चितता, स्रोत साधनको प्रभावकारी परिचालन, सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि तथा दिगो विकास लक्ष्यअनुरूप गाउँपालिकाको समग्र विकासलाई थप परिणाममुखी बनाउन मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework–MTEF) सार्वजनिक वित्त व्यवस्थापनको एक प्रभावकारी योजना तथा बजेट व्यवस्थापन प्रणाली हो। यसले आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट र उपलब्ध वित्तीय स्रोतबीच समन्वय कायम गरी प्राथमिकताका क्षेत्रहरूमा स्रोत साधनको न्यायोचित, मितव्ययी तथा परिणाममुखी परिचालन सुनिश्चित गर्दछ। सिमित स्रोत साधनको उच्चतम उपयोग गर्दै अपेक्षित विकास उपलब्धि हासिल गर्न MTEF ले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

मध्यमकालीन खर्च संरचनाका समष्टिगत वित्तीय खाका (Medium Term Fiscal Framework–MTFF), मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework–MTBF) र

मध्यमकालीन नतिजा खाका (Medium Term Results Framework–MTRF) गरी तीन प्रमुख अवयव हुन्छन्। MTFF ले आगामी तीन वर्षको आय व्यय, वित्तीय स्रोत तथा समष्टिगत वित्तीय अवस्थाको अनुमान प्रस्तुत गर्दछ। MTBF ले प्राथमिकताप्राप्त नीति, कार्यक्रम तथा आयोजनाका लागि आवश्यक बजेटको तीन वर्षे प्रक्षेपण गर्दछ भने MTRF ले सो बजेट कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित उपलब्धि तथा नतिजाको स्पष्ट रूपरेखा प्रस्तुत गर्दछ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षका लागि यथार्थपरक बजेट समावेश गरिन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। प्रत्येक आर्थिक वर्षमा कार्यान्वयनको समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपण परिमार्जन गर्दै थप एक वर्ष समावेश गरिने भएकाले MTEF लाई चक्रीय (Rolling) योजना प्रणाली भनिन्छ। यस प्रक्रियाले आवधिक योजना र वार्षिक बजेटबीच प्रभावकारी सम्बन्ध स्थापित गर्नुका साथै सार्वजनिक स्रोतको दक्ष, पारदर्शी र उत्तरदायी परिचालनमार्फत बजेट तर्जुमा तथा कार्यान्वयनलाई थप यथार्थपरक, परिणाममुखी र प्रभावकारी बनाउँछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मूल उद्देश्य गाउँपालिकाको नीति, आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रमबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गरी उपलब्ध स्रोत साधनको न्यायोचित, परिणाममुखी तथा दिगो परिचालन सुनिश्चित गर्नु हो। साथै, वित्तीय अनुशासन, पारदर्शिता, उत्तरदायित्व र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्नु यस संरचनाको प्रमुख लक्ष्य रहेको छ। यसका अतिरिक्त, मध्यमकालीन खर्च संरचनाले निम्न उद्देश्यहरू हासिल गर्ने अपेक्षा गरिएको छ:

१. गाउँपालिकाको आन्तरिक तथा बाह्य वित्तीय स्रोतको यथार्थ आकलन गरी मध्यम अवधिका लागि स्रोतको प्रक्षेपण तथा बजेट तर्जुमालाई यथार्थपरक बनाउने।
२. आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच प्रभावकारी तादात्म्य कायम गरी प्राथमिकताका क्षेत्रहरूमा स्रोत साधनको परिणाममुखी विनियोजन सुनिश्चित गर्ने।
३. दिगो विकास लक्ष्य, आवधिक योजनाका लक्ष्य तथा गाउँपालिकाका प्राथमिकताप्राप्त आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको सुनिश्चितता गर्ने।
४. सार्वजनिक खर्चको प्रभावकारिता, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्दै अपेक्षित प्रतिफल र विकास उपलब्धि हासिल गर्ने।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानुन, राष्ट्रिय तथा प्रदेशस्तरीय नीति, स्थानीय तहका योजना, दिगो विकास लक्ष्य तथा गाउँपालिकाको विकास प्राथमिकतालाई आधार बनाइएको छ। साथै, स्थानीय आवश्यकता, उपलब्ध स्रोत साधन, वित्तीय क्षमता, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच प्रभावकारी तादात्म्य कायम गरी परिणाममुखी सार्वजनिक वित्त व्यवस्थापन गर्ने उद्देश्यलाई केन्द्रमा राखिएको छ।

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा मुख्य रूपमा निम्न आधारहरू अवलम्बन गरिएको छः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८
- दिगो विकास लक्ष्य (Sustainable Development Goals–SDGs) तथा नेपाल सरकारको दिगो विकास लक्ष्यको राष्ट्रिय मार्गचित्र (२०१६ - २०३०)
- राष्ट्रिय दीर्घकालीन सोच, २१००
- सोह्रौं योजना (२०८१/८२ - २०८५/८६)
- नेपाल सरकारको नीति तथा कार्यक्रम तथा वार्षिक बजेट
- गण्डकी प्रदेश सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम तथा बजेट
- विनयी त्रिवेणी गाउँपालिकाको दोस्रो आवधिक योजना
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट
- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, विषयगत रणनीति, गुरुयोजना तथा क्षेत्रगत नीतिहरू
- गाउँपालिकाको वित्तीय अवस्था, उपलब्ध स्रोत साधन, बहुवर्षीय आयोजना तथा स्थानीय आवश्यकता र सरोकारवालाबाट प्राप्त सुझावहरू

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य (Sustainable Development Goals–SDGs) संयुक्त राष्ट्रसंघले सन् २०१५ मा स्वीकृत गरेको विश्वव्यापी विकास कार्यसूची हो, जसले सन् २०३० सम्म गरिबी न्यूनीकरण, समावेशी आर्थिक विकास, सामाजिक न्याय, वातावरण संरक्षण तथा सुशासनमार्फत दिगो र समृद्ध समाज निर्माण गर्ने लक्ष्य लिएको छ। यसअन्तर्गत १७ वटा लक्ष्य, १६९ वटा लक्षित उपलब्धि (Targets) र २३२ वटा विश्वव्यापी सूचकहरू निर्धारण गरिएका छन्। नेपालले पनि यी लक्ष्यहरू प्राप्त गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रिय योजना, नीति तथा बजेट प्रणालीमा दिगो विकास लक्ष्यलाई क्रमशः मूलप्रवाहीकरण गर्दै आएको छ। नेपालको राष्ट्रिय दीर्घकालीन सोच, २१००, सोह्रौं योजना (२०८१/८२ - २०८५/८६) तथा प्रदेश र स्थानीय तहका आवधिक योजनाहरूमा दिगो विकास लक्ष्यलाई विकास योजनाको अभिन्न आधारका रूपमा समावेश गरिएको छ। स्थानीय सरकार नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको सरकार भएकाले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाइ, स्थानीय पूर्वाधार, वातावरण संरक्षण, सामाजिक समावेशीकरण, विपद् जोखिम न्यूनीकरण, स्थानीय आर्थिक विकास तथा सुशासनजस्ता क्षेत्रमार्फत दिगो विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

मध्यमकालीन खर्च संरचना (MTEF) ले आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच समन्वय कायम गर्दै उपलब्ध सार्वजनिक स्रोतलाई दिगो विकास लक्ष्यसँग आबद्ध प्राथमिकताका क्षेत्रहरूमा विनियोजन गर्न सहयोग गर्दछ। यसले बहुवर्षीय आयोजना तथा कार्यक्रमको वित्तीय सुनिश्चितता, स्रोत साधनको प्रभावकारी परिचालन, सार्वजनिक खर्चको परिणाममुखी व्यवस्थापन तथा अपेक्षित विकास उपलब्धि हासिल गर्न मार्गदर्शन गर्दछ। विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचना गाउँपालिकाको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रदेशीय विकास नीति र स्थानीय आवश्यकता तथा सम्भावनालाई आधार मानी तयार गरिएको छ। यसमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा, लैङ्गिक समानता, सुशासन तथा स्थानीय आर्थिक विकासजस्ता प्राथमिकताका क्षेत्रहरूलाई दिगो विकास लक्ष्यसँग आबद्ध गरी बजेट विनियोजन र नतिजा व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका लक्ष्य, उद्देश्य, कार्यक्रम, सूचक तथा बजेट प्रक्षेपणलाई दिगो विकास लक्ष्यसँग यथासम्भव साङ्केतिक (SDG Tagging) रूपमा आबद्ध गरिएको छ। साथै, सार्वजनिक लगानीलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रहरूमा केन्द्रित गरी दिगो, समावेशी, जलवायु उत्थानशील (Climate Resilient) तथा परिणाममुखी विकासलाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ।

यसरी, मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको आवधिक योजना र दिगो विकास लक्ष्यबीच प्रभावकारी सेतुका रूपमा कार्य गर्दै उपलब्ध स्रोत साधनको न्यायोचित परिचालनमार्फत "व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ, स्वस्थ र समृद्ध विनयी त्रिवेणी गाउँ" को दीर्घकालीन सोच साकार पार्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचना (MTEF) राष्ट्रिय योजना आयोगद्वारा जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८, प्रचलित कानुन तथा गाउँपालिकाका नीतिगत दस्तावेजलाई आधार मानी तर्जुमा गरिएको हो। दस्तावेज तयारीका क्रममा सहभागितामूलक, तथ्यमा आधारित तथा परिणाममुखी योजना तर्जुमा प्रक्रियालाई अवलम्बन गरिएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा मुख्य रूपमा निम्न प्रक्रिया अवलम्बन गरिएको छः

१. **प्रारम्भिक तयारी तथा संस्थागत व्यवस्था**

   गाउँपालिकाको MTEF कार्यदल, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरूको सक्रिय सहभागितामा कार्ययोजना तयार गरी जिम्मेवारी निर्धारण गरिएको छ।

### २. नीतिगत तथा कानुनी दस्तावेजको अध्ययन

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८, सोह्रौं योजना, दिगो विकास लक्ष्य (SDGs), गण्डकी प्रदेशको योजना तथा गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, बजेट, राजस्व सुधार कार्ययोजना तथा अन्य सान्दर्भिक दस्तावेजहरूको अध्ययन तथा समीक्षा गरिएको छ।

### ३. तथ्याङ्क संकलन, समीक्षा तथा परामर्श

चालु आवधिक योजना, वार्षिक कार्यक्रम, बहुवर्षीय आयोजना तथा विषयगत योजनाको प्रगति समीक्षा गरी गाउँ कार्यपालिका, विषयगत समिति, शाखा, वडा कार्यालय तथा सरोकारवालासँग आवश्यक परामर्श र छलफल गरिएको छ।

### ४. स्रोत तथा खर्चको प्रक्षेपण

गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान लगायतका सम्भावित स्रोतको विश्लेषण गरी आगामी तीन आर्थिक वर्षका लागि स्रोत तथा खर्चको यथार्थपरक प्रक्षेपण तयार गरिएको छ। सोही आधारमा विषयगत बजेट सीमा निर्धारण गरिएको छ।

### ५. विषयगत मध्यमकालीन खर्च संरचना तयारी

विषयगत शाखाहरूबाट प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमहरूको पहिचान, लागत अनुमान, नतिजा सूचक, दिगो विकास लक्ष्य (SDG), लैङ्गिक उत्तरदायी बजेट तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी साङ्केतिकीकरण सहित विषयगत MTEF तयार गरिएको छ।

### ६. एकीकृत मस्यौदा तयारी र परामर्श

विषयगत (MTEF), समष्टिगत वित्तीय खाका (MTFF), बजेट खाका (MTBF) तथा नतिजा खाका (MTRF) लाई एकीकृत गरी (MTEF) को प्रारम्भिक मस्यौदा तयार गरिएको छ। उक्त मस्यौदामाथि गाउँ कार्यपालिका, विषयगत समिति तथा सम्बन्धित शाखाहरूसँग छलफल गरी आवश्यक सुझाव समावेश गरिएको छ।

### ७. स्वीकृति तथा कार्यान्वयन

प्राप्त सुझावका आधारमा परिमार्जित मस्यौदालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस गरी गाउँ कार्यपालिकाबाट स्वीकृतिपश्चात गाउँ सभामा पेश गरिएको छ। गाउँ सभाबाट स्वीकृत भएपछि यो आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचनाका रूपमा कार्यान्वयनमा ल्याइनेछ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework–MTEF) सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण उपकरण हो, जसले आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गरी उपलब्ध स्रोत साधनको प्राथमिकताका आधारमा विनियोजन तथा परिचालन गर्न सहयोग गर्दछ। यसले विनियोजन कुशलता, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्दै सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने आधार प्रदान गर्दछ।

नेपालमा दशौं योजनादेखि मध्यमकालीन खर्च संरचनाको अभ्यास प्रारम्भ भएको हो। संघीय शासन प्रणाली लागू भएपछि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सङ्घ, प्रदेश र स्थानीय तहलाई आगामी तीन आर्थिक वर्षको स्रोत तथा खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न कानुनी रूपमा अनिवार्य व्यवस्था गरेका छन्।

यसै कानुनी व्यवस्था तथा गाउँपालिकाको विकास प्राथमिकतालाई मध्यनजर गर्दै विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ - २०८५/८६ को मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो। यस संरचनाले गाउँपालिकाको दोस्रो आवधिक योजना, सोह्रौं योजना (२०८१/८२ - २०८५/८६), राष्ट्रिय दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य (SDGs), नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम तथा गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटलाई आधार मानेर प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमहरूका लागि स्रोतको सुनिश्चितता गर्ने उद्देश्य राखेको छ।

यस मध्यमकालीन खर्च संरचनामा आगामी तीन आर्थिक वर्षका लागि गाउँपालिकाको सम्भावित आय स्रोत, खर्चको प्रक्षेपण, क्षेत्रगत बजेट सीमा, प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रम, अपेक्षित नतिजा तथा वित्तीय व्यवस्थापनका आधारहरू समावेश गरिएको छ। यसले उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालनमार्फत दिगो, समावेशी तथा परिणाममुखी विकास हासिल गर्दै "व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ, स्वस्थ र समृद्ध विनयी त्रिवेणी गाउँ" भन्ने गाउँपालिकाको दीर्घकालीन सोच साकार पार्न मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

## २.२ चुनौति तथा अवसर

### चुनौती

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, स्थानीय तहको संवैधानिक अधिकार तथा दिगो विकास लक्ष्य (SDGs) अनुरूप विकासका लक्ष्य हासिल गर्नु स्थानीय सरकारका लागि प्रमुख चुनौती

रहेको छ। सिमित आन्तरिक स्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरणमा निर्भरता, बढ्दो विकास आवश्यकता तथा जनअपेक्षाबीच सन्तुलन कायम गर्दै प्रभावकारी सेवा प्रवाह गर्नु चुनौतीपूर्ण रहेको छ। कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, स्थानीय अर्थतन्त्रको सुदृढीकरण तथा निजी क्षेत्रको लगानी प्रवर्द्धन अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन। साथै, जलवायु परिवर्तन, प्राकृतिक विपद्, वातावरणीय क्षयीकरण तथा अव्यवस्थित शहरीकरणबाट उत्पन्न जोखिम व्यवस्थापन गर्नु पनि महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक, सूचना प्रविधि तथा अन्य आधारभूत सेवामा गुणस्तरीय पहुँच विस्तार, संस्थागत क्षमता अभिवृद्धि, दक्ष जनशक्ति व्यवस्थापन, वित्तीय अनुशासन कायम गर्दै सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्नु पनि गाउँपालिकाका प्रमुख चुनौतीहरू हुन्।

**अवसर**

संघीय शासन प्रणालीको सुदृढीकरणसँगै स्थानीय सरकारको योजना, बजेट तथा विकास व्यवस्थापनमा स्वायत्तता विस्तार हुनु गाउँपालिकाका लागि महत्वपूर्ण अवसर हो। संविधान तथा प्रचलित कानुनले स्थानीय तहलाई प्रदान गरेका अधिकार, अन्तरसरकारी समन्वय, वित्तीय हस्तान्तरण तथा विकास साझेदारसँगको सहकार्यले स्थानीय विकासलाई थप गति दिने आधार तयार भएको छ। विनयी त्रिवेणी गाउँपालिकामा कृषि, पर्यटन, प्राकृतिक स्रोत, धार्मिक तथा सांस्कृतिक सम्पदा, जलस्रोत र वनसम्पदाको पर्याप्त सम्भावना रहेको छ। यी क्षेत्रको दिगो उपयोगमार्फत कृषि व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, स्थानीय उद्यम विकास तथा रोजगारी सिर्जनाको अवसर विस्तार गर्न सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको विकास, डिजिटल सेवा प्रवाह, निजी क्षेत्रसँगको साझेदारी, सहकारी क्षेत्रको सुदृढीकरण तथा वैदेशिक रोजगारी र उच्च शिक्षाबाट फर्किएका दक्ष जनशक्तिको ज्ञान, सीप र अनुभवको उपयोगले स्थानीय आर्थिक तथा सामाजिक रूपान्तरणलाई थप गति दिने अवसर सिर्जना भएको छ। यस्तै, दिगो विकास लक्ष्य, हरित विकास, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा समावेशी विकासका क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारबाट प्राप्त हुने प्राविधिक तथा वित्तीय सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्य हासिल गर्ने पर्याप्त सम्भावना रहेको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा गाउँपालिकाको दीर्घकालीन सोच, दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८२/८३ - २०८६/८७), सोह्रौं योजना (२०८१/८२ - २०८५/८६), राष्ट्रिय दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य (SDGs), गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम तथा विनयी त्रिवेणी गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटलाई आधार बनाइएको छ।

### २.३.१ दीर्घकालीन सोच

"व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ, स्वस्थ र समृद्ध हाम्रो विनयी त्रिवेणी गाउँ।"

### २.३.२ लक्ष्य

स्थानीय स्रोत, साधन तथा सम्भावनाको अधिकतम उपयोग गर्दै व्यवसायिक कृषि, पर्यटन, उद्यमशीलता, गुणस्तरीय पूर्वाधार, सामाजिक विकास र सुशासनमार्फत उत्पादन, रोजगारी, आयआर्जन तथा जीवनस्तरमा सुधार गरी विनयी त्रिवेणी गाउँपालिकालाई आर्थिक, सामाजिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्नु।

### २.३.३ उद्देश्य

- स्थानीय स्रोत, साधन र सम्भावनामा आधारित कृषि, पर्यटन, उद्योग, व्यापार तथा उद्यमशीलताको विकासमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जन वृद्धि गर्नु।
- गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा अन्य आधारभूत सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्नु।
- प्राकृतिक स्रोत, जैविक विविधता तथा सांस्कृतिक सम्पदाको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणमार्फत दिगो तथा वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्नु।
- सुशासन, वित्तीय अनुशासन, डिजिटल सेवा प्रवाह तथा संस्थागत क्षमता अभिवृद्धिमार्फत प्रभावकारी, पारदर्शी र नागरिकमैत्री स्थानीय शासन प्रणाली विकास गर्नु।

### २.३.४ समष्टिगत रणनीति

उल्लेखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न गाउँपालिकाले देहायका रणनीतिहरू अवलम्बन गर्नेछ:

- व्यवसायिक, आधुनिकीकरण तथा यान्त्रीकरणमा आधारित कृषि, पशुपालन, वन तथा कृषि—आधारित उद्यमको विकास गर्दै स्थानीय उत्पादनको मूल्य शृङ्खला र बजारीकरणलाई प्रवर्द्धन गर्ने।
- पर्यटन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्ने।
- सडक, पुल, खानेपानी, सिँचाइ, ऊर्जा, सूचना प्रविधि तथा अन्य आधारभूत पूर्वाधारको गुणस्तरीय र दिगो विकास गर्ने।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा सीप विकासमार्फत मानव पूँजीको विकास र समावेशी सामाजिक विकासलाई प्राथमिकता दिने।
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई सबै विकास कार्यक्रमसँग एकीकृत गर्दै उत्थानशील विकासलाई प्रवर्द्धन गर्ने।
- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार गरी पारदर्शी, उत्तरदायी, नागरिकमैत्री र प्रभावकारी शासन प्रणाली विकास गर्ने।
- आन्तरिक राजस्वको दायरा विस्तार गर्दै वित्तीय अनुशासन, स्रोत परिचालन र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने।

- अन्तरसरकारी समन्वय, निजी क्षेत्र, सहकारी, समुदाय तथा विकास साझेदारसँगको सहकार्यलाई सुदृढ गरी विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच, गण्डकी प्रदेशको "समृद्ध प्रदेश, सुखी नागरिक" को विकास सोच तथा विनयी त्रिवेणी गाउँपालिकाको दीर्घकालीन सोच "व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ, स्वस्थ र समृद्ध हाम्रो विनयी त्रिवेणी गाउँ" लाई आधार मानी आगामी तीन आर्थिक वर्ष (२०८३/८४ - २०८५/८६) का लागि समष्टिगत आर्थिक लक्ष्य निर्धारण गरिएको छ। यस अवधिमा कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन वृद्धि, औसत पारिवारिक आयमा अभिवृद्धि, उद्योग—व्यवसाय विस्तार, उत्पादनमूलक रोजगारी सिर्जना तथा खाद्य सुरक्षामा सुधारलाई प्रमुख आर्थिक नतिजाका रूपमा लिइएको छ। समष्टिगत आर्थिक सूचकहरूको विगतको उपलब्धि, चालु आर्थिक वर्षको अनुमान तथा आगामी तीन वर्षको लक्ष्य तालिका २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.१ मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन खाका (प्रचलित मूल्यमा)

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वार्षिक उत्पादन | रु. लाखमा | ४५७३४ | ४८८५९ | ५५२६१ | ६१३७३ | ६७३९८ |
| १.१ | कृषि | रु. लाखमा | १०८१० | ११००७ | ११४३३ | ११७६१ | १२१०१ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | ३४९२५ | ३७७५२ | ४३८२८ | ४९६१३ | ५५२९८ |
| २ | औषत पारिवारिक आय | रु. लाखमा | १.१९ | १.२७ | १.४४ | १.६० | १.७६ |
| ३ | उद्योग, व्यापार र व्यावसाय | संख्या | ७७६१ | ८२०७ | ९२२७ | १०१२५ | १०९५० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | २६८६४ | २७४०१ | २७९४९ | २८५०८ | २९०७८ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० |

स्रोतः विनयी त्रिवेणी गाउँपालिकाको दोस्रो आवधिक योजना, विषयगत शाखाहरू तथा MTEF कार्यदलको प्रक्षेपण

## २.५ मध्यमकालीन नतिजा खाका

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य उपलब्ध स्रोत साधनलाई परिणाममुखी रूपमा परिचालन गर्दै गाउँपालिकाको आवधिक योजनामा निर्धारित लक्ष्य हासिल गर्नु हो। त्यसका लागि नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२ - २०८५/८६), राष्ट्रिय दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य (SDGs), गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम तथा विनयी त्रिवेणी गाउँपालिकाको दोस्रो आवधिक योजनालाई आधार मानी आगामी तीन आर्थिक वर्ष (२०८३/८४ - २०८५/८६) का लागि समष्टिगत तथा विषयगत नतिजा सूचक निर्धारण गरिएको छ।

नतिजा खाका तयार गर्दा आर्थिक वर्ष २०८१/८२ को वास्तविक उपलब्धि, आर्थिक वर्ष २०८२/८३ को अनुमानित उपलब्धि, गाउँपालिकाको आवधिक योजनामा उल्लेखित लक्ष्य, विषयगत रणनीति तथा उपलब्ध वित्तीय स्रोतको विश्लेषणलाई आधार बनाइएको छ। यस खाकामा कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पूर्वाधार, वातावरण, सुशासन, राजस्व परिचालन तथा सेवा प्रवाहसँग सम्बन्धित प्रमुख परिणाम सूचक समावेश गरिएको छ।

मध्यमकालीन नतिजा खाकाले आगामी तीन वर्षमा प्राप्त गर्नुपर्ने अपेक्षित उपलब्धिको स्पष्ट मार्गनिर्देशन प्रदान गर्नुका साथै योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा बजेटको प्रभावकारिता मापन गर्ने आधारका रूपमा कार्य गर्नेछ। प्रमुख विषयगत सूचक तथा मध्यमकालीन नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

तालिका २.२ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. उपलब्धि (२०८१/८२) | चालु आ.व. अनुमान (२०८२/८३) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| 1 | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ८३ | ८५ | ८७ | ९० | ९२ |
| 2 | सूचीकृत कृषक | संख्या | ५,२०० | ५,३५० | ५,५०० | ५,७०० | ६,००० |
| 3 | व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १,१२० | १,१५० | १,२०० | १,२५० | १,३०० |
| 4 | पर्यटक आगमन वृद्धि | प्रतिशत | ५ | ५.५ | ६ | ७ | ८ |
| 5 | उद्योग, व्यापार तथा उद्यम क्षेत्रमा रोजगारी | जना | २,२८३ | २,४५० | २,६५० | २,९०० | ३,१५० |
| 6 | वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | २,४१५ | २,७०० | ३,००० | ३,३०० | ३,६०० |
| 7 | विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | २,०९६ | २,२५० | २,४०० | २,६०० | २,८०० |
| 8 | स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिला | प्रतिशत | ३५ | ५० | ६५ | ८० | ९० |
| 9 | ५—१२ वर्ष उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिका | संख्या | ६० | ४५ | ३५ | २० | १० |
| 10 | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका ४—५ वर्षका बालबालिका | संख्या | ६,००० | ६,०८० | ६,१५० | ६,२०० | ६,२५० |
| 11 | कक्षा १२ उत्तीर्ण गर्ने विद्यार्थी | संख्या | ६५० | ७०० | ७५० | ८०० | ८५० |
| 12 | एक घर—एक धारा सुविधा पुगेका घरपरिवार | प्रतिशत | ६० | ६८ | ७५ | ८५ | ९० |
| 13 | सुरक्षित शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| 14 | वार्षिक लैङ्गिक तथा बाल हिंसाका घटना | संख्या | ४० | ३५ | ३० | २५ | २० |
| 15 | राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १२ | १५ | २० | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 16 | भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण भएका आवास | प्रतिशत | २ | ३ | ४ | ५ | ६ |
| 17 | स्तरोन्नति भएका सडक | कि.मि. | ८५५ | ९०० | ९५० | १,००० | १,०५० |
| 18 | विद्युत पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ |
| 19 | कम्प्युटर, इन्टरनेट तथा सूचना प्रविधिमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | १०० |
| 20 | वन तथा हरियाली क्षेत्र | हेक्टर | १४,५०० | १४,५०२ | १४,५०४ | १४,५०६ | १४,५०८ |
| 21 | स्रोतमै फोहर वर्गीकरण गर्ने परिवार | संख्या | ३,००० | ४,००० | ५,००० | ६,००० | ७,००० |
| 22 | वार्षिक विपदबाट प्रभावित घरपरिवार | संख्या | ५०० | ४५० | ३५० | २५० | २०० |
| 23 | नीति, कानून, निर्णय तथा सेवा प्रवाहप्रति सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| 24 | संस्थागत स्वमूल्यांकन (LGPAS) प्राप्ताङ्क | प्रतिशत | ७२ | ७५ | ७८ | ८२ | ८५ |
| 25 | वार्षिक आन्तरिक आय | रु. लाखमा | २८७ | ३२५ | ३६५ | ४१० | ४६० |
| 26 | समयमै सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ |

स्रोतः विनयी त्रिवेणी गाउँपालिकाको दोस्रो आवधिक योजना, विषयगत शाखाहरूको तथ्याङ्क तथा MTEF कार्यदलको प्रक्षेपण

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, क्रमागत आयोजना, विस्तृत अध्ययन सम्पन्न भएका आयोजना, स्थानीय आवश्यकता तथा प्राथमिकता, विनियोजन दक्षता, कार्यान्वयन क्षमता, अनुमानयोग्यता र वित्तीय सुशासनलाई मुख्य आधार बनाइएको छ।

यस मध्यमकालीन खर्च संरचनाले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय आर्थिक विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, समावेशी तथा सन्तुलित विकास, सामाजिक तथा आर्थिक रूपान्तरण र दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण, हरित विकास तथा उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणलाई समेत बजेट विनियोजनको महत्वपूर्ण आधारका रूपमा समेटिएको छ।
गाउँ गौरवका आयोजना, क्रमागत आयोजना, बहुवर्षीय दायित्व भएका आयोजना, विस्तृत अध्ययन सम्पन्न भएका आयोजना तथा तुलनात्मक लाभका क्षेत्रका कार्यक्रमहरूलाई आवश्यक स्रोत सुनिश्चित हुने गरी विषयगत बजेट सीमा निर्धारण गरिएको छ। आयोजना कार्यान्वयनको अवस्था, कार्यसम्पादन क्षमता, स्रोतको उपलब्धता तथा विकासको प्राथमिकतालाई ध्यानमा राखी बजेटको प्रक्षेपण गरिएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा गाउँपालिकाको आन्तरिक आयको प्रवृत्ति, राजस्व परिचालनको सम्भावना, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी, जनसहभागिता तथा अन्य सम्भावित स्रोतहरूलाई आधार बनाइएको छ। साथै आर्थिक गतिविधि, राजस्व विस्तार, वित्तीय अनुशासन तथा स्रोत परिचालनमा देखिन सक्ने जोखिमलाई समेत विश्लेषण गरी यथार्थपरक प्रक्षेपण गरिएको छ।

आर्थिक वर्ष २०८३/८४ को आय व्यय अनुमान तयार गर्दा चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान, जेठ मसान्तसम्मको वित्तीय प्रगति, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सीमा (Budget Ceiling), राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको अनुमानलाई आधार बनाइएको छ। त्यसैगरी आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को आय तथा व्यय प्रक्षेपण गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यमकालीन नतिजा सूचक, विषयगत रणनीति तथा अपेक्षित उपलब्धिका आधारमा तयार गरिएको छ।

यस अवधिमा बजेट विनियोजन गर्दा कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सडक तथा पूर्वाधार विकास, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सूचना प्रविधि, सुशासन, सेवा प्रवाह सुधार तथा संस्थागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिइएको छ।

मध्यमकालीन बजेट प्रक्षेपण अनुसार आगामी तीन आर्थिक वर्ष (२०८३/८४ - २०८५/८६) मा गाउँपालिकाको कुल बजेट रु. २ अर्ब ६४ करोड ४५ लाख २२ हजार (रु. २,६४४,५२२ हजार) रहने अनुमान गरिएको छ। यसमध्ये चालु खर्च रु. १ अर्ब ५९ करोड ८२ लाख ८७ हजार (करिब ६०.४३ प्रतिशत) तथा पुँजीगत खर्च रु. १ अर्ब ४ करोड ६२ लाख ३५ हजार (करिब ३९.५७ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ।

त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आय रु. १२ करोड ७५ लाख ७५ हजार (करिब ४.८२ प्रतिशत), राजस्व बाँडफाँटबाट रु. ५३ करोड ५१ लाख ९ हजार (करिब २०.२४ प्रतिशत), रोयल्टीबाट रु. ३० करोड ४९ लाख ९ हजार (करिब ११.५३ प्रतिशत), नेपाल सरकारबाट वित्तीय हस्तान्तरण रु. १ अर्ब ४६ करोड ११ लाख ८४ हजार (करिब ५५.२५ प्रतिशत), प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण रु. ८ करोड ८ लाख १७ हजार (करिब ३.०६ प्रतिशत) तथा जनसहभागिताबाट रु. ८८ लाख २७ हजार (करिब ०.३३ प्रतिशत) परिचालन हुने प्रक्षेपण गरिएको छ। विस्तृत विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ।

तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.सं. | विवरण | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ को अनुमान | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | तीन वर्षको कुल |
| १ | खर्च अनुमान | ६२८६८५ | ६३३५११ | ८४३६९० | ८३८८६५ | ८८०८०८ | ९२४८४९ | २६४४५२२ |
| | चालु खर्च | ३९५०८१ | ४००६१९ | ५०५६९४ | ४८०७३५ | ५०४७७२ | ५३००१० | १५१५५१७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुँजीगत खर्च | २३३६०४ | २३२८९२ | ३३७९९६ | ३५८१३० | ३७६०३६ | ३९४८३८ | ११२९००५ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| २ | आय अनुमान | ६५६६६१ | ७०३७३९ | ८४३६९० | ८३८८६५ | ८८०८०८ | ९२४८४९ | २६४४५२२ |
| २.१ | आन्तरिक आय | २५७५९ | २९०८८ | ३७९६८ | ४०४६८ | ४२४९१ | ४४६१६ | १२७५७५ |
| | सम्पति कर | ५०९ | ५६८ | १००० | ११०० | ११५५ | १२१३ | ३४६८ |
| | भुमि कर/ मालपोत | १४४६ | १५७५ | १७०० | १८०० | १८९० | १९८५ | ५६७५ |
| | वहाल कर | २५७४ | २१७६ | २५०० | २६०० | २७३० | २८६७ | ८१९७ |
| | वहाल विटौरी शुल्क | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | साना सवारी कर | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | मनोरञ्जन कर | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | जडिबुटी, जीवजन्तु र कवाडी कर | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | पर्यटन शुल्क | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | ० | ० | ६४५ | ७४५ | ७८२ | ८२१ | २३४८ |
| | अन्य विक्रीबाट प्राप्त रकम | ० | ० | ६२ | १६२ | १७० | १७९ | ५११ |
| | अन्य सेवा शुल्क तथा विक्री | ० | ० | २५ | १२५ | १३१ | १३८ | ३९४ |
| | न्यायिक दस्तुर | ० | ० | ५ | १०५ | ११० | ११६ | ३३१ |
| | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | १०० | २०० | २१० | २२१ | ६३१ |
| | परिक्षा शुल्क | ० | ० | ५ | १०५ | ११० | ११६ | ३३१ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | २४ | १२४ | १३० | १३७ | ३९१ |
| | पार्किङ शुल्क | ० | ० | ० | १०० | १०५ | ११० | ३१५ |
| | नक्शापास दस्तुर | २८८ | १५१२ | १७०० | १८०० | १८९० | १९८५ | ५६७५ |
| | सिफारिश दस्तुुर | ५९९४ | ३३३५ | ७००० | ७१०० | ७४५५ | ७८२८ | २२३८३ |
| | व्यक्तिगत घटना दस्तुर | ६०७ | ९०६ | १००० | ११०० | ११५५ | १२१३ | ३४६८ |
| | नाता प्रमाणित दस्तुर | १७२ | २५४ | ३०० | ४०० | ४२० | ४४१ | १२६१ |
| | अन्य दस्तुर | ५४१ | ९९९ | १००० | ११०० | ११५५ | १२१३ | ३४६८ |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४७५१ | ० | ५०० | ६०० | ६३० | ६६२ | १८९२ |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | २१३५ | ३७८२ | २२०२ | २३०२ | २४१७ | २५३८ | ७२५७ |
| | व्यवसाय कर | ६६०१ | १३७५२ | १८००० | १८००० | १८९०० | १९८४५ | ५६७४५ |
| | बेरुजु | १४२ | २२९ | २०० | ३०० | ३१५ | ३३१ | ९४६ |
| २.२ | राजस्व बाँडफाँडबाट प्राप्त आय | १०९७४३ | १२३०४८ | १६३१६७ | १६९७४१ | १७८२२८ | १८७१४० | ५३५१०९ |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | ७१३९२ | ७४६६२ | १०७४६४ | १०४१२८ | १०९३३४ | ११४८०१ | ३२८२६४ |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | ३८३५१ | ४८३८६ | ५५७०२ | ६५६१३ | ६८८९४ | ७२३३९ | २०६८४६ |
| २.३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ६३४३१ | १०२७६३ | ८९८०१ | ९६७२० | १०१५५६ | १०६६३४ | ३०४९०९ |
| | वन रोयल्टी | ६७०६ | ० | ८१५७ | ९००० | ९४५० | ९९२३ | २८३७३ |
| | खानी तथा खनिज रोयल्टी | ० | ० | १५० | ३०० | ३१५ | ३३१ | ९४६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | १२२९ | ० | १४९५ | १५०० | १५७५ | १६५४ | ४७२९ |
| | पानी तथा अन्य प्राकृतिक स्रोत, दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५५४९६ | १०२७६३ | ७९९९९ | ८५९२० | ९०२१६ | ९४७२७ | २७०८६२ |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ३८७११९ | ३९३५८६ | ४७९६८० | ४६३५०० | ४८६६७५ | ५११००९ | १४६११८४ |
| | वित्तीय समानीकरण अनुदान | १०७७७८ | १०६९०० | १२३९०० | १२५००० | १३१२५० | १३७८१३ | ३९४०६३ |
| | सशर्त अनुदान | २६४३६३ | २६३२५४ | २९१६८० | ३०७००० | ३२२३५० | ३३८४६८ | ९६७८१८ |
| | समपुरक अनुदान | ८००० | १५००० | ३६१०० | २१५०० | २२५७५ | २३७०४ | ६७७७९ |
| | विशेष अनुदान | ६९७८ | ८४३१ | २८००० | १०००० | १०५०० | ११०२५ | ३१५२५ |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | २४४८९ | २१६१४ | ३०६८१ | २५६३६ | २६९१८ | २८२६४ | ८०८१७ |
| | वित्तीय समानीकरण अनुदान | ११७९४ | १५६३१ | १५६८१ | १५६३६ | १६४१८ | १७२३९ | ४९२९२ |
| | सशर्त अनुदान | ७६९५ | ० | ११००० | ० | ० | ० | ० |
| | समपुरक अनुदान | ५००० | ४००० | ४००० | ६००० | ६३०० | ६६१५ | १८९१५ |
| | विशेष अनुदान | ० | १९८३ | ० | ४००० | ४२०० | ४४१० | १२६१० |
| 2.6 | अन्य अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| 2.7 | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० | ० |
| 2.8 | जनसहभागिता | ३४६२ | ३५६५ | ५६२० | २८०० | २९४० | ३०८७ | ८८२७ |
| 2.9 | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |
| | बचत (—) न्यून (+) | २७९७६ | ७०२२९ | ० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँड

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| रणनीतिक सङ्केत | रणनीतिक क्षेत्र | आयोजना कार्यक्रम संख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | रणनीति १ | ४ | ७२७५ | १% | ७६३९ | १% | ८०२१ | १% |
| २ | रणनीति २ | १२ | ३२४२२ | ४% | ३४०४३ | ४% | ३५७४५ | ४% |
| ३ | रणनीति ३ | १२ | ३८००८५ | ४५% | ३९९०८९ | ४५% | ४१९०४४ | ४५% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | रणनीति ४ | ८ | २४१९३० | २९% | २५४०२७ | २९% | २६६७२८ | २९% |
| ५ | रणनीति ५ | ६ | १६००० | २% | १६८०० | २% | १७६४० | २% |
| ६ | रणनीति ६ | ४ | १६११५३ | १९% | १६९२११ | १९% | १७७६७१ | १९% |
| जम्मा | | ४६ | ८३८८६५ | १००% | ८८०८०८ | १००% | ९२४८४९ | १००% |

## ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँड

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकता संकेत | आयोजना संख्या | आयोजना कार्यक्रम संख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| (P1) | पहिलो प्राथमिकता (P1) | २६ | ३९२३६० | ४७% | ४११९७७ | ४७% | ४३२५७६ | ४९% |
| (P2) | दोश्रो प्राथमिकता (P1) | २० | ४४६५०६ | ५३% | ४६८८३१ | ५३% | ४९२२७२ | ५६% |
| | जम्मा | ४६ | ८३८८६५ | १००% | ८८०८०८ | १००% | ८८०८०८ | १०५% |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँड

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २ | १८८२ | ०% | १९७६ | ०% | २०७५ | ०% |
| २ | शून्य भोकमरी | ५ | २२६२० | ३% | २३७५१ | ३% | २४९३९ | ३% |
| ३ | स्वस्थ जीवन | १ | ५४०१० | ६% | ५६७११ | ६% | ५९५४६ | ६% |
| ४ | गुणस्तरीय शिक्षा | ५ | २९०९२५ | ३५% | ३०५४७१ | ३५% | ३२०७४५ | ३५% |
| ५ | लैङ्गिक समानता | ० | ० | ०% | ० | ०% | ० | ०% |
| ६ | स्वच्छ पानी र सरसफाइ | १ | ७८०० | १% | ८१९० | १% | ८६०० | १% |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ३ | १२२५० | १% | १२८६३ | १% | १३५०६ | १% |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ९ | १५१९५ | २% | १५९५४ | २% | १६७५२ | २% |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ८ | १३८४८० | १७% | २४९३५४ | २८% | २६१८२२ | २८% |
| १० | असमानता न्यूनीकरण | १ | १९५५० | २% | २०५२८ | २% | २१५५४ | २% |
| ११ | दिगो शहर र बस्ती | १ | ९९००० | १२% | ० | ०% | ० | ०% |
| १२ | दिगो उपभोग र उत्पादन | २ | ३८५० | ०% | ४०४३ | ०% | ४२४५ | ०% |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २ | १००५० | १% | १०५५३ | १% | ११०८० | १% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०% | ० | ०% | ० | ०% |
| १५ | भूसतह स्रोतको उपयोग | २ | २१०० | ०% | २२०५ | ०% | २३१५ | ०% |
| १६ | शान्ति, न्याय र सबल संस्था | २ | १५७२०३ | १९% | १६५०६३ | १९% | १७३३१६ | १९% |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ३९५० | ०% | ४१४८ | ०% | ४३५५ | ०% |
| कुल जम्मा | | ४६ | ८३८८६५ | १००% | ८८०८०८ | १००% | ९२४८४९ | १००% |

## घ. लैंगिक संकेतको आधारमा बाँडफाँड

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ ।

तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत त्र | लैङ्गिक संकेत | आयोजना कार्यक्रम संख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट (१) | ६ | २४५३१ | ३% | २५७५७ | ३% | २७०४५ | ३% |
| २ | सहयोगी (२) | २८ | ७५६३३७ | ९०% | ७९४१५४ | ९०% | ८३३८६२ | ९०% |
| ३ | तटस्थ (३) | १२ | ५७९९७ | ७% | ६०८९७ | ७% | ६३९४२ | ७% |
| जम्मा | | ४६ | ८३८८६५ | १००% | ८८०८०८ | १००% | ९२४८४९ | १००% |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँड

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत | जलवायु संकेत | आयोजना कार्यक्रम संख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक (१) | ९ | २८२५० | ३% | २९६६३ | ४% | ३११४६ | ४% |
| २ | सान्दर्भिक (२) | १५ | ३२८४९५ | ३९% | ३४४९२० | ५१% | ३६२१६६ | ५१% |
| ३ | तटस्थ (३) | २२ | ४८२१२० | ५७% | ३०४९९३ | ४५% | ३२०२४३ | ४५% |
| जम्मा | | ४६ | ८३८८६५ | १००% | ६७९५७६ | १००% | ७१३५५५ | १००% |

## च. गाउँपालिका गौरवका आयोजना

गाउँपालिकाले गाउँको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गाउँ गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ

। गाउँ गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ ।

तालिका २.९: गाउँपालिकाका गौरवका आयोजना

| उपक्षेत्र | आयोजना÷कार्यक्रम | संख्या | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८३/८४ को विनियोजन | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| भवन, आवास, बस्ती तथा शहरी विकास | बिनयी त्रिवेणी गाउँपालिकाको प्रशासनिक भवन निर्माण आयोजना | १ | १०००० | ९९००० | ० | ० |
| सडक, पुल तथा यातायात | डाडाजोर घडेरीटाँडी पटुके सडक स्तरोन्नति | १ | १५००० | १६५०० | ० | ० |
| | सुनटाँडी कुनाटोल हुँदै आठघरे जाने बाटो स्तरोन्नति | १ | १००० | ९७०० | ० | ० |
| | मिलनचोक, शिवपुरगढी, त्रिवेणी, गजेन्द्रमोक्ष सडक | १ | ११५८५ | ३८३०० | ० | ० |
| | कनिकेसल, चुकाहा, भैंसेखोला सम्मको बाटो स्तरोन्नति | १ | १५००० | २४६०० | ० | ० |
| | दुम्किबास, डाडाजोर, सर्दी, देउराली हुँदै पाल्पा जाने मोटरबाटो स्तरोन्नति | १ | ४६९०० | १६७०० | ० | ० |
| | नयाँगाउँ, शान्तिनहर हुँदै चुकाहा सडक स्तरोन्नति | १ | ५००० | १८६०० | ० | ० |
| | कालिगोग्दी र कुसुन्डेमा कल्भर्ट निर्माण | १ | २६०० | १०५०० | ० | ० |
| कुल जम्मा | | | १०७०८५ | २३३९०० | ० | ० |

## २.८ विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ ।

तालिका २.१० : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.स. | विषय क्षेत्र उपक्षेत्र | आ.व. २०८३/८४ को व्यय अनुमान | | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| १ | कृषि, खाद्य सुरक्षा र सिंचाइ | १३८९५ | ९०३२ | ४८६३ | १४५९० | ९४८३ | ५१०६ | १५३१९ | ९९५८ | ५३६२ |
| २ | पशुंक्षी सेवा | ८७२५ | ६९८० | १७४५ | ९१६१ | ७३२९ | १८३२ | ९६१९ | ७६९५ | १९२४ |
| ३ | पर्यटन तथा संस्कृति | ६४०० | ४४८० | १९२० | ६७२० | ४७०४ | २०१६ | ७०५६ | ४९३९ | २११७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | ३१४५ | ९४४ | २२०२ | ३३०२ | ९९१ | २३१२ | ३४६७ | १०४० | २४२७ |
| ५ | भूमि व्यवस्था, बैंक, वित्तीय तथा सहकारी | ३५०० | २८०० | ७०० | ३६७५ | २९४० | ७३५ | ३८५९ | ३०८७ | ७७२ |
| ६ | श्रम, रोजगारी तथा गरिवी निवारण | ४०३२ | २०१६ | २०१६ | ४२३४ | २११७ | २११७ | ४४४५ | २२२३ | २२२३ |
| ७ | स्वास्थ्य तथा पोषण | ५४०१० | ४०५०८ | १३५०३ | ५६७११ | ४२५३३ | १४१७८ | ५९५४६ | ४४६६० | १४८८७ |
| ८ | शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य | २९०९२५ | २३२७४० | ५८१८५ | ३०५४७१ | २४४३७७ | ६१०९४ | ३२०७४५ | २५६५९६ | ६४१४९ |
| ९ | खानेपानी, सरसरफाई तथा स्वच्छता | ७८०० | १५६ | ७६४४ | ८१९० | १६४ | ८०२६ | ८६०० | १७२ | ८४२८ |
| १० | महिला, बालबालिका तथा लक्षित वर्ग | १९५५० | १६६१८ | २९३३ | २०५२८ | १७४४८ | ३०७९ | २१५५४ | १८३२१ | ३२३३ |
| ११ | युवा तथा खेलकुद | ७८०० | ३१२० | ४६८० | ८१९० | ३२७६ | ४९१४ | ८६०० | ३४४० | ५१६० |
| १२ | आवास, भवन तथा शहरी विकास | ३१८०० | ६३६ | ३११६४ | ३३३९० | ६६८ | ३२७२२ | ३५०६० | ७०१ | ३४३५८ |
| १३ | सडक, पुल तथा यातायात | १९१६५० | १९१७ | १८९७३४ | २०१२३३ | २०१२ | १९९२२० | २११२९४ | २११३ | २०९१८१ |
| १४ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | १२२५० | ६१३ | ११६३८ | १२८६३ | ६४३ | १२२१९ | १३५०६ | ६७५ | १२८३० |
| १५ | सूचना तथा सञ्चार प्रविधि | ६२३० | ९३५ | ५२९६ | ६५४२ | ९८१ | ५५६० | ६८६९ | १०३० | ५८३८ |
| १६ | वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण | २१०० | २१० | १८९० | २२०५ | २२१ | १९८५ | २३१५ | २३२ | २०८४ |
| १७ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ३८५० | ११६ | ३७३५ | ४०४३ | १२१ | ३९२१ | ४२४५ | १२७ | ४११७ |
| १८ | विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | १००५० | ४०२० | ६०३० | १०५५३ | ४२२१ | ६३३२ | ११०८० | ४४३२ | ६६४८ |
| १९ | स्थानीय नीति, कानून, न्याय तथा सुशासन | ३८५२ | ३६५९ | १९३ | ४०४५ | ३८४२ | २०२ | ४२४७ | ४०३४ | २१२ |
| २० | संगठन, मानव संशाधन र सेवा प्रवाह | १५३३५१ | १४५६८३ | ७६६८ | १६१०१९ | १५२९६८ | ८०५१ | १६९०६९ | १६०६१६ | ८४५३ |
| २१ | राजस्व तथा स्रोत परिचालन | ८५० | ७६५ | ८५ | ८९३ | ८०३ | ८९ | ९३७ | ८४३ | ९४ |
| २२ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ३१०० | २७९० | ३१० | ३२५५ | २९३० | ३२६ | ३४१८ | ३०७६ | ३४२ |
| | जम्मा | ८३८८६५ | ४८०७३५ | ३५८१३० | ८८०८०८ | ५०४७७२ | ३७६०३६ | ९२४८४९ | ५३००१० | ३९४८३८ |

आर्थिक वर्ष २०८३/०८४ को अनुमानित र पछिल्लो दुई वर्षको प्रक्षेपित विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

## परिच्छेद तीन : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि तथा सिचाई

### ३.१.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि क्षेत्र हो। गाउँपालिकाको करिब १६.५८ प्रतिशत भू-भाग कृषि योग्य रहेको छ। यहाँ धान, मकै, गहुँ, बेसार, दलहन तथा तेलहन बालीका साथै आलु, प्याज, गोलभेंडा, काउली, बन्दाकोपी लगायतका तरकारी तथा आँप, केरा, लिची, सुन्तला, कागती, उखु लगायतका फलफूलको उत्पादन हुने गर्दछ। पछिल्ला वर्षहरूमा व्यावसायिक तरकारी, मह, च्याउ तथा फलफूल खेती विस्तार हुँदै गएको छ।

पशुपालन कृषि क्षेत्रको महत्वपूर्ण अवयवका रूपमा रहेको छ। गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालनबाट स्थानीय आयआर्जनमा उल्लेखनीय योगदान पुगेको छ। दुग्ध उत्पादन, मासु उत्पादन तथा अन्य पशुजन्य उत्पादनमार्फत कृषकको आम्दानी वृद्धि भइरहेको छ।

गाउँपालिकाले कृषि आधुनिकीकरण, यान्त्रीकरण, कृषि व्यवसायीकरण, मूल्य श्रृङ्खला विकास, कृषि बजार व्यवस्थापन, शीत भण्डारण, कृषि सडक, कृषि बीमा, उन्नत बीउबिजन तथा कृषि प्रविधिको विस्तारलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली, सिँचाइ विस्तार तथा कृषि उत्पादनको विविधीकरणमार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी र दिगो बनाउने नीति अवलम्बन गरिएको छ।

### ३.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा साना तथा मझौला कृषकको बाहुल्यता रहेको छ। कृषि योग्य जमिनको खण्डीकरण, बाँझो जमिनको वृद्धि, कृषि क्षेत्रमा युवाशक्तिको पलायन, उत्पादन लागत वृद्धि तथा आधुनिक प्रविधिको सिमित प्रयोगले कृषि उत्पादकत्व अपेक्षित रूपमा बढ्न सकेको छैन।

कृषि क्षेत्रमा पर्याप्त सिँचाइ, कृषि सडक, शीत भण्डारण, संकलन केन्द्र, प्रशोधन उद्योग तथा बजार पूर्वाधारको अभाव रहेको छ। उन्नत बीउबिजन, मल, कृषि औजार तथा प्राविधिक सेवाको समयमै उपलब्धता सुनिश्चित गर्न चुनौती रहेको छ। उत्पादनलाई मूल्य श्रृङ्खला, कृषि उद्योग तथा बजारसँग प्रभावकारी रूपमा जोड्न नसक्दा कृषकले उचित मूल्य प्राप्त गर्न कठिनाइ भोगिरहेका छन्।

जलवायु परिवर्तन, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा नयाँ रोग कीराको प्रकोपले कृषि उत्पादनमा थप जोखिम सिर्जना गरेको छ। कृषि पेशालाई सम्मानजनक, प्रतिस्पर्धी तथा आकर्षक

बनाउँदै व्यावसायिक कृषिमा युवाको सहभागिता वृद्धि गर्नु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ।

### ३.१.३ सोच

"आधुनिक, व्यवसायिक, जलवायु उत्थानशील तथा प्रतिस्पर्धी कृषि प्रणालीमार्फत समृद्ध किसान र समुन्नत गाउँपालिका निर्माण गर्ने।"

### ३.१.४ उद्देश्य

१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।
२. कृषि क्षेत्रलाई व्यवसायिक, यान्त्रिक तथा बजारमुखी बनाउनु।
३. खाद्य तथा पोषण सुरक्षामा सुधार गर्दै कृषिमा आधारित रोजगारी र आयआर्जन वृद्धि गर्नु।
४. सिँचाइ सुविधा विस्तार गरी वर्षैंभरि खेतीयोग्य क्षेत्र वृद्धि गर्नु।

### ३.१.५ रणनीति

१. कृषि उत्पादन, उत्पादकत्व तथा मूल्य अभिवृद्धि वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने।
२. कृषि योग्य भूमिको संरक्षण, चक्लाबन्दी तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने।
३. उन्नत बीउ, मल, कृषि प्रविधि, यान्त्रीकरण तथा कृषि प्रसार सेवाको विस्तार गर्ने।
४. सिँचाइ पूर्वाधार, कृषि सडक, संकलन केन्द्र, शीतभण्डार तथा कृषि बजार पूर्वाधार विकास गर्ने।
५. कृषि बीमा, कृषि वित्त तथा सहकारीमार्फत कृषकको पहुँच विस्तार गर्ने।
६. जलवायु अनुकूल कृषि प्रणाली, जैविक खेती तथा स्मार्ट कृषि प्रविधिको प्रवर्द्धन गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ८३ | ८५ | ८७ | ९० | ९२ |
| कृषि व्यवसायमा संलग्न समूह र सहकारी | संख्या | १११ | १२७ | १४५ | १५५ | १६५ |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ८५ | ८५ | ८६ | ८८ | ८८ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व प्रति हेक्टर | मे.टन | ४ | ४.५ | ४.९ | ५.३ | ५.५ |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | १०५ | १३० | १५० | १७० | २०० |
| कुल तरकारी उत्पादन | मे.टन | १०२० | १०७१ | ११२५ | ११८१ | १२४० |
| कुल खाद्यान्न उत्पादन | मे.टन | ८४०० | ९४५० | १०२९० | ११९३० | ११५५० |
| मह उत्पादन | के जी | ५०० | ६०० | ७०० | ९०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च्याउ उत्पादन | मे.टन | २७ | २८ | २९ | ३०.५ | ३१ |
| १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ९७४ | १०२२ | १०७२ | ११०२ | ११५० |
| सूचीकृत कृषक | संख्या | २५५० | ५२०० | ५३०० | ५५०० | ५५०० |

## ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १३८९५ | ९०३२ | ४८६३ | ० | ३४९७ | ९८८५ | ५१३ | ० |
| २०८४/८५ | १४५९० | ९४८३ | ५१०६ | ० | ३६७२ | १०३७९ | ५३८ | ० |
| २०८५/८६ | १५३१९ | ९९५८ | ५३६२ | ० | ३८५६ | १०८९८ | ५६५ | ० |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | कृषि सम्बन्धी सूचना, प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण र प्रवर्द्धन गर्नु | सालबसाली | ९२२५ | वार्षिक ३० वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने |
| २ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | सिंचाइ सुविधा विस्तार गर्नु | सालबसाली | ४६७० | वार्षिक १० हेक्टर क्षेत्रफलमा १२ हैं सिंचाइ सुविधा उपलब्ध हुने |

## ३.१.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय, कृषि पूर्वाधार विकास, सिँचाइ विस्तार, उन्नत प्रविधिको प्रयोग तथा कृषकको क्षमता अभिवृद्धि भएमा कृषि उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि उद्यममा आकर्षित गर्न सकेमा रोजगारी तथा आयआर्जनमा सकारात्मक प्रभाव पर्नेछ।

तर जलवायु परिवर्तन, प्राकृतिक विपद्, मल तथा बीउको अभाव, कृषि क्षेत्रमा लगानीको कमी, कृषि बजारको अस्थिरता, रोग कीराको प्रकोप तथा युवाशक्तिको निरन्तर पलायनले अपेक्षित उपलब्धि हासिल गर्न जोखिम उत्पन्न हुन सक्नेछ। त्यसैले कृषि बीमा, जलवायु अनुकूल कृषि प्रविधि, कृषि पूर्वाधार विस्तार तथा बजार व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## ३.२ पशु विकास

### ३.२.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिकाको कृषि अर्थतन्त्रमा पशुपालन महत्वपूर्ण उपक्षेत्रका रूपमा रहेको छ। गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, बंगुर, सुँगुर, कुखुरा तथा माछापालन व्यवसाय सञ्चालन हुँदै आएको छ। पशुपालनबाट दूध, मासु, अण्डा, घ्यू, दही लगायतका पशुजन्य उत्पादन उपलब्ध भई स्थानीय खाद्य तथा पोषण सुरक्षामा योगदान पुगेको छ भने किसानको आयआर्जन तथा रोजगारी अभिवृद्धिमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

हाल गाउँपालिकामा व्यावसायिक पशुपालन फर्म, डेरी, दुग्ध चिस्यान केन्द्र तथा पशु सेवा केन्द्रहरूको विस्तार हुँदै गएको छ। आधुनिक प्रविधि, सुधारिएको नस्ल, कृत्रिम गर्भाधान, पशु स्वास्थ्य सेवा तथा उत्पादनमुखी कार्यक्रममार्फत पशुपालनलाई व्यवसायीकरण गर्ने प्रयास भइरहेको छ। आगामी वर्षहरूमा मूल्य शृङ्खला विकास, प्रशोधन तथा बजारीकरणसँग जोड्दै पशुपालनलाई प्रतिस्पर्धी र दिगो व्यवसायका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ।

### ३.२.२ समस्या तथा चुनौति

पशुपालन क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्

- व्यावसायिक पशुपालनका लागि आवश्यक पूर्वाधार, गोठ सुधार तथा आधुनिक प्रविधिको सिमित पहुँच।
- गुणस्तरीय पशु आहार तथा सुधारिएको नस्लको अपर्याप्त उपलब्धता।
- पशु स्वास्थ्य सेवा, प्रयोगशाला तथा भेटेरिनरी सेवाको सिमित पहुँच।
- पशुजन्य उत्पादनको संकलन, प्रशोधन, चिस्यान तथा बजारीकरण प्रणाली कमजोर हुनु।
- पशु रोग नियन्त्रण तथा जैविक सुरक्षा व्यवस्थापनमा चुनौती।
- युवा जनशक्तिको वैदेशिक रोजगारीतर्फ आकर्षणका कारण व्यावसायिक पशुपालनमा जनशक्ति अभाव।
- जलवायु परिवर्तन, महामारीजन्य पशुरोग तथा प्राकृतिक विपद्का कारण उत्पादनमा जोखिम।

### ३.२.३ सोच

"व्यावसायिक, प्रतिस्पर्धी तथा दिगो पशुपालनमार्फत आय, रोजगारी र पोषण सुरक्षामा वृद्धि।"

### ३.२.४ उद्देश्य

व्यावसायिक पशुपालनको विस्तार गरी पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आयआर्जन, रोजगारी सिर्जना तथा खाद्य एवं पोषण सुरक्षामा योगदान पुऱ्याउनु।

### ३.२.५ रणनीति

१. व्यावसायिक पशुपालन तथा सुधारिएको नस्ल विस्तार गर्ने।
२. पशु स्वास्थ्य, खोप, कृत्रिम गर्भाधान तथा प्राविधिक सेवा सुदृढ गर्ने।
३. पशुजन्य उत्पादनको संकलन, प्रशोधन, चिस्यान तथा बजारीकरण प्रणाली विकास गर्ने।
४. सहकारी तथा निजीक्षेत्रसँग साझेदारीमा मूल्य शृङ्खला विकास गर्ने।
५. पशुपालनमा युवा तथा महिला उद्यमशीलता प्रवर्द्धन गर्ने।
६. जैविक सूरक्षा पशुरोग नियन्त्रण तथा जलवायु अनुकूल पशुपालन प्रवर्द्धन गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १०९१ | ११२० | ११४५ | ११७५ | १२०० |
| व्यावसायिक फर्मको संख्या | संख्या | ७५ | ७८ | ८० | ८२ | ८५ |
| वार्षिक दुध उत्पादन (लिटर) | हजारमा | १७८५ | १८२० | १८५७ | १८९२ | १९२८ |
| वार्षिक मासु उत्पादन | मे.टन | १४४६ | १४६४ | १४८६ | १५०६ | १५२६ |
| सुधारिएको मासु पसल/कोल्डस्टोर | संख्या | २२६ | २३० | २४० | २५२ | २६७ |
| पशुपंक्षीजन्य उद्यम तथा व्यवसाय | संख्या | १६८ | १७५ | १८५ | १९५ | २०५ |
| माछा उत्पादन | मे.टन | ३ | ४ | ४.५ | ६ | ८ |
| डेरी तथा दुग्ध चिस्यान केन्द्र | संख्या | ६१ | ६३ | ६८ | ७२ | ७५ |
| समूहमा आवद्ध पशुपंक्षीपालन कृषक | संख्या | ३६० | ३९६ | ४१४ | ४३२ | ४५० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ८७२५ | ६९८० | १७४५ | ० | ० | ८७२५ | ० | ० |
| २०८४/८५ | ९१६१ | ७३२९ | १८३२ | ० | ० | ९१६१ | ० | ० |
| २०८५/८६ | ९६१९ | ७६९५ | १९२४ | ० | ० | ९६१९ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथाअपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | पशुपंक्षीपालनलाई व्यावसायीकरण तथा पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु | सालबसाली | ३५१३ | वार्षिक २५ वटा पशुपंक्षीपालन (१०), संकलन र प्रशोधन (१५) सम्बन्धी फर्म, उद्योग व्यवसाय सिर्जना, स्तरोन्नति र सञ्चालन हुने |
| ४ | पशुपंक्षीजन्य उत्पादन तथा बजारीकरण कार्यक्रम | पशुपंक्षीजन्य उत्पादनको प्रशोधन, विविधिकरण र बजार प्रवर्द्धन गर्नु | सालबसाली | ३५१३ | वार्षिक १० वटा दुध, मासु, अण्डाको संकलन, प्रशोधन, वध, चिस्यान तथा विक्री केन्द्र स्थापना तथा व्यवस्थित रूपमा सञ्चालन हुने |
| ५ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | १७०० | वार्षिक ८०,००० जना कृषकले सहज रूपमा पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका हुने |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबीचको प्रभावकारी समन्वय, पर्याप्त बजेट तथा प्राविधिक जनशक्ति उपलब्ध हुने, निजी क्षेत्र तथा सहकारीको लगानी वृद्धि हुने तथा किसानको व्यावसायिक सहभागिता बढ्ने आधारमा यस उपक्षेत्रका लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ। तर, पशुरोगको महामारी, जलवायु परिवर्तन, प्राकृतिक विपद्, पशु आहारको मूल्य वृद्धि, गुणस्तरीय नस्लको अभाव, बजार मूल्यमा अस्थिरता, दक्ष जनशक्तिको कमी तथा वैदेशिक रोजगारीका कारण श्रमशक्ति पलायन जस्ता जोखिमहरूले अपेक्षित नतिजामा प्रभाव पार्न सक्ने सम्भावना रहन्छ। त्यसैले जैविक सुरक्षा, पशु स्वास्थ्य व्यवस्थापन, बीमा, जोखिम न्यूनीकरण तथा बजार व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

## ३.३ उद्योग तथा व्यापार

### ३.३.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिका औद्योगिक तथा व्यापारिक सम्भावना भएको स्थानीय तह हो। गाउँपालिकाभित्र सञ्चालित होङ्सी शिवम् सिमेन्ट उद्योग, सीजी सिमेन्ट उद्योग लगायतका ठूला उद्योगहरूले स्थानीय अर्थतन्त्र, रोजगारी तथा राजस्व वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यसका अतिरिक्त कृषि तथा वन पैदावारमा आधारित घरेलु तथा साना उद्योगहरू, जस्तै मह, अदुवा, बेसार, कफी, भटमास, मसला तथा अन्य कृषि उत्पादनमा आधारित उद्यम विस्तार हुँदै गएका छन्। गाउँपालिकामा उद्योग तथा व्यापार दर्ता, उद्यम विकास, सीपमूलक तालिम, लघु उद्यम प्रवर्द्धन तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत स्थानीय उत्पादनलाई मूल्य अभिवृद्धि गर्दै बजारसँग जोड्ने प्रयास भइरहेको छ। स्थानीय स्रोत, कच्चा पदार्थ तथा श्रमशक्तिको उपयोग गरी उत्पादनमूलक उद्योग, उद्यमशीलता तथा व्यापार विस्तार गर्दै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ।

### ३.३.२ समस्या तथा चुनौति

उद्योग तथा व्यापार क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू निम्नानुसार रहेका छन्

- कृषि, वन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको पर्याप्त विकास हुन नसक्नु।
- उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार, विद्युत, सडक तथा औद्योगिक सेवाको सिमित उपलब्धता।
- स्थानीय उत्पादनको ब्रान्डिङ, प्रशोधन तथा बजार पहुँच कमजोर हुनु।
- दक्ष जनशक्ति तथा उद्यमशील सीपको अभाव।
- उद्योगजन्य वातावरणीय प्रदूषण तथा फोहोर व्यवस्थापनमा चुनौती।
- उद्योग तथा व्यवसाय दर्ता, नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक क्षमता अभिवृद्धिको आवश्यकता।
- निजी क्षेत्रको लगानी आकर्षण तथा वित्तीय पहुँच सिमित हुनु।

### ३.४.३ सोँच

"प्रतिस्पर्धी उद्योग, व्यवस्थित व्यापार र उद्यमशीलतामार्फत समृद्ध स्थानीय अर्थतन्त्र।"

### ३.४.४ उद्देश्य

१. स्थानीय स्रोत, साधन तथा सीपमा आधारित उद्योग तथा उद्यमको विकास गरी उत्पादन, रोजगारी र आय वृद्धि गर्नु।
२. व्यापार तथा व्यवसायलाई व्यवस्थित, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउँदै स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउनु।

### ३.४.५ रणनीति

१. कृषि, वन तथा खनिजमा आधारित साना, घरेलु तथा लघु उद्योगको प्रवर्द्धन गर्ने।
२. उद्यम विकास, सीपमूलक तालिम तथा नवप्रवर्तनमार्फत युवा उद्यमशीलता प्रवर्द्धन गर्ने।
३. स्थानीय उत्पादनको प्रशोधन, ब्रान्डिङ, बजारीकरण तथा मूल्य शृङ्खला विकास गर्ने।
४. उद्योग तथा व्यापारका लागि आवश्यक पूर्वाधार तथा लगानीमैत्री वातावरण निर्माण गर्ने।
५. उद्योग तथा व्यवसायको दर्ता, नियमन, अनुगमन तथा डिजिटल सेवा प्रणाली सुदृढ गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वास्तविक उपलब्धी | | | | |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ३०० | ४८५ | ६१८ | ७६८ | ९६८ |
| गाउँपालिकामा दर्ता भएका उद्योग | संख्या | १७ | ४० | ९८ | १२५ | १५० |
| गाउँपालिकाकामा दर्ता व्यापार व्यवसाय | संख्या | ७४४ | ८१२९ | ९१२९ | १०००० | १०८०० |
| व्यावसायिक र प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | ३०० | ४८५ | ६१८ | ७६८ | ९६८ |
| व्यवसाय करबाट संकलित राजस्व | रू. हजारमा | २६८८ | ३०९१ | ३५५५ | ४०८८ | ४७०१ |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | १४७ | १४८ | १४९ | १५० | १५२ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ३०० | ४८५ | ६१८ | ७६८ | ९६८ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र वार्षिक कारोवार | रु. लाखमा | ४००७३ | ४२०६ | ४४१८० | ४६३८९ | ४८७०८ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा लगानी | प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.५ |

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३१४५ | ९४४ | २२०२ | ० | १७४९ | १३९६ | ० | ० |
| २०८४/८५ | ३३०२ | ९९१ | २३१२ | ० | १८३६ | १४६६ | ० | ० |
| २०८५/८६ | ३४६७ | १०४० | २४२७ | ० | १९२८ | १५३९ | ० | ० |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | सेवा, उत्पादन र रोजगारी वृद्धि गर्नु | सालबसाली | 1573 | वार्षिक ८९० वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने |
| ७ | गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | लघु उद्यमको सिर्जना र विकास द्वारा न्यून आय भएका तथा विपन्न वर्गको गरिबी घटाउनु | सालबसाली | 1573 | वार्षिक ७० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबीच प्रभावकारी समन्वय, निजी क्षेत्रको लगानी वृद्धि, उद्योगमैत्री नीति तथा पूर्वाधार विकास, वित्तीय पहुँच विस्तार र स्थानीय उत्पादनको बजार सुनिश्चित भएमा उद्योग तथा व्यापार क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्ने अनुमान गरिएको छ।

तर आर्थिक मन्दी, लगानीमा कमी, उद्योगजन्य वातावरणीय समस्या, दक्ष जनशक्तिको अभाव, बजार अस्थिरता, ऊर्जा आपूर्तिमा समस्या, प्राकृतिक विपद् तथा नीतिगत परिवर्तनजस्ता जोखिमहरूले यस क्षेत्रको अपेक्षित नतिजामा प्रभाव पार्न सक्ने सम्भावना रहेको छ। त्यसैले लगानीमैत्री वातावरण, पूर्वाधार विकास, उद्यम प्रवर्द्धन, बजार व्यवस्थापन तथा वातावरणीय मापदण्डको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिइनेछ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिका प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाले सम्पन्न स्थानीय तह हो। यहाँ अवस्थित दाउन्ने देवी मन्दिर, दाउन्ने बौद्ध गुम्बा, नारायणी नदी तट, त्रिवेणीधाम, गजेन्द्रमोक्षधाम तथा विनयी रानी गुम्बा लगायतका धार्मिक एवं पर्यटकीय स्थलहरूले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्दै आएका छन्। विशेषगरी भारतीय धार्मिक पर्यटकहरूको उल्लेखनीय आगमन हुने गरेको छ।

गाउँपालिकामा धार्मिक पर्यटन, प्राकृतिक पर्यटन, सांस्कृतिक पर्यटन तथा ग्रामीण पर्यटनको विकास गर्ने पर्याप्त सम्भावना रहेको छ। पर्यटन पूर्वाधारको विकास, सम्पदाको संरक्षण, प्रचारप्रसार तथा स्थानीय समुदायको सहभागितामार्फत पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना र आयआर्जनको प्रमुख आधारका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटन क्षेत्रको पर्याप्त सम्भावना हुँदाहुँदै पनि पर्यटकीय पूर्वाधारको अपर्याप्तता, पर्यटकमैत्री सेवा सुविधाको अभाव, सिमित बजेट, प्रभावकारी प्रचारप्रसारको कमी तथा पर्यटन व्यवस्थापन प्रणाली कमजोर हुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्। साथै, होमस्टे, होटल तथा पर्यटन व्यवसायमा निजी क्षेत्रको न्यून लगानी र दक्ष जनशक्तिको अभावले पर्यटन विकास अपेक्षित रूपमा अघि बढ्न सकेको छैन।

पर्यटन क्षेत्रको दिगो विकासका लागि पर्यटकीय पूर्वाधार विस्तार, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटन प्रवर्द्धन, निजी क्षेत्रसँग सहकार्य, होमस्टे तथा स्थानीय पर्यटन व्यवसायको विकास, पर्यटकमैत्री सेवा विस्तार तथा पर्यटन गन्तव्यहरूको प्रभावकारी व्यवस्थापन प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### ३.५.३ सोच

"पर्यटन, संस्कृति र सम्पदाको संरक्षणमार्फत समृद्ध गाउँपालिकाको निर्माण।"

### ३.५.४ उद्देश्य

पर्यटन तथा सांस्कृतिक सम्पदाको संरक्षण, विकास र प्रवर्द्धन गर्दै पर्यटनलाई स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा आयआर्जनको महत्वपूर्ण आधारका रूपमा विकास गर्नु।

### ३.५.५ रणनीति

१. धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्यहरूको संरक्षण, विकास र स्तरोन्नति गर्ने।
२. पर्यटन पूर्वाधार, सेवा सुविधा, होमस्टे तथा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने।
३. स्थानीय कला, संस्कृति, परम्परा तथा सम्पदाको संरक्षण गर्दै पर्यटनसँग आबद्ध गर्ने।
४. पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी प्रचारप्रसार, ब्रान्डिङ तथा डिजिटल माध्यमको उपयोग गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | हजारमा | १० | १२ | १३ | १४ | १५ |
| पर्यटकीय संख्यामा वद्धि | प्रतिशत | ४.८ | ५ | ५.५ | ६ | ७ |
| व्यवस्थित र स्तरोन्नत पर्यटकीय सम्पदा र गन्तव्य | संख्या | १० | ११ | १२ | १३ | १५ |
| संरक्षित र प्रवर्द्धित साँस्कृतिक सम्पदा | संख्या | ५ | ६ | ६ | ७ | ८ |
| उपलब्ध पर्यटकीय सेवा तथा सुविधाको प्रकार | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| पर्यटन सम्बन्धी अध्ययन र अनुसन्धान (वार्षिक) | संख्या | ० | १ | २ | ३ | ३ |
| प्राकृतिक र सांस्कृतिक पर्यटनमा क्रियाशिल संरचना र संस्था | संख्या | ५ | ५ | ६ | ८ | १० |
| कला तथा संस्कृतीमा क्रियाशिल श्रष्टा | जना | १० | १० | १० | १० | १२ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ६४०० | ४४८० | १९२० | ० | १७४९ | ४६५१ | ० | ० |
| २०८४/८५ | ६७२० | ४७०४ | २०१६ | ० | १८३६ | ४८८४ | ० | ० |
| २०८५/८६ | ७०५६ | ४९३९ | २११७ | ० | १९२८ | ५१२८ | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | पर्यटन पुर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसंभार कार्यक्रम | पर्यटकीय गन्तव्य र सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्नु | सालबसाली | १७८३ | विभिन्न १० वटा पर्यटकीय पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मतसंभार हुने |
| ७ | पर्यटकीय सेवा सुविधा विस्तार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार गर्नु | सालबसाली | १७८३ | विभिन्न ५ प्रकारका सेवा तथा सुविधा थप तथा विस्तार हुने |
| ८ | संस्कृति तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन गरी पर्यटनसँग जोड्नु | सालबसाली | १७८३ | कम्तीमा १० प्रकार संस्कृति तथा सम्पदाको संरक्षण र व्यवस्थापन हुने |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

पर्यटन क्षेत्रको सफल विकासका लागि संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र तथा समुदायबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहनेछ। पर्यटन पूर्वाधारमा पर्याप्त लगानी, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सुरक्षित तथा गुणस्तरीय सेवा सुविधा, प्रभावकारी प्रचारप्रसार तथा निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चित भएमा अपेक्षित उपलब्धि हासिल गर्न सहज हुनेछ। तर, प्राकृतिक विपद्, महामारी, अपर्याप्त लगानी, पूर्वाधार विकासमा ढिलाइ, कमजोर व्यवस्थापन तथा पर्यटक आकर्षित गर्ने कार्यक्रमहरूको अभावले निर्धारित लक्ष्य हासिल गर्न जोखिम उत्पन्न हुन सक्नेछ। त्यसैले जोखिम न्यूनीकरण, दिगो पर्यटन विकास र प्रभावकारी व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेछ।

## ३.६ भूमि व्यवस्था, बैंक तथा सहकारी

### ३.६.१ पृष्ठभूमि

भूमि व्यवस्थापन, वित्तीय पहुँच विस्तार तथा सहकारी क्षेत्रको सुदृढीकरण स्थानीय आर्थिक विकासका प्रमुख आधारहरू हुन्। संघीय सरकारसँगको समन्वयमा अव्यवस्थित बसोबासी, भूमिहीन दलित तथा सुकुम्बासीहरूको पहिचान, अभिलेखीकरण र व्यवस्थापनको कार्य क्रमशः अगाडी बढिरहेको छ।

गाउँपालिकामा विभिन्न वाणिज्य बैंक, विकास बैंक, वित्तीय संस्था तथा लघुवित्त संस्थाहरू सञ्चालनमा रहेका छन्। यी संस्थाहरूले बचत परिचालन, कर्जा प्रवाह तथा वित्तीय सेवा उपलब्ध गराई स्थानीय उद्योग, कृषि, व्यापार तथा उद्यमशीलताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

त्यसैगरी बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय, दुग्ध, उपभोक्ता तथा अन्य प्रकृतिका सहकारी संस्थाहरूले स्थानीय स्तरमा बचत परिचालन, उत्पादनमूलक लगानी, रोजगारी सिर्जना तथा वित्तीय समावेशीकरणमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन्। सहकारी क्षेत्रलाई उत्पादनमुखी, पारदर्शी र सुशासित बनाउँदै स्थानीय आर्थिक विकासको साझेदारका रूपमा विकास गर्न आवश्यक रहेको छ।

### ३.६.२ समस्या तथा चुनौति

भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्य अझै पूर्ण हुन सकेको छैन। भू उपयोग योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा भूमि व्यवस्थापनमा चुनौती देखिएको छ।

विपन्न तथा पिछडिएका समुदायको बैंक तथा वित्तीय सेवामा सिमित पहुँच, उत्पादनमूलक क्षेत्रमा कर्जाको न्यून उपयोग, वित्तीय साक्षरताको कमी, सहकारी संस्थाहरूमा सुशासनको चुनौती, केही सहकारीहरूको कमजोर वित्तीय अवस्था तथा उद्देश्यअनुसार सञ्चालन हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

सहकारी क्षेत्रलाई कानुन तथा सहकारी सिद्धान्तअनुसार व्यवस्थित सञ्चालन गर्नु, वित्तीय पहुँच र वित्तीय साक्षरता विस्तार गर्नु, उत्पादनमूलक लगानी अभिवृद्धि गर्नु तथा भूमि व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ३.६.३ सोच

"व्यवस्थित भूमि, सुदृढ वित्तीय प्रणाली र सुशासित सहकारीमार्फत समावेशी तथा दिगो आर्थिक समृद्धि।"

### ३.६.४ उद्देश्य

१. भूमि व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउनु।
२. बैंक, वित्तीय संस्था तथा सहकारीमार्फत वित्तीय समावेशीकरण, उत्पादनमूलक लगानी र उद्यमशीलताको विकास गर्नु।
३. सहकारी संस्थालाई सुशासित, उत्पादनमुखी तथा दिगो बनाउनु।

### ३.६.५ रणनीति

१. अव्यवस्थित बसोबासी, भूमिहीन तथा सुकुम्बासीको व्यवस्थापन तथा भू उपयोगयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउने।

२. बैंक, वित्तीय संस्था तथा सहकारीमार्फत उत्पादनमूलक क्षेत्रमा लगानी र वित्तीय पहुँच विस्तार गर्ने।
३. सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता, क्षमता विकास तथा नियमनलाई सुदृढ गर्ने।
४. वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी स्थानीय नागरिकको वित्तीय पहुँच र क्षमता अभिवृद्धि गर्ने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ

| सूचक | एकाइ | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सेवा सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ४१ | ४२ | ४४ | ४७ | ५० |
| सूचारू सहकारी संस्था | संख्या | २०३ | २०४ | २०६ | २०८ | २१० |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | २१०० | २४१५ | २७७७ | ३१९४ | ३६७३ |
| बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रू. लाखमा | २५४३४० | २८४८६१ | ३१९०४४ | ३५७३२९ | ४००२०९ |
| बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ५४ | ६० | ६७ | ७२ | ७५ |
| भू उपयोग योजना कार्यान्वयन भएका वडा | संख्या | ० | ६ | ८ | १२ | १६ |
| अव्यवस्थित बसोबासी घरपरिवार | संख्या | ४५०० | ४२०० | ४००० | ३५०० | ३००० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, तथा सहकारी उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३५०० | २८०० | ७०० | ० | ६९९ | २८०१ | ० | ० |
| २०८४/८५ | ३६७५ | २९४० | ७३५ | ० | ७३४ | २९४१ | ० | ० |
| २०८५/८६ | ३८५९ | ३०८७ | ७७२ | ० | ७७१ | ३०८८ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

:

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११ | सहकारी, प्रबर्द्धन कार्यक्रम | उत्पादन, सेवा तथा वित्तीय सेवामा सहकारीको परिचालन अभिवृद्धि गर्नु | सालबसाली | 1167 | सहकारीको क्षेत्रको विकास तथा विस्तार र वित्तिय सेवामा सर्वसाधारणको सहज पहुँच कायम हुनेछ । |
| १२ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | वित्तिय संस्थाको क्षमता अभिवृद्धी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | 1167 | वार्षिक ५२४ जनाले वित्तीय साक्षरता सहभागि भइ वित्तीय सेवामा पहुँच हुने |
| १३ | भूमी व्यवस्थापन कार्यक्रम | सार्वजनिक जग्गाको संरक्षण, परिचालन र अव्यस्थित बसोबासी व्यवस्थापनमा सहजीकरण गर्नु | सालबसाली | 1167 | पहिचान तथा अभिलेखीकरण भएका १३,९०१ सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका जग्गा तथा बसोबासको व्यवस्था भएको हुने |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

बैंक तथा वित्तीय संस्था, सहकारी र स्थानीय सरकारबीच प्रभावकारी समन्वय, सहकार्य तथा नियमन कायम भएमा वित्तीय पहुँच विस्तार, उत्पादनमूलक लगानी वृद्धि तथा स्थानीय आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। वित्तीय साक्षरता कार्यक्रम, सहुलियतपूर्ण कर्जा तथा सहकारीमार्फत उत्पादन र उद्यमशीलताको प्रवर्द्धनले रोजगारी सिर्जना तथा आयआर्जनमा योगदान पुग्नेछ।

तर, सहकारी क्षेत्रमा सुशासनको कमी, कमजोर वित्तीय अनुशासन, निष्क्रिय लगानी, आर्थिक मन्दी, नीति कार्यान्वयनमा ढिलाइ तथा भूमि व्यवस्थापन प्रक्रियामा हुने विलम्बले अपेक्षित उपलब्धि हासिल गर्न जोखिम उत्पन्न गर्न सक्छ। त्यसैले प्रभावकारी नियमन, पारदर्शिता, क्षमता विकास तथा अन्तरसरकारी समन्वयलाई प्राथमिकता दिइनेछ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी न्यूनीकरण

### ३.७.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक विकासमा श्रम, रोजगारी र उद्यमशीलताको महत्वपूर्ण भूमिका रहेको छ। गाउँपालिकामा कृषि, पशुपालन, उद्योग, व्यापार, पर्यटन तथा सेवा क्षेत्रमा रोजगारीका अवसर विस्तार भइरहे पनि ठूलो संख्यामा युवा जनशक्ति वैदेशिक रोजगारीमा निर्भर रहेको अवस्था छ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याए पनि उत्पादनशील क्षेत्रमा पर्याप्त लगानी हुन सकेको छैन।

गाउँपालिकाका अधिकांश घरपरिवारको मुख्य आम्दानी कृषि तथा पशुपालनमा आधारित रहेको छ भने सेवा, व्यापार, वैदेशिक रोजगारी र ज्याला मजदुरी पनि प्रमुख आयस्रोतका रूपमा रहेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन (SaMi), सीप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रममार्फत स्थानीय रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने प्रयास भइरहेको छ।

दिगो विकास लक्ष्य SDG–1: गरिबी अन्त्य, SDG–8: मर्यादित रोजगारी तथा आर्थिक वृद्धि तथा नेपालको पन्ध्रौं योजना र स्थानीय आवधिक योजनाले रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेका छन्।

### ३.७.२ समस्या तथा चुनौति

गाउँपालिकामा पर्याप्त औपचारिक रोजगारीका अवसरको अभाव, दक्ष जनशक्तिको वैदेशिक पलायन, स्थानीय उद्योग तथा उद्यमको सिमित विस्तार, सीपमूलक तालिमको अपर्याप्तता तथा वित्तीय सेवामा विपन्न वर्गको सिमित पहुँच प्रमुख चुनौतीका रूपमा रहेका छन्।

त्यसैगरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको आर्थिक सहभागिता कमजोर रहनु, रोजगारसम्बन्धी तथ्याङ्क तथा श्रम सूचना प्रणाली व्यवस्थित नहुनु, नयाँ प्रविधिअनुसार दक्ष जनशक्ति उत्पादनमा कमी हुनु तथा बहुआयामिक गरिबी न्यूनीकरणका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न कठिनाइ हुनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ३.७.३ सोच

"उत्पादनशील रोजगारी, सीपयुक्त जनशक्ति र गरिबीमुक्त समृद्ध विनयी त्रिवेणी।"

### ३.७.४ उद्देश्य

१. स्थानीय स्तरमा उत्पादनशील, मर्यादित तथा दिगो रोजगारीका अवसर सिर्जना गर्नु।
२. युवा, महिला तथा विपन्न समुदायको सीप विकास र स्वरोजगार प्रवर्द्धन गर्नु।
३. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव तथा विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु।
४. गरिबी न्यूनीकरण तथा सामाजिक आर्थिक समावेशीकरणलाई सुदृढ बनाउनु।

### ३.७.५ रणनीति

१. संघ, प्रदेश, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने।
२. स्थानीय आवश्यकतामा आधारित सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने।
३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यम स्थापना तथा स्वरोजगारमा प्रोत्साहन गर्ने।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य रोजगारमुखी कार्यक्रमलाई उत्पादनशील पूर्वाधारसँग आबद्ध गर्ने।
५. महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने।
६. श्रम बजार सूचना प्रणाली तथा रोजगार सेवा केन्द्रलाई सुदृढ बनाउने।

७. सहकारी तथा वित्तीय संस्थामार्फत उद्यमशीलताका लागि सहुलियत वित्तीय पहुँच विस्तार गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सूचीकृत वेरोजगार | संख्या | २११५ | २३२७ | २५१३ | २६३८ | २७६४ |
| विभिन्न रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | ३० | १९ | ३२ | ३५ | ३८ |
| विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | १८३८ | २०९६ | २३२३ | २५२२ | २६९५ |
| वार्षिक सीप, प्रविधि र सहयोग प्राप्त गर्ने युवा | जना | ७३५ | ६९८ | ७५४ | ७९१ | ८२९ |
| गरिबीको रेखामुनी रहेका घरपरिवार | संख्या | १८३८३ | १७४६३ | १६५९० | १५७६१ | १४९७३ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी निवारण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४०३२ | २०१६ | २०१६ | ० | ० | ३७७६ | २५६ | ० |
| २०८४/८५ | ४२३४ | २११७ | २११७ | ० | ० | ३९६४ | २६९ | ० |
| २०८५/८६ | ४४४५ | २२२३ | २२२३ | ० | ० | ४१६३ | २८३ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | विकास कार्यमा संलग्न गराइ सूचीकृत वेराजगारलाई रोजगारी प्रदान गर्ने | सालबसाली | १३४४ | न्युन आय भएका वार्षियक १२०४ जनाले वार्षिक १०० दिनको रोजगारी प्राप्त गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सुरक्षित आप्रावासन कार्यक्रम | वैदेशिक रोजगारीमा जाने लागेकालाइ परामर्श उपलब्ध गराउनु | सालबसाली | १३४४ | वैदेशिक रोजगारीमा जाने वार्षिक १८०० श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन् । |
| १६ | श्रम, रोजगार तथा गरिवी निवारण अन्य कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | १३४४ | न्युन आय भएका वार्षिक ६० जनाले रोजगारी, व्यावसाय आयआर्जनको लागि सीप, उद्यमशीलता, परामर्श र पूँजी तथा प्रविधि प्राप्त गर्नछन् । |

## ३.७.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय, रोजगारमुखी नीति तथा कार्यक्रमको निरन्तरता, निजी क्षेत्रको लगानी विस्तार, सीप विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा उत्पादनशील क्षेत्रमा विप्रेषण परिचालन भएमा रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा उल्लेखनीय प्रगति हासिल हुने अपेक्षा गरिएको छ।

तर आर्थिक मन्दी, वैदेशिक रोजगारीप्रतिको उच्च आकर्षण, निजी क्षेत्रको सिमित लगानी, प्राकृतिक विपद्, जलवायु परिवर्तन, श्रम बजारको तीव्र परिवर्तन तथा दक्ष जनशक्तिको पलायनका कारण अपेक्षित उपलब्धि हासिल गर्न जोखिम रहन सक्छ। यस्ता जोखिम न्यूनीकरणका लागि स्थानीय उद्यम प्रवर्द्धन, सीप विकास, रोजगार सूचना प्रणाली सुदृढीकरण तथा बहुपक्षीय सहकार्यलाई प्राथमिकता दिइनेछ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, भाषा, कला तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

शिक्षा मानव विकास, सामाजिक रूपान्तरण तथा आर्थिक समृद्धिको प्रमुख आधार हो। गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको विकासमार्फत दक्ष, प्रतिस्पर्धी, नैतिक र उत्पादनशील जनशक्ति निर्माण गर्न सकिन्छ। संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ भने दिगो विकास लक्ष्य (SDG-4) ले सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

विनयी त्रिवेणी गाउँपालिकामा सामुदायिक तथा संस्थागत विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन्। विद्यालयको भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, सूचना प्रविधिको प्रयोग, विद्यालय सुधार योजना, दिवा खाजा, छात्रवृत्ति तथा सिकाइ उपलब्धि सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन्। साथै स्थानीय भाषा, कला, साहित्य तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनलाई पनि शिक्षा प्रणालीसँग जोड्ने प्रयास भइरहेको छ।

### ४.१.२ समस्या तथा चुनौति

शिक्षा क्षेत्रमा विद्यालयको भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि तथा खेलकुद पूर्वाधारको अपर्याप्तता, विषयगत तथा प्राविधिक शिक्षकको अभाव, सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु, विद्यालय छाड्ने तथा दोहोर्‍याउने दर पूर्ण रूपमा नियन्त्रण हुन नसक्नु, प्राविधिक तथा व्यावसायिक शिक्षाको सिमित पहुँच, प्रारम्भिक बाल विकास कार्यक्रमको गुणस्तर सुधारको आवश्यकता तथा अभिभावकको सहभागिता अपेक्षाकृत कमजोर रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

त्यसैगरी विद्यालय समायोजन, शिक्षक दरबन्दी व्यवस्थापन, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षण प्रणाली, अनुसन्धानमुखी शिक्षा, स्थानीय भाषा तथा संस्कृतिको संरक्षण, विद्यालय सुशासन तथा शिक्षाको गुणस्तर अभिवृद्धि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ४.१.३ सोच

"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामार्फत सक्षम, प्रतिस्पर्धी र सिर्जनशील नागरिक निर्माण।"

### ४.१.४ उद्देश्य

१. सबै बालबालिकाको गुणस्तरीय तथा समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्नु।
२. विद्यालय शिक्षालाई प्रविधिमैत्री, जीवनोपयोगी, प्राविधिक तथा रोजगारमुखी बनाउनु।
३. शैक्षिक पूर्वाधार, शिक्षक क्षमता तथा विद्यालय सुशासन सुदृढ गर्नु।
४. स्थानीय भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण गर्नु।

### ४.१.५ रणनीति

१. सुरक्षित, भूकम्प प्रतिरोधी, अपाङ्गतामैत्री तथा प्रविधियुक्त विद्यालय पूर्वाधार विकास गर्ने।
२. शिक्षक व्यवस्थापन, क्षमता विकास तथा प्रविधिमा आधारित शिक्षण प्रणाली विस्तार गर्ने।
३. प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा, अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धन गर्ने।
५. विद्यालय व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा शैक्षिक सुशासनलाई प्रभावकारी बनाउने।
६. स्थानीय भाषा, कला, साहित्य तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने।
७.

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | संख्या | ८० | ६० | ४० | ३० | १५ |
| ४-५ वर्ष उमेर समूहका प्रारम्भिक वाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | संख्या | ८२६४ | ८००० | ८५०० | ८८०० | ९००० |
| कक्षा १ मा भर्ना हुने विद्यार्थी | संख्या | ४१३६ | ४११९ | ४२०० | ४३०० | ४५०० |
| कक्षा १-५ मा भर्ना हुने विद्यार्थी | संख्या | २१७२६ | २०६९६ | २२००० | २३००० | २५००० |
| कक्षा ६-८ मा भर्ना हुने विद्यार्थी | संख्या | १३१६७ | १३८८९ | १४००० | १५००० | १६५०० |
| कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी | संख्या | ८२११ | ७४९२ | ८५०० | ९००० | १०००० |
| कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी | संख्या | ७७०२ | ८०२२ | ८२५० | ९००० | ९५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा १-५ तह पुरा गर्ने विद्यार्थी | संख्या | १८०२१ | १८५०० | १९००० | २०००० | २१५०० |
| कक्षा ६-८ तह पुरा गर्ने विद्यार्थी | संख्या | १०४३७ | १०५०० | १०८५० | ११००० | ११५०० |
| कक्षा १० पुरा गर्ने विद्यार्थी | संख्या | ६०१३ | ६२०० | ६५०० | ७००० | ७५०० |
| कक्षा १२ पुरा गर्ने विद्यार्थी | संख्या | ४०८९ | ४५०० | ४७५० | ६००० | ६८५० |
| कक्षा १-५ दोहोर्याउने विद्यार्थी | संख्या | ६९९ | ५०० | ३५० | २०० | ५० |
| कक्षा ६-८ दोहोर्याउने विद्यार्थी | संख्या | ८८१ | ७०० | ५५० | ४०० | २०० |
| कक्षा ९-१० दोहोर्याउने विद्यार्थी | संख्या | २६० | २०० | १५० | १२५ | ७५ |
| कक्षा १-५ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | १११५ | ८५० | ७०० | ५०० | २०० |
| कक्षा ६-८ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | ८२४ | ७५० | ६०० | ५०० | ३०० |
| कक्षा ९-१० को विद्यालय छोड्ने विद्यार्थी | संख्या | ५२३ | ४०० | २५० | १७५ | १०० |
| कक्षा १-५ मा भर्ना हुने छात्रा | संख्या | ९३९८ | ८९७० | १०००० | १२००० | १५००० |
| कक्षा ६-८ मा भर्ना हुने छात्रा | संख्या | ५८७० | ६२५४ | ७००० | ८००० | ९५०० |
| सिकाइ उपलब्धि (कक्षा ८) | | | | | | |
| गणित | प्रतिशत | ६०.२६ | ६५ | ६८ | ७० | ७२ |
| विज्ञान | प्रतिशत | ६८.४७ | ७० | ७५ | ८० | ८३ |
| अंग्रेजी | प्रतिशत | ७०.९७ | ७५ | ७८ | ८० | ८५ |
| पुस्तकालय भएका विद्यालय | संख्या | ५ | ७ | १० | १५ | २० |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | संख्या | ४० | ४० | ४० | ४० | ४० |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, भाषा, कला तथा साहित्य उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २९०९२५ | २३२७४० | ५८१८५ | ० | ० | २८८३६१ | २५६४ | ० |
| २०८४/८५ | ३०५४७१ | २४४३७७ | ६१०९४ | ० | ० | ३०२७७९ | २६९२ | ० |
| २०८५/८६ | ३२०७४५ | २५६५९६ | ६४१४९ | ० | ० | ३१७९१८ | २८२६ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा कार्यक्रम | ४-५ वर्षका सबै बालबालिका लागि गुणस्तरीय प्रारम्भिक सिकाइ र बालविकास शिक्षा अवसर सुनिश्चित गर्नु ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाको समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय तथा जीवनपयोगी माध्यमिक शिक्षामा सबै बालबालिकाको निशुल्क पहुँच सुनिश्चत गर्नु, | सालबसाली | ५८१८५ | ४-५ बर्ष उमेर समूहका ६०८० जना बालबालिकाले बालविकास शिक्षाको अवसर प्राप्त हुने र बालकक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सतप्रतिशत पुग्ने ५ देखि १२ वर्ष उमेर समूहका २५००० जना बालबालिका आधारभूत तहमा भर्ना हुने माध्यमिक तहमा विद्यालय छाड्ने विद्यार्थीको संख्या २५० मा झरेको हुने |
| २० | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम, शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | आधारभूत सक्षमता सहित सकारात्मक सोच, सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारीउन्मुख नागरिक तयार गर्न सहयोग गर्नु, शिक्षक व्यवस्थापन गर्नु तथा प्रशासनिक निरीक्षण, अनुगमन र मूल्याङ्कन कार्यलाई चुस्त, व्यवस्थित तथा नतिजामूलक बनाउनु | सालबसाली | ५८१८५ | वार्षिक ११०० विद्यार्थीले प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गरेका हुने, सक्षम र पेशाप्रति अभिप्रेरित ४९७ शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित तथा नतिजामूलक हुने |
| २१ | अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | विद्यार्थीको सिकाइ सक्षमतामा सुधार गर्नु | सालबसाली | ५८१८५ | ५० हजार भन्दा बढी विद्यार्थीहरूमा आधारभूत सक्षमता अभिबृद्धि हुने |
| २२ | बिधालय पूर्वाधार निर्माण आयोजन | सुरक्षित विद्यालय पूर्वाधार निर्मा र अध्ययनको वातावरण तयार गर्नु | सालबसाली | ५८१८५ | भवन संरचना निर्माण भइ ७५० जना विद्यार्थी लाभान्वित हुनेछन् |
| २३ | मौलिक भाषा तथा कला संरक्षण र प्रवर्द्धन कार्यक्रम | कला, भाषा तथा साहित्य संरक्षण र विकास गर्नु | सालबसाली | ५८१८५ | कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन हुने |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय शिक्षा सम्बन्धी कानुन, नीति तथा मापदण्ड समयानुकूल कार्यान्वयन हुने, संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय रहने, सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली विस्तार हुने, विद्यालय पूर्वाधार तथा शिक्षक व्यवस्थापनमा पर्याप्त लगानी हुने तथा समुदाय र अभिभावकको सक्रिय सहभागिता रहने अपेक्षा गरिएको छ। तर बजेट तथा स्रोतको सिमितता, दक्ष शिक्षकको अभाव, प्रविधिमा असमान पहुँच, प्राकृतिक विपद्, महामारी, विद्यार्थी पलायन तथा शैक्षिक सुधार कार्यक्रमको निरन्तरतामा कमी आएमा अपेक्षित नतिजा हासिल गर्न कठिनाइ हुन सक्ने जोखिम रहन्छ। त्यसैले गुणस्तरीय शिक्षा, डिजिटल प्रविधि, प्रभावकारी अनुगमन, शिक्षक क्षमता विकास तथा अन्तरसरकारी सहकार्यलाई उच्च प्राथमिकता दिइनेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वयमा गुणस्तरीय, सर्वसुलभ तथा समतामूलक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था रहेको छ। विनयी त्रिवेणी गाउँपालिकाले आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, खोप केन्द्र तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

गाउँपालिकामा सुरक्षित मातृत्व, बाल तथा मातृ स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य, स्वास्थ्य बीमा तथा स्वास्थ्य प्रवर्द्धनका क्षेत्रमा क्रमिक सुधार भए पनि अझै सेवा पहुँच, विशेषज्ञ जनशक्ति, आधुनिक उपकरण तथा गुणस्तरीय प्रयोगशाला सेवामा सुधार आवश्यक रहेको छ।

भौगोलिक विकटता, स्वास्थ्य जनशक्तिको अभाव, विशेषज्ञ चिकित्सकको सिमित उपलब्धता, स्वास्थ्य संस्थामा औषधि तथा उपकरणको अपर्याप्तता, आपतकालीन प्रसूति सेवाको सिमित पहुँच, पोषणसम्बन्धी चेतनाको कमी तथा विपद् र महामारीजन्य जोखिमका कारण सबै नागरिकसम्म प्रभावकारी स्वास्थ्य सेवा पुऱ्याउन चुनौती रहेको छ।

### ४.२.२ समस्या तथा चुनौति

**समस्या**

- विशेषज्ञ चिकित्सक तथा दक्ष स्वास्थ्य जनशक्तिको अभाव।
- आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थामा आधुनिक उपकरण र प्रयोगशाला सेवाको कमी।
- आवश्यक औषधिको नियमित उपलब्धता सुनिश्चित हुन नसक्नु।
- दुर्गम बस्तीमा स्वास्थ्य सेवाको पहुँच कमजोर रहनु।
- सुरक्षित मातृत्व तथा आपतकालीन प्रसूति सेवाको सिमित उपलब्धता।
- पोषण, मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी जनचेतनाको कमी।
- स्वास्थ्य बीमामा न्यून सहभागिता।
- विपद् तथा महामारी व्यवस्थापनका लागि पर्याप्त तयारीको अभाव।

**चुनौती**

- सबै नागरिकलाई गुणस्तरीय तथा समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउनु।
- स्वास्थ्य संस्थाको पूर्वाधार तथा उपकरण स्तरोन्नति गर्नु।
- विशेषज्ञ चिकित्सक तथा दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्नु।
- मातृ तथा शिशु मृत्युदर घटाउनु।
- स्वास्थ्य बीमाको दायरा विस्तार गर्नु।

- पोषण तथा जनस्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउनु।
- डिजिटल स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अभिलेखीकरण सुदृढ गर्नु।

### ४.२.३ सोच

"गुणस्तरीय, सर्वसुलभ, समावेशी र प्रविधिमैत्री स्वास्थ्य सेवा : स्वस्थ नागरिक, समृद्ध गाउँपालिका।"

### ४.२.४ उद्देश्य

१. सबै नागरिकलाई गुणस्तरीय, सुलभ तथा समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउनु।
२. मातृ तथा शिशु स्वास्थ्य, पोषण, रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धनमा सुधार गर्नु।
३. स्वास्थ्य संस्थाको पूर्वाधार, जनशक्ति तथा सेवा व्यवस्थापन सुदृढ गर्नु।

### ४.२.५ रणनीति

१. आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, उपकरण र प्रयोगशाला सेवा विस्तार गर्ने।
२. विशेषज्ञ चिकित्सक तथा दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्ने।
३. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण, खोप तथा परिवार नियोजन कार्यक्रम प्रभावकारी बनाउने।
४. स्वास्थ्य बीमा, मानसिक स्वास्थ्य तथा नसर्ने रोग नियन्त्रण कार्यक्रम विस्तार गर्ने।
५. डिजिटल स्वास्थ्य सूचना प्रणाली तथा अभिलेखीकरण सुदृढ गर्ने।
६. विपद् तथा महामारी व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | २६ | ३५ | ६० | ८० | १०० |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ७३ | ८० | ८५ | ९० | ९५ |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन औषत पटक | प्रपटक | १७ | २१ | २२ | २३ | २४ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | १.६ | १.७ | | ०.५ | ० |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ४.४ | ३.३ | १० | २५ | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कम तौल भएका नवजात शिशु | प्रतिशत | ९.५ | ६ | ५ | | |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | २१.५ | ४५.५ | ६० | ८० | ९० |
| प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक उत्तर प्रसूति सेवा प्राप्त महिला | प्रतिशत | ४३.८ | ६३.४ | ७५ | ८५ | ९० |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोश्रो बीचको ड्रपआउट दर | प्रतिशत | ३.४ | -१६..५ | ५ | ३ | २ |
| २३ महिना भित्र पूर्णखोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ९२.०६ | १०० | १०० | १०० | १०० |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | १.४ | ०.५ | ०.५ | ०.३ | ०.२ |
| निमोनियाका विरामी दर (प्रति हजार २ देखि ५९ महिनाका बालबालिका) | जना | २७ | १३ | १२ | १२ | १० |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | ११४ | ८७ | ८० | ७५ | ७० |
| गर्भावस्थाको अवधिभर १८० आईरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ५२.३ | ६४ | ७० | ८० | ९० |
| स्वास्थ्य बीमा आवद्ध घरपरिवार | संख्या | ९८७ | १५०० | ५००० | ८००० | ९००० |

## ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५४०१० | ४०५०८ | १३५०३ | ० | ० | ५३२४१ | ७६९ | ० |
| २०८४/८५ | ५६७११ | ४२५३३ | १४१७८ | ० | ० | ५५९०३ | ८०८ | ० |
| २०८५/८६ | ५९५४६ | ४४६६० | १४८८७ | ० | ० | ५८६९८ | ८४८ | ० |

## ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १७ | आधारभूत स्वास्थ्य सेवा सालवसाली कार्यक्रम | नगरबासीमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपरात्मक, पुनर्स्थानात्क र प्रशासनिक सेवा सहज उपलब्ध गराउनु | सालबसाली | ५४०१० | १५०००० भन्दा बढीले वार्षिक आधारभूत सेवा सहज प्राप्त गरेका हुने |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय कायम हुने, स्वास्थ्य क्षेत्रमा आवश्यक बजेट तथा जनशक्ति उपलब्ध हुने, स्वास्थ्य बीमाको दायरा विस्तार हुने, डिजिटल स्वास्थ्य सूचना प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुने तथा समुदायको स्वास्थ्य सचेतनामा वृद्धि हुने अपेक्षा गरिएको छ।

तर विशेषज्ञ स्वास्थ्य जनशक्ति व्यवस्थापनमा कठिनाइ, औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति अवरोध, महामारी तथा विपद्जन्य जोखिम, स्वास्थ्य पूर्वाधार विकासमा स्रोतको कमी, स्वास्थ्य बीमाको न्यून सहभागिता तथा अन्तरसरकारी समन्वय कमजोर भएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्ने जोखिम रहनेछ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

स्वच्छ तथा सुरक्षित खानेपानी र सरसफाइ स्वस्थ जीवनको आधारभूत आवश्यकता तथा नागरिकको मौलिक अधिकार हो। सुरक्षित खानेपानी, प्रभावकारी सरसफाइ तथा फोहोरमैला व्यवस्थापनले पानीजन्य रोग नियन्त्रण, जनस्वास्थ्य सुधार, वातावरण संरक्षण तथा जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

विनयी त्रिवेणी गाउँपालिकामा अधिकांश नागरिकले भूमिगत तथा सतही जलस्रोतबाट खानेपानी उपभोग गर्दै आएका छन्। पछिल्ला वर्षहरूमा विभिन्न खानेपानी आयोजना, एक घर एक धारा कार्यक्रम, सार्वजनिक धारा, शौचालय निर्माण तथा सरसफाइ अभियान सञ्चालन भए पनि सबै घरधुरीमा सुरक्षित, नियमित र गुणस्तरीय खानेपानी सेवा पुग्न सकेको छैन।

जलवायु परिवर्तन, मुहान सुक्दै जानु, बढ्दो जनसंख्या, अव्यवस्थित फोहोरमैला व्यवस्थापन, नदी तथा जलस्रोत प्रदूषण, वर्षायाममा बाढी डुबान तथा पहिरोका कारण खानेपानी तथा सरसफाइ क्षेत्रमा थप चुनौती उत्पन्न हुँदै गएको छ। त्यसैले सुरक्षित खानेपानी, गुणस्तर परीक्षण, स्रोत संरक्षण तथा दिगो सरसफाइ प्रणाली विकास गर्नु आवश्यक भएको छ।

### ४.३.२ समस्या तथा चुनौति

**समस्या**

- सबै बस्तीमा सुरक्षित खानेपानी सेवा विस्तार हुन नसक्नु।
- निर्माणाधीन खानेपानी आयोजना समयमै सम्पन्न हुन नसक्नु।
- खानेपानी मुहान संरक्षण तथा नियमित मर्मतसम्भारको कमी।
- खानेपानीको गुणस्तर परीक्षण तथा उपचार प्रणाली कमजोर हुनु।
- ठोस तथा तरल फोहोर व्यवस्थापन प्रभावकारी हुन नसक्नु।
- वर्षायाममा बाढी, डुबान तथा ढल निकासको समस्या।
- सबै घरधुरीमा सुरक्षित सरसफाइ सुविधा सुनिश्चित हुन नसक्नु।

**चुनौती**

- सबै घरधुरीमा सुरक्षित तथा नियमित खानेपानी सेवा विस्तार गर्नु।
- "एक घर एक धारा" कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
- खानेपानीको गुणस्तर परीक्षण तथा जलस्रोत संरक्षण सुनिश्चित गर्नु।
- ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली विकास गर्नु।
- वर्षायाममा हुने डुबान तथा जलनिकास व्यवस्थापन गर्नु।
- सुरक्षित सरसफाइ, व्यक्तिगत स्वच्छता तथा वातावरणीय सचेतना अभिवृद्धि गर्नु।

### ४.३.३ सोच

"सुरक्षित खानेपानी, पूर्ण सरसफाइ र स्वच्छ वातावरण : स्वस्थ नागरिक, समृद्ध गाउँपालिका।"

### ४.३.४ उद्देश्य

१. सबै नागरिकलाई सुरक्षित, गुणस्तरीय तथा नियमित खानेपानी सेवा उपलब्ध गराउनु।
२. दिगो सरसफाइ तथा फोहोरमैला व्यवस्थापन प्रणाली विकास गर्नु।
३. जलस्रोत संरक्षण तथा वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु।

### ४.३.५ रणनीति

१. एक घर एक धारा कार्यक्रममार्फत सुरक्षित खानेपानी सेवा विस्तार गर्ने।
२. खानेपानी आयोजनाको निर्माण, मर्मतसम्भार तथा दिगो सञ्चालन सुनिश्चित गर्ने।
३. खानेपानीको नियमित गुणस्तर परीक्षण तथा उपचार प्रणाली विकास गर्ने।
४. ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
५. सुरक्षित शौचालय, व्यक्तिगत सरसफाइ तथा वातावरणीय स्वच्छतासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
६. जलवायु परिवर्तनलाई ध्यानमा राखी जलस्रोत संरक्षण तथा वर्षा पानी संकलन प्रवर्द्धन गर्ने।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ५० | ६० | ७० | ८५ | ९० |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ५० | ६० | ७० | ८५ | ९० |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | ३ | ५ | ५ | ५ | ५ |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ |
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ४० | ५० | ५५ | ६० | ७० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| सार्वजनिक शौचालय | संख्या | ११ | ३० | ३२ | ३५ | ४० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७८०० | १५६ | ७६४४ | ० | ३४९७ | १७३९ | २५६४ | ० |
| २०८४/८५ | ८१९० | १६४ | ८०२६ | ० | ३६७२ | १८२६ | २६९२ | ० |
| २०८५/८६ | ८६०० | १७२ | ८४२८ | ० | ३८५६ | १९१७ | २८२६ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २३ | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन गर्नु । | सालबसाली | ७८०० | दुम्किबास खानेपानी आयोजना, ज्यामिरे खानेपानी आयोजना निर्माण, मर्मत संभार भइ ४० हजार घरधुरीमा खानेपानी सुविधा, थप ३१ वटा सार्वजनिक शौचालय निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार सुचारू हुनेछन् । |

### ४.३.९ जोखिमपक्ष तथा अनुमान

मध्यमकालीन बजेटको सुनिश्चितता, संघ, प्रदेश तथा स्थानीय सरकारबीच प्रभावकारी समन्वय, उपभोक्ता समितिको सक्रिय सहभागिता, जलस्रोत संरक्षण तथा नियमित मर्मतसम्भार प्रभावकारी रूपमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

तर जलवायु परिवर्तनका कारण मुहान सुक्ने, बाढी, पहिरो तथा डुबानबाट खानेपानी संरचनामा क्षति पुग्ने, निर्माणाधीन आयोजना समयमै सम्पन्न नहुने, पर्याप्त बजेट तथा प्राविधिक जनशक्ति अभाव हुने, खानेपानी स्रोत प्रदूषित हुने तथा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्ने अवस्थामा अपेक्षित नतिजा हासिल गर्न कठिनाइ हुन सक्ने जोखिम रहनेछ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक समानता, सामाजिक न्याय, समावेशी विकास तथा मानव अधिकारलाई राज्यका आधारभूत सिद्धान्तका रूपमा अंगीकार गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा दिगो विकास लक्ष्य (SDGs) अनुसार महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, विपन्न तथा अन्य लक्षित वर्गको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तीकरण स्थानीय तहको प्रमुख दायित्व हो।

विनयी त्रिवेणी गाउँपालिकाले लैङ्गिक उत्तरदायी बजेट प्रणाली, बालमैत्री स्थानीय शासन, महिला उद्यमशीलता, सामाजिक सुरक्षा, बाल संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, अपाङ्गता मैत्री पूर्वाधार तथा लक्षित वर्गको आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ।

गाउँपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको जीवनस्तरमा सुधार भए पनि आर्थिक अवसर, गुणस्तरीय सेवा, समावेशी पूर्वाधार, सामाजिक सुरक्षा तथा निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन। त्यसैले सामाजिक न्याय, समान अवसर र समावेशी विकासलाई संस्थागत गर्दै सबै नागरिकलाई सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्नु आवश्यक छ।

### ४.४.२ समस्या तथा चुनौति

**समस्या**

- लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसा तथा सामाजिक विभेद पूर्णरूपमा अन्त्य हुन नसक्नु।
- महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको आर्थिक सशक्तीकरण कमजोर रहनु।
- बाल संरक्षण तथा बालमैत्री वातावरण अझै पूर्णरूपमा सुनिश्चित हुन नसक्नु।
- अपाङ्गता मैत्री तथा ज्येष्ठ नागरिकमैत्री सार्वजनिक पूर्वाधारको अभाव।
- लक्षित वर्गका लागि सीप, उद्यमशीलता तथा रोजगारीका अवसर सिमित हुनु।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रभावकारी सहभागिता अपेक्षाभन्दा कम रहनु।

**चुनौती**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सबै विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्नु।
- महिला हिंसा तथा बाल हिंसा न्यूनीकरण गर्दै सुरक्षित समाज निर्माण गर्नु।
- अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री सेवा र पूर्वाधार विस्तार गर्नु।
- महिला तथा लक्षित वर्गको आर्थिक सशक्तीकरणमार्फत आत्मनिर्भरता बढाउनु।
- बालमैत्री स्थानीय शासन तथा सामाजिक संरक्षण प्रणालीलाई प्रभावकारी बनाउनु।

### ४.४.३ सोच

"समान अवसर, सामाजिक न्याय र समावेशी समृद्धि।"

### ४.४.४ उद्देश्य

,

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नु।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको संरक्षण, सशक्तीकरण र आर्थिक विकास सुनिश्चित गर्नु।

### ४.४.५ रणनीति

१. लैङ्गिक उत्तरदायी तथा समावेशी योजना र बजेट प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
२. महिला तथा लक्षित वर्गलाई सीप, उद्यमशीलता, रोजगारी तथा आयआर्जनका अवसरसँग जोड्ने।
३. बाल संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण तथा सामाजिक न्याय सम्बन्धी कार्यक्रम सुदृढ गर्ने।
४. अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सेवा विस्तार गर्ने।
५. सामाजिक सुरक्षा तथा समुदायमा आधारित संरक्षणप्रणालीलाई प्रभावकारी बनाउने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | रु. हजारमा | १.३२ | १.४ | १.५ | १.६ | १.७ |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेक अपाङ्गता भएका व्यक्ति | संख्या | ६ | ८ | १० | १२ | १५ |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र तथा वृद्धश्रम | संख्या | ८ | ९ | १० | ११ | १२ |
| बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | २५ | २८ | ३२ | ३३ | ३५ |
| वार्षिक लैंगिक तथा बाल हिंसाका घटना | संख्या | ४८ | ४० | ३५ | ३० | २५ |
| सहयोग वा अनुदानमा महिला, दलित तथा अपाङ्गद्धारा सञ्चालित व्यवसाय | संख्या | १२ | १५ | १८ | २१ | २४ |
| गाउँपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | २५ | ३० | ३१ | ३२ | ३३ |
| सहयोग प्राप्त गर्ने अपाङ्गत भएका व्यक्ति | संख्या | २० | २५ | ३० | ३५ | ४० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १९५५० | १६६१८ | २९३३ | ० | ६९९५ | १२२९९ | २५६ | ० |
| २०८४/८५ | २०५२८ | १७४४८ | ३०७९ | ० | ७३४४ | १२९१४ | २६९ | ० |
| २०८५/८६ | २१५५४ | १८३२१ | ३२३३ | ० | ७७१२ | १३५६० | २८३ | ० |

## ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि शुरु ) र समाप्ति( | कुल लागत रु) हजारमा( | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २४ | महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति संरक्षण तथा दलित वर्ग उत्थान कार्यक्रम | महिलाको क्षमता विकास आत्मनिर्भरता र सहभागिताका अवसरहरु तयार गर्नुबालमैत्री नगरपालिकाका रुपमा विकास गर्नुअपाङ्गता भएका व्यक्तिका लागि क्षमता विकास आत्मनिर्भरता र सहभागिताका अवसरहरु तयार गर्नुज्येष्ठ नागिरक तथा असहाय व्यक्तिको जीवनयापनलाई सहज तुल्याउनुजातिय विभेद र छुवाछुतको अन्त्य गरी जीवस्तरमा सुधार गर्नुलक्षित वर्गको हित प्रवर्द्धन गर्नु | सालबसाली | १९५५० | ८ महिला समूहसमिति तथा ११ वटा / सहकारी शसक्तिकरण र लैंगिक हिंसा न्यूनीकरण, महिला तथा उद्यमशीलतामा क्रियाशील हुने१०० विद्यालयमा वटा बालक्लब, १६ वटै वडामा बालक्लब, वडा तथा नगरपालिका स्तरीय समिति गठन भइ क्रियाशिल र बालमैत्री स्थानीय शासनको आधार तयार हुने२४ जना अपाङ्गता भएका व्यक्तिहरु स्वरोजगारमूलका कार्यमा संलग्न भएको हुने१६ वटा ज्येष्ठ नागिरक दिवा सेवा केन्द्र सञ्चालन तथा जेष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण र वार्षिक रुपमा जेष्ठ व्यक्ति घोषणा एवम् सम्मान भएको हुने२५ जना सरकारी सेवामा प्रवेश तथा ४५ जना स्वरोजगार भएका हुने ।७४२५ जना महिला, ४२७ जना बालबालिका २००९ जना अपाङ्गता भएका व्यक्ति, ४०० जना ज्येष्ठ नागरिक तथा २४० जना जोखिम तथा विशेष अवस्थामा रहेका वर्ग लाभान्वित हुने |

## ४.४.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय, पर्याप्त बजेट, दक्ष जनशक्ति तथा समुदायको सक्रिय सहभागिता कायम रहने अनुमान गरिएको छ। लैङ्गिक समानता, सामाजिक समावेशीकरण, बाल संरक्षण तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

तर पर्याप्त वित्तीय स्रोतको अभाव, जनचेतनाको कमी, सामाजिक कुरीति, कमजोर संस्थागत क्षमता, विपद् तथा अन्य आकस्मिक परिस्थितिका कारण कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न सक्ने जोखिम रहेको छ। यस्ता जोखिम न्यूनीकरणका लागि संस्थागत क्षमता अभिवृद्धि, अन्तरनिकाय समन्वय, नियमित अनुगमन तथा समुदायको सहभागितालाई प्राथमिकता दिइनेछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

युवा राष्ट्र निर्माणका प्रमुख आधार तथा सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनका संवाहक शक्ति हुन्। युवाको सीप, क्षमता, नेतृत्व, उद्यमशीलता तथा नवप्रवर्तनलाई उत्पादन, रोजगारी र सामाजिक विकाससँग जोड्नु स्थानीय विकासको महत्वपूर्ण आधार हो। त्यसैगरी खेलकुद स्वस्थ, अनुशासित, प्रतिस्पर्धी तथा सिर्जनशील समाज निर्माण गर्ने प्रभावकारी माध्यम हो।

विनयी त्रिवेणी गाउँपालिकामा विभिन्न युवा क्लब, खेलकुद संस्था तथा सामाजिक संगठनहरू सक्रिय रहेका छन्। गाउँपालिकाले विद्यालय तथा समुदायस्तरमा विभिन्न खेलकुद प्रतियोगिता, युवा नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा खेलकुद पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गर्दै आएको छ। निजी क्षेत्रको सहभागितामा क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन लगायतका खेलहरूमा आकर्षण बढ्दै गएको छ।

यद्यपि खेलकुद पूर्वाधार, प्रशिक्षक, आधुनिक खेल सामग्री तथा व्यवस्थित खेल व्यवस्थापनको अभावका कारण खेल प्रतिभाको पूर्ण विकास हुन सकेको छैन। युवाको बढ्दो वैदेशिक पलायन, सिमित उद्यमशीलता तथा सिर्जनात्मक अवसरको कमीले स्थानीय विकासमा युवाको योगदान अपेक्षित स्तरमा पुग्न सकेको छैन। त्यसैले युवालाई उत्पादन, उद्यम, नवप्रवर्तन, नेतृत्व तथा खेलकुदसँग जोड्ने कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

### ४.५.२ समस्या तथा चुनौति

**समस्या**

- युवाको सीप, दक्षता तथा उद्यमशीलता विकासका अवसर सिमित हुनु।
- वैदेशिक रोजगारीतर्फ युवाको आकर्षण उच्च रहनु।
- खेलकुद पूर्वाधार, खेल सामग्री तथा दक्ष प्रशिक्षकको अभाव।
- स्थानीय खेल प्रतिभाको पहिचान, संरक्षण तथा प्रोत्साहन अपर्याप्त हुनु।
- युवा सहभागिता विकास योजना तथा निर्णय प्रक्रियामा अपेक्षित स्तरमा नहुनु।
- मनोरञ्जन, खेलकुद तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने संरचनाको कमी।

**चुनौती**

- युवालाई स्वरोजगार, उद्यमशीलता तथा नवप्रवर्तनसँग जोड्नु।
- प्रत्येक वडामा खेलकुद पूर्वाधार तथा नियमित खेल गतिविधि सञ्चालन गर्नु।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खेलाडी उत्पादन गर्नु।
- युवा नेतृत्व विकास तथा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्नु।
- निजी क्षेत्र तथा खेलकुद संघसंस्थासँग सहकार्य विस्तार गर्नु।

### ४.५.३ सोच

"सक्षम, सिर्जनशील, उद्यमशील युवा र आधुनिक खेलकुद पूर्वाधारसहित समृद्ध विनयी त्रिवेणी।"

### ४.५.४ उद्देश्य

१. युवा जनशक्तिको सीप, क्षमता, नेतृत्व तथा उद्यमशीलताको विकास गर्नु।
२. खेलकुद पूर्वाधारको विकास तथा खेल संस्कृतिको प्रवर्द्धन गर्नु।

### ४.५.५ रणनीति

१. युवा लक्षित सीप विकास, उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने।
२. खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा नियमित मर्मतसम्भार गर्ने।
३. विद्यालय तथा समुदायस्तरमा नियमित खेलकुद प्रतियोगिता सञ्चालन गर्ने।
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खेलाडी उत्पादन र प्रोत्साहन गर्ने।
५. युवा क्लब तथा खेलकुद संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८३/८४ | २०८४/८५ |
| सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | ४० | ४० | ४५ | ५० | ५५ |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | ५०० | ५०० | ६०० | ७५० | ८०० |
| कभर्ड हल र खेल मैदान | संख्या | २० | २० | २१ | २३ | २५ |
| अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १० | १५ | २० | २५ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ५० | ५० | ६० | ६५ | ८० |
| वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | | | | | |
| अनुदानमा युवाद्धारा सञ्चालित उद्यम व्यवसाय | संख्या | १०० | १०० | १५० | २०० | २५० |
| वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | १००० | १००० | १२०० | १४०० | १५०० |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | रु. हजारमा | 5394 | 15841 | २००७० | २१६०९ | २३२६० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७८०० | ३१२० | ४६८० | ० | १७४९ | ५७९५ | २५६ | ० |
| २०८४/८५ | ८१९० | ३२७६ | ४९१४ | ० | १८३६ | ६०८५ | २६९ | ० |
| २०८५/८६ | ८६०० | ३४४० | ५१६० | ० | १९२८ | ६३८९ | २८३ | ० |

## ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २५ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | खेलकुदको गुणस्तर तथा खेलाडीमा व्यवासायिकता अभिवृद्धि गर्नु । | सालबसाली | ३९०० | एउटा कवर्ड हल ५ वटा बहु उपयोगी मैदान तथा 7 वटै वडामा खेलमैदान स्तरोन्नती भइ वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागि हुने खेलाडी संख्या २०० भएको हुने । |
| २६ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | युवाहरुमा स्वरोजगारीका अवसर वृद्धि गर्नु । | सालवसाली | ३९०० | वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागि हुने युवा संख्या र व्यवसाय सञ्चालन सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा संख्या २००पुगेको हुने । |

## ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद क्षेत्रका कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट, अन्तरसरकारी समन्वय, निजी क्षेत्र तथा समुदायको सहभागिता, दक्ष प्रशिक्षक र आवश्यक पूर्वाधार उपलब्ध हुने अनुमान गरिएको छ। युवा उद्यमशीलता, खेल प्रतिभा विकास तथा खेलकुद पूर्वाधार विस्तार सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

तर पर्याप्त वित्तीय स्रोतको अभाव, दक्ष जनशक्तिको कमी, युवाको वैदेशिक पलायन, खेल पूर्वाधार निर्माणमा ढिलाइ, निजी क्षेत्रको न्यून सहभागिता तथा खेलाडीलाई आवश्यक प्रोत्साहन उपलब्ध हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्न कठिनाइ हुन सक्ने जोखिम रहेको छ। यी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय साझेदारी, नियमित अनुगमन, युवा तथा खेलकुद संस्थाको क्षमता अभिवृद्धि र दीर्घकालीन लगानीलाई प्राथमिकता दिइनेछ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतकाउपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

सुरक्षित, व्यवस्थित, वातावरणमैत्री तथा विपद् उत्थानशील आवास र बस्ती विकास दिगो विकासको आधार हो। नेपालको संविधान, राष्ट्रिय भवन संहिता, भू उपयोग नीति तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई भवन निर्माण मापदण्ड कार्यान्वयन, बस्ती विकास, सार्वजनिक भवन निर्माण तथा सुरक्षित आवास व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको छ।

विनयी त्रिवेणी गाउँपालिकामा सरकारी, सामुदायिक तथा निजी भवनहरूको संख्या क्रमशः बढ्दै गएको भए पनि सबै भवन राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण हुन सकेका छैनन्। गाउँपालिकाका केही बस्तीहरू बाढी, पहिरो, डुबान तथा वन्यजन्तु जोखिमयुक्त क्षेत्रमा अवस्थित छन्। ती बस्तीहरूको जोखिम न्यूनीकरण, सुरक्षित आवास विकास तथा आवश्यकताअनुसार एकीकृत बस्ती विकासलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

सार्वजनिक भवनहरूलाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री, ऊर्जा दक्ष तथा वातावरणमैत्री बनाउँदै स्थानीय निर्माण सामग्रीको प्रयोग, हरित भवन अवधारणा तथा आधुनिक निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

### ५.१.२ समस्या तथा चुनौति

**समस्या**

- राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन हुन नसक्नु।
- भूकम्प प्रतिरोधी तथा सुरक्षित भवन निर्माणसम्बन्धी जनचेतना र प्राविधिक ज्ञानको कमी।
- दक्ष निर्माणकर्मी तथा गुणस्तरीय निर्माण सामग्रीको सिमित उपलब्धता।
- जोखिमयुक्त क्षेत्रमा अव्यवस्थित बस्ती कायम रहनु।
- सार्वजनिक भवनहरूमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री संरचनाको अभाव।
- वन्यजन्तु प्रभावित क्षेत्रमा बस्ती सुरक्षाका पर्याप्त उपायको अभाव।

**चुनौती**

- राष्ट्रिय भवन संहिता पूर्ण रूपमा कार्यान्वयन गर्नु।
- सुरक्षित, किफायती, वातावरणमैत्री तथा भूकम्प प्रतिरोधी भवन निर्माण प्रवर्द्धन गर्नु।
- जोखिमयुक्त बस्तीको व्यवस्थापन तथा आवश्यकताअनुसार एकीकृत बस्ती विकास गर्नु।

- सार्वजनिक भवनलाई समावेशी, पहुँचयोग्य तथा ऊर्जा दक्ष बनाउनु।
- स्थानीय स्रोतसाधन तथा प्रविधिको उपयोग गर्दै दिगो बस्ती विकास गर्नु।

### ५.१.३ सोच

"सुरक्षित आवास, व्यवस्थित बस्ती र दिगो पूर्वाधारसहित समुन्नत विनयी त्रिवेणी।"

### ५.१.४ उद्देश्य

१. सुरक्षित, भूकम्प प्रतिरोधी, वातावरणमैत्री तथा किफायती भवन निर्माणलाई प्रवर्द्धन गर्नु।
२. योजनाबद्ध, सुरक्षित तथा समावेशी बस्ती विकासलाई प्रोत्साहन गर्नु।

### ५.१.५ रणनीति

१. राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने।
२. जोखिमयुक्त बस्तीको पहिचान, जोखिम न्यूनीकरण तथा आवश्यकताअनुसार पुनःस्थापना गर्ने।
३. सार्वजनिक भवनलाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा ऊर्जा दक्ष बनाउने।
४. स्थानीय निर्माण सामग्री, हरित प्रविधि तथा वातावरणमैत्री निर्माण प्रणालीलाई प्रोत्साहन गर्ने।
५. भवन निर्माणसम्बन्धी जनचेतना, प्राविधिक क्षमता तथा अनुगमन प्रणाली सुदृढ गर्ने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १ | २ | ३ | ४ | ५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ३ | ६ | ७ | ८ | ९ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | १०० | १०० | १४० | २०० | २५० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवन | संख्या | १ | ३ | ४ | ५ | ६ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३१८०० | ६३६ | ३११६४ | ० | ४३७२ | २२८१४ | ४६१४ | ० |
| २०८४/८५ | ३३३९० | ६६८ | ३२७२२ | ० | ४५९० | २३९५५ | ४८४५ | ० |
| २०८५/८६ | ३५०६० | ७०१ | ३४३५८ | ० | ४८२० | २५१५२ | ५०८७ | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २७ | प्रशासकीय भवन निर्माण आयोजना | स्थानीय शासन, विकास निर्माण र सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउनु | २०८१/८२-२०८३/०८४ | २०००० | प्रशासकीय भवन निर्माण सम्पन्न भई एकीकृत सेवा सुचारु हुने |
| २८ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | भवन, आवास र बस्ती विकासलाई योजनाबद्ध, उत्थानशील र मौलिक बनाउनु | सालबसाली | ११८०० | वार्षिक १० भन्दा बढी भवन, आवास र बस्ती विकास सम्बन्धी नयाँ निर्माण, प्रबलीकरण, मर्मत संभार तथा स्तरोन्नति हुनेछन् |

## ५.१.९ जोखिम पक्ष तथा अनुमान

राष्ट्रिय भवन संहिता, भू उपयोग योजना तथा भवन निर्माण मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन हुने, पर्याप्त बजेट तथा प्राविधिक जनशक्ति उपलब्ध हुने तथा अन्तरसरकारी समन्वय प्रभावकारी रहने अनुमान गरिएको छ। सुरक्षित, वातावरणमैत्री तथा समावेशी भवन निर्माणमा नागरिकको सहभागिता तथा सचेतना अभिवृद्धि हुनेछ।

तर प्राकृतिक विपद्, जलवायु परिवर्तन, वन्यजन्तुजन्य जोखिम, सिमित वित्तीय स्रोत, प्राविधिक जनशक्तिको अभाव, अनियोजित बस्ती विस्तार तथा भवन मापदण्डको कमजोर कार्यान्वयनका कारण अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्ने जोखिम रहेको छ। यी जोखिम न्यूनीकरणका लागि नियमित अनुगमन, प्राविधिक क्षमता विकास, भू उपयोगयोजनाको प्रभावकारी कार्यान्वयन तथा विपद् उत्थानशील निर्माण प्रणालीलाई प्राथमिकता दिइनेछ।

# ५.२ सडक, पुल तथा यातायात

## ५.२.१ पृष्ठभूमि

सडक, पुल तथा यातायात पूर्वाधार आर्थिक, सामाजिक तथा भौतिक विकासका आधारभूत पूर्वाधार हुन्। कृषि, पर्यटन, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य लगायतका सेवामा सहज पहुँच तथा उत्पादन र बजारबीचको सम्बन्ध सुदृढ बनाउन गुणस्तरीय सडक सञ्जालको महत्वपूर्ण भूमिका रहन्छ।

गाउँपालिकाभित्र कृषि उत्पादन, दुग्ध, तरकारी, फलफूल, वनजन्य उत्पादन तथा पर्यटन क्षेत्रको विकासका लागि गुणस्तरीय सडक, पुल, कल्भर्ट, बसपार्क, यात्रु प्रतिक्षालय, पार्किङ, सडक बत्ती, ट्राफिक संकेत तथा सडक सुरक्षासम्बन्धी पूर्वाधारको विस्तार आवश्यक रहेको छ। साथै सडक निर्माण, सञ्चालन तथा मर्मतसम्भारमा जलवायु उत्थानशील (Climate Resilient), वातावरणमैत्री तथा हरित पूर्वाधारको अवधारणालाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ।

### ५.२.२ समस्या तथा चुनौति

**समस्या**

- अधिकांश ग्रामीण सडक कच्ची तथा वर्षायाममा अवरुद्ध हुने।
- आवश्यक स्थानमा पुल, कल्भर्ट, ढल तथा पानी निकास संरचनाको अभाव।
- नियमित सडक मर्मतसम्भार प्रणाली प्रभावकारी नहुनु।
- सडक सुरक्षासम्बन्धी पूर्वाधार (सडक संकेत, जेब्रा क्रसिङ, गार्डरेल, सडक बत्ती आदि) अपर्याप्त हुनु।
- वातावरणीय प्रभाव मूल्याङ्कन तथा जैव इञ्जिनियरिङ प्रविधिको सिमित प्रयोग।
- सार्वजनिक यातायात, बसपार्क, पार्किङ तथा यात्रु प्रतिक्षालयको अभाव।
- आयोजना कार्यान्वयन, ठेक्का व्यवस्थापन तथा गुणस्तर नियन्त्रणमा कमजोरी।
- सडक सम्पत्ति व्यवस्थापन (Road Asset Management) प्रणाली विकास नभएको।

**चुनौती**

- सबै बस्तीलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालमा जोड्नु।
- गुणस्तरीय तथा जलवायु उत्थानशील सडक तथा पुल निर्माण गर्नु।
- सडक निर्माणसँगै वातावरण संरक्षण तथा भू क्षय नियन्त्रण गर्नु।
- सडक सुरक्षा मापदण्ड पूर्ण रूपमा कार्यान्वयन गर्नु।
- आवश्यक बजेट, प्राविधिक जनशक्ति तथा अन्तरसरकारी समन्वय सुनिश्चित गर्नु।
- राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रभित्र आवश्यक पूर्वाधार विकासमा समन्वय कायम गर्नु।
- नियमित मर्मतसम्भारका लागि दिगो वित्तीय व्यवस्था गर्नु।

### ५.२.३ सोच

"सुरक्षित, गुणस्तरीय, हरित तथा दिगो सडक र पुल पूर्वाधारमार्फत समृद्ध विनयी त्रिवेणीको निर्माण।"

### ५.२.४ उद्देश्य

१. सुरक्षित, गुणस्तरीय, जलवायु उत्थानशील तथा दिगो सडक, पुल र यातायात पूर्वाधार विकास गर्नु।

२. गाउँपालिकाका सबै बस्तीलाई बाह्रै महिना सञ्चालन हुने सडक पहुँचमा जोड्नु।

३. सडक सुरक्षा, सार्वजनिक यातायात तथा सहायक पूर्वाधारको विस्तार गरी सेवा प्रवाह सहज बनाउनु।

## ५.२.५ रणनीति

१. सडक गुरुयोजना (Road Master Plan) तथा GIS आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने।
२. कालोपत्रे, ग्राभेल तथा ग्रामीण सडकलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्ने।
३. आवश्यक स्थानमा पुल, कल्भर्ट, ढल, पानी निकास तथा रिटेनिङ संरचना निर्माण गर्ने।
४. सडक सुरक्षा मापदण्डअनुसार सडक संकेत, जेब्रा क्रसिङ, गार्डरेल, सडक बत्ती तथा ट्राफिक व्यवस्थापन विस्तार गर्ने।
५. बसपार्क, यात्रु प्रतिक्षालय, पार्किङ तथा सार्वजनिक यातायातका पूर्वाधार विकास गर्ने।
६. नियमित मर्मतसम्भार प्रणालीलाई संस्थागत गरी सडक सम्पत्तिको आयु वृद्धि गर्ने।
७. संघ, प्रदेश, विकास साझेदार तथा निजी क्षेत्रसँग साझेदारी गरी पूर्वाधार विकासलाई तीव्रता दिने।

## ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ५० | ५० | ३० | ३० | ३० |
| नियमित यातायात सञ्चालन हुने रुट | संख्या | २ | २ | ३ | ३ | ३ |
| पक्की सडक | कि.मि. | १५ | २० | २५ | ३० | ४० |
| ग्राभेल सडक | कि.मि. | ३५ | ४० | ५० | ६० | ७० |
| पक्की पुल | संख्या | ८ | ९ | ९ | १० | १० |
| कल्भट | संख्या | ४३ | ४५ | ५५ | ६० | ६५ |
| नियमित मर्मत संभार हुने सडकको लम्बाई | कि.मि. | २० | २५ | ३० | ३५ | ४० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | १ | २ | ३ | ४ | ५ |
| कुल सडक लम्बाई | कि.मि. | २५३ | २६३ | २६७ | २७७ | २९० |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १९१६५० | १९१७ | १८९७३४ | ० | १५९०२४ | २४६७९ | ७९४७ | ० |
| २०८४/८५ | २०१२३३ | २०१२ | १९९२२० | ० | १६६९७५ | २५९१३ | ८३४५ | ० |
| २०८५/८६ | २११२९४ | २११३ | २०९१८१ | ० | १७५३२४ | २७२०९ | ८७६२ | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २९ | दुम्कीबास डाँडाजोर सर्दी देउराली हुदै पाल्पा जाने मोटरबाटो स्तरोन्नति | दुम्किबास देखि कोल्टाडी सम्म १४ कि.मि. सडक कालोपत्रे तथा ढलान | २०८०/८१–२०८३/८४ | ५५००० | १४ कि.मि. पहुँच मार्ग निर्माण तथा स्तरोन्नति भइ सुचारू हुने |
| ३० | सुनई कनिकेसल चिसापानी भैसेखोला मोटरबाटो स्तरोन्नती | वडा नं. ३ देखि चिसापानी वडा नं. ४ हुदै वडा नं. ५ जोड्ने बैकल्पिक बाटोको रुपमा बिस्तार हुने | २०८०/८१–२०८३/८४ | १६००० | वडा नं. ३ देखि चिसापानी वडा नं. ४ हुदै वडा नं. ५ जोड्ने बैकल्पिक बाटोको स्तरउन्नति भै सुचारु हुने |
| ३१ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | पालिका स्तरिय सडक, गर्मीण सडक तथा भित्रि सडक पूर्वाधार संरचनाको स्तरोन्नति भई सेवा सुविधा सहज बनाउनु | सालबसाली | १२०६५० | १५ किमि सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |

## ५.२.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश तथा स्थानीय सरकारबीचको प्रभावकारी समन्वय, पर्याप्त बजेट व्यवस्था, समयमै खरिद प्रक्रिया सम्पन्न हुनु, आवश्यक वातावरणीय स्वीकृति प्राप्त हुनु तथा स्थानीय समुदायको सहयोग प्राप्त हुनु यस उपक्षेत्रको सफल कार्यान्वयनका आधार हुनेछन्।

जलवायु परिवर्तनका कारण बाढी, पहिरो, भू क्षय तथा अत्यधिक वर्षाले सडक तथा पुल संरचनामा क्षति पुग्न सक्ने जोखिम रहेको छ। निर्माण सामग्रीको मूल्यवृद्धि, जग्गा प्राप्तिमा समस्या, वन तथा निकुञ्ज क्षेत्रको स्वीकृतिमा ढिलाइ, दक्ष जनशक्तिको अभाव तथा ठेक्का व्यवस्थापनमा कमजोरीका कारण आयोजना समयमै सम्पन्न नहुने सम्भावना रहन्छ। यी जोखिम न्यूनीकरणका लागि जलवायु

उत्थानशील डिजाइन, गुणस्तर नियन्त्रण, नियमित अनुगमन, समयमै मर्मतसम्भार तथा बहुपक्षीय समन्वयलाई प्राथमिकता दिइनेछ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा आर्थिक विकास, उत्पादनशीलता वृद्धि, वातावरण संरक्षण तथा नागरिकको जीवनस्तर सुधारका आधारभूत पूर्वाधार हुन्। नेपाल सरकारको स्वच्छ ऊर्जा नीति तथा दिगो विकास लक्ष्य )SDGs) अनुसार सबै नागरिकलाई भरपर्दो, सुरक्षित, गुणस्तरीय तथा दिगो ऊर्जा सेवामा पहुँच सुनिश्चित गर्ने लक्ष्य रहेको छ।

विनयी त्रिवेणी गाउँपालिकाका अधिकांश बस्ती राष्ट्रिय विद्युत प्रसारण प्रणालीसँग जोडिएका छन्। तथापि केही दुर्गम तथा छरिएका बस्तीमा विद्युत सेवा अझै पूर्णरूपमा विस्तार हुन बाँकी रहेको छ भने कतिपय क्षेत्रमा कम क्षमताका ट्रान्सफर्मर, जीर्ण वितरण लाइन तथा विद्युत आपूर्तिमा हुने अवरोधका कारण गुणस्तरीय सेवा प्रवाहमा समस्या देखिन्छ।

गाउँपालिकामा प्रशस्त जलस्रोत, खोलानाला तथा प्राकृतिक स्रोतहरूको सम्भावना रहेकाले साना जलविद्युत, सौर्य ऊर्जा, बायोग्यास, सुधारिएको चुल्हो लगायत नवीकरणीय ऊर्जाको विकास र उपयोग विस्तार गर्न सकिने अवस्था रहेको छ। विद्युतीय चुलो, कृषि विद्युतीकरण, सिँचाइ, साना उद्योग तथा डिजिटल सेवामा विद्युत उपयोग बढाउँदै स्वच्छ ऊर्जामैत्री स्थानीय अर्थतन्त्र विकास गर्ने आवश्यकता रहेको छ।

### ५.३.२ समस्या तथा चुनौति

**समस्या**

- केही बस्तीमा अझै गुणस्तरीय तथा भरपर्दो विद्युत सेवा पुग्न नसक्नु।
- कम क्षमताका ट्रान्सफर्मर, जीर्ण पोल तथा वितरण लाइनका कारण बारम्बार विद्युत अवरोध हुनु।
- स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रयोग अपेक्षित रूपमा विस्तार हुन नसक्नु।
- खाना पकाउन दाउरा तथा अन्य परम्परागत इन्धनको प्रयोग अझै कायम रहनु।
- जलस्रोतको संरक्षण तथा बहुउपयोग सम्बन्धी योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- ऊर्जा दक्षता तथा सुरक्षित विद्युत प्रयोग सम्बन्धी जनचेतनाको कमी।
- कृषि, सिँचाइ, उद्योग तथा उद्यमसँग ऊर्जा उपयोगको समुचित समन्वय हुन नसक्नु।

**चुनौती**

- सबै नागरिकलाई गुणस्तरीय र भरपर्दो विद्युत सेवा उपलब्ध गराउनु।
- विद्युत वितरण प्रणालीको आधुनिकीकरण तथा क्षमता अभिवृद्धि गर्नु।

- नवीकरणीय तथा स्वच्छ ऊर्जाको प्रयोग व्यापक बनाउनु।
- जलस्रोत संरक्षणसँगै उत्पादनमुखी उपयोग सुनिश्चित गर्नु।
- संघ, प्रदेश, नेपाल विद्युत प्राधिकरण तथा अन्य निकायसँग प्रभावकारी समन्वय कायम गर्नु।
- ऊर्जा क्षेत्रमा आवश्यक लगानी, प्रविधि तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु।

### ५.३.३ सोच

"दिगो जलस्रोत व्यवस्थापन, भरपर्दो विद्युत सेवा र स्वच्छ ऊर्जा प्रयोगमार्फत समृद्ध विनयी त्रिवेणी।"

### ५.३.४ उद्देश्य

१. सबै नागरिकलाई सुरक्षित, भरपर्दो तथा गुणस्तरीय विद्युत सेवामा पहुँच सुनिश्चित गर्नु।
२. जलस्रोतको संरक्षण गर्दै नवीकरणीय तथा स्वच्छ ऊर्जाको उत्पादन र उपयोग विस्तार गर्नु।

### ५.३.५ रणनीति

१. राष्ट्रिय विद्युत प्रसारण प्रणालीको विस्तार तथा वितरण प्रणालीको स्तरोन्नति गर्ने।
२. सौर्य ऊर्जा, बायोग्यास, सुधारिएको चुल्हो तथा अन्य नवीकरणीय ऊर्जाको प्रयोग प्रवर्द्धन गर्ने।
३. कृषि, सिँचाइ, उद्योग तथा सेवा क्षेत्रमा विद्युत उपयोग वृद्धि गर्ने।
४. जलस्रोत संरक्षण, जलाधार व्यवस्थापन तथा बहुउद्देश्यीय उपयोगलाई प्राथमिकता दिने।
५. ऊर्जा दक्षता तथा सुरक्षित विद्युत प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९० | ९० | ९२ | ९४ | ९७ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | २० | १८ | १६ | १५ | १३ |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ८० | ७८ | ७५ | ७२ | ७० |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | १० | १२ | १५ | १८ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | १५ | १५ | १८ | २० | २५ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १२२५० | ६१३ | ११६३८ | ० | ० | १२२५० | ० | ० |
| २०८४/८५ | १२८६३ | ६४३ | १२२१९ | ० | ० | १२८६३ | ० | ० |
| २०८५/८६ | १३५०६ | ६७५ | १२८३० | ० | ० | १३५०६ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३२ | जलस्रोत व्यवस्थापन कार्यक्रम | जलस्रोत संरक्षण र उपयोग वृद्धि गर्नु | सालबसाली | ४०८३ | जलाधार क्षेत्र तथा उपयोग सम्बन्धी तथ्याङ्क विवरण तयार र जलाधार क्षेत्रको संरक्षण र उपयोग दिगो रुपमा भएको हुने |
| ३३ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | केन्द्रिय विद्युत प्रणालीको विद्युतको उपभोगमा वृद्धि गर्नु | सालबसाली | ४०८३ | केन्द्रिय विद्युत प्ररसारण प्रणालीबाट स्थानीयस्तरमा विद्युत सुबिधा उपलब्ध तथा विस्तार हुने |
| ३४ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ उर्जाको उपयोगमा बृद्धि गर्नु | सालबसाली | ४०८३ | २०० घरपरिवार लाभिन्वत हुने |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट, प्राविधिक सहयोग, नेपाल विद्युत प्राधिकरण, संघ तथा प्रदेश सरकारसँगको समन्वय प्रभावकारी हुने अनुमान गरिएको छ। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, प्रसारण लाइन विस्तारमा ढिलाइ, वित्तीय स्रोतको अभाव तथा आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन हुन नसकेमा योजनाले अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन सक्छ। यी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय समन्वय, नियमित मर्मतसम्भार, नवीकरणीय ऊर्जामा लगानी तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि प्रवद्धन कार्यक्रम

### ५.४.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा सूचना प्रविधि (ICT) सुशासन, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, व्यापार तथा नागरिक सहभागिता अभिवृद्धि गर्ने प्रमुख आधारका रूपमा स्थापित भएको छ। नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ भने डिजिटल नेपाल फ्रेमवर्क, राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि नीति तथा विद्युतीय सुशासनसम्बन्धी नीतिहरूले स्थानीय तहमा प्रविधिमैत्री शासन प्रणालीको विकासलाई प्राथमिकता दिएका छन्।

विनयी त्रिवेणी गाउँपालिकामा नेपाल टेलिकम तथा निजी दूरसञ्चार सेवा प्रदायकमार्फत मोबाइल तथा इन्टरनेट सेवा उपलब्ध रहेको छ। अधिकांश वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार भएको छ। गाउँपालिकाले विभिन्न प्रशासनिक कार्यमा डिजिटल प्रणाली, अनलाइन सेवा, वित्तीय व्यवस्थापन प्रणाली, राजस्व व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, योजना तथा प्रशासन व्यवस्थापन लगायतका सूचना प्रणालीको प्रयोग गर्दै आएको छ।

यद्यपि केही ग्रामीण तथा विकट क्षेत्रमा मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर सन्तोषजनक छैन। सेवा प्रवाहमा सूचना प्रविधिको पूर्ण उपयोग, साइबर सुरक्षा, डिजिटल अभिलेखीकरण, सार्वजनिक सूचना व्यवस्थापन तथा नागरिकको डिजिटल पहुँच विस्तार गर्न थप लगानी, पूर्वाधार तथा दक्ष जनशक्ति आवश्यक रहेको छ।

### ५.४.२ समस्या तथा चूनौती

**समस्या**

- केही क्षेत्रमा मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर कमजोर हुनु।
- सूचना प्रविधि पूर्वाधार तथा उपकरणहरूको नियमित स्तरोन्नति हुन नसक्नु।
- विद्युतीय सेवा प्रवाह तथा डिजिटल अभिलेखीकरण पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु।
- साइबर सुरक्षा तथा सूचना सुरक्षासम्बन्धी प्रणाली पर्याप्त नहुनु।
- डिजिटल साक्षरता तथा सूचना प्रविधि प्रयोग गर्ने जनचेतनाको कमी।
- सूचना व्यवस्थापन प्रणालीहरूबीच एकीकृत समन्वयको अभाव।

**चुनौती**

- सबै वडा, विद्यालय तथा स्वास्थ्य संस्थामा गुणस्तरीय इन्टरनेट सेवा सुनिश्चित गर्नु।
- पालिकाको सम्पूर्ण सेवा प्रवाहलाई क्रमशः डिजिटल तथा कागजरहित (Paperless) बनाउनु।
- साइबर सुरक्षा तथा सूचना संरक्षण प्रणाली सुदृढ गर्नु।
- सार्वजनिक सेवामा ई गभर्नेन्स (E-Governance) को प्रभावकारी कार्यान्वयन गर्नु।
- डिजिटल साक्षरता अभिवृद्धि गरी नागरिकमैत्री सूचना प्रणाली विकास गर्नु।

- संघ, प्रदेश तथा निजी क्षेत्रसँग सहकार्य गरी सूचना प्रविधि पूर्वाधार विस्तार गर्नु।

### ५.४.३ सोच

"सूचना प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी तथा सुशासित विनयी त्रिवेणी गाउँपालिका।"

### ५.४.४ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको पहुँच विस्तार गर्नु।
२. विद्युतीय सुशासनमार्फत सेवा प्रवाहलाई छिटो, पारदर्शी, प्रभावकारी तथा नागरिकमैत्री बनाउनु।

### ५.४.५ रणनीति

१. सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विस्तार तथा स्तरोन्नति गर्ने।
२. पालिकाका सबैप्रशासनिक सेवा क्रमशः विद्युतीय प्रणालीमार्फत सञ्चालन गर्ने।
३. विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा गुणस्तरीय इन्टरनेट सेवा सुनिश्चित गर्ने।
४. डिजिटल अभिलेखीकरण, साइबर सुरक्षा तथा सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
५. नागरिकको डिजिटल साक्षरता तथा सूचना प्रविधि प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| इन्टरनेट सुविधा उपलब्ध विद्यालय | संख्या | ४५ | ४५ | ५३ | ५३ | ५३ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ७ | १० | १२ | १३ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय | संख्या | ७ | ७ | ७ | ७ | ७ |
| इन्टरनेट सुविधा उपलब्ध स्वास्थ्य सस्था | संख्या | ७ | ११ | ११ | ११ | ११ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ६२३० | ९३५ | ५२९६ | ० | ० | ६२३० | ० | ० |
| २०८४/८५ | ६५४२ | ९८१ | ५५६० | ० | ० | ६५४२ | ० | ० |
| २०८५/८६ | ६८६९ | १०३० | ५८३८ | ० | ० | ६८६९ | ० | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३५ | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | स्थानीय शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वृद्धि गर्नु | सालबसाली | ३११५ | विभिन्न १२ प्रकारका सेवाहरू सूचना प्रविधि प्रणालीबाट प्रवाह हुने |
| ३६ | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | स्थानीय विकास निर्माण र सेवा प्रवाह सूचना प्रविधिमैत्री र सहज बनाउनु | सालबसाली | ३११५ | कार्यपालिका कार्यालय, विषयगत शाखा र १६ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुने । |

## ५.४.८ जोखिम पक्ष तथा पूर्वानूमान

प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट, सूचना प्रविधि पूर्वाधार, दक्ष जनशक्ति तथा संघ, प्रदेश र सेवा प्रदायक संस्थाहरूसँग प्रभावकारी समन्वय हुने अनुमान गरिएको छ। सूचना प्रविधि उपकरणको समयमै स्तरोन्नति हुन नसक्नु, साइबर सुरक्षा जोखिम, इन्टरनेट सेवामा अवरोध, आवश्यक प्राविधिक जनशक्तिको अभाव तथा पर्याप्त बजेट सुनिश्चित हुन नसक्दा योजनाका अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन सक्छ। यी जोखिम न्यूनीकरणका लागि नियमित प्रणाली स्तरोन्नति, साइबर सुरक्षा सुदृढीकरण, प्राविधिक क्षमता विकास तथा वैकल्पिक सूचना प्रविधि व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

# परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भू संरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

वन, जैविक विविधता, जलाधार तथा प्राकृतिक स्रोतहरूको संरक्षण दिगो विकास, वातावरणीय सन्तुलन तथा स्थानीय जीविकोपार्जनका आधार हुन्। विनयी त्रिवेणी गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब ७४.७० प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ, जसमा राष्ट्रिय वन, सामुदायिक वन तथा निजी वन रहेका छन्। यसले जलाधार संरक्षण, जैविक विविधता, कार्बन सञ्चिति, जलवायु परिवर्तन न्यूनीकरण तथा स्थानीय समुदायको जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

गाउँपालिकामा सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रिय सहभागितामा वन संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ। वन क्षेत्रबाट काठ, दाउरा, घाँस, जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार (NTFPs) उत्पादन हुने सम्भावना रहेको छ। साथै नदी, खोल्सा, तालतलैया तथा वन्यजन्तुको संरक्षणसँगै इको पर्यटन विकासको समेत अवसर रहेको छ।

यद्यपि जलवायु परिवर्तन, वन अतिक्रमण, अनियन्त्रित नदीजन्य पदार्थ उत्खनन, भूक्षय, डढेलो, मानव वन्यजन्तु द्वन्द्व तथा अव्यवस्थित पूर्वाधार विकासका कारण प्राकृतिक स्रोत संरक्षणमा चुनौती थपिएको छ। त्यसैले वन संरक्षणसँगै उत्पादनमुखी, वैज्ञानिक तथा समुदायमा आधारित वन व्यवस्थापनलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

### ६.१.२ समस्या तथा चुनौति

**समस्या**

- वन डढेलो, अवैध कटानी तथा वन अतिक्रमणको जोखिम।
- भूक्षय, पहिरो तथा नदी कटानका कारण प्राकृतिक स्रोतमा क्षति।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको वैज्ञानिक व्यवस्थापन तथा व्यवसायीकरणको कमी।
- मानव वन्यजन्तु द्वन्द्व बढ्दै जानु।
- नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन।
- वनमा आधारित उद्यम तथा रोजगारीका अवसर सिमित हुनु।
- सामुदायिक वन व्यवस्थापनमा प्रविधि तथा वित्तीय स्रोतको अभाव।

**चुनौती**

- वन तथा जैविक विविधताको दिगो संरक्षण गर्दै उत्पादनशील उपयोग बढाउनु।
- जलाधार संरक्षण, नदी नियन्त्रण तथा भू संरक्षण कार्यक्रम प्रभावकारी बनाउनु।
- वनमा आधारित उद्यम, हरित रोजगारी तथा आयआर्जन विस्तार गर्नु।
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि गर्नु।
- समुदाय, सामुदायिक वन उपभोक्ता समूह तथा सरोकारवालाबीच प्रभावकारी समन्वय कायम गर्नु।

## ६.१.३ सोच

"समुदायको सहभागितामा दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण र हरित समृद्धि।"

## ६.१.४ उद्देश्य

१. वन, जलाधार तथा जैविक विविधताको संरक्षण, संवर्द्धन तथा वैज्ञानिक व्यवस्थापन गर्नु।
२. वनमा आधारित उद्यम, हरित रोजगारी तथा स्थानीय आयआर्जन अभिवृद्धि गर्नु।

## ६.१.५ रणनीति

१. सामुदायिक तथा निजी वनको दिगो र उत्पादनमुखी व्यवस्थापन गर्ने।
२. वन डढेलो नियन्त्रण, वृक्षारोपण तथा पुनःवनरोपण कार्यक्रम सञ्चालन गर्ने।
३. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन गर्ने।
४. जलाधार संरक्षण, नदी नियन्त्रण तथा भू संरक्षण कार्यक्रम विस्तार गर्ने।
५. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जैविक विविधता संरक्षणमा समुदायको सहभागिता बढाउने।

## ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | १४४९८ | १४५०० | १४५०२ | १४५०४ | १४५०६ |
| सुचारू जडिबुटी संकलन तथा प्रशोधन केन्द | संख्या | १ | १ | २ | २ | २ |
| जडीबुटी कर वा वन पैदावरको विक्रीबाट प्राप्त आय | रू. हजारमा | | | | | |
| नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र गाउँपालिकासँग नियमित समन्वयमा | संख्या | १२ | १५ | २० | २५ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रहेका सामुदायिक वन उपभोक्ता समिति | | | | | | |
| पार्क तथा उद्यान | संख्या | ८ | ९ | १० | १२ | १२ |
| संरक्षित तालतलैया तथा पोखरी | संख्या | १ | २ | ३ | ४ | ५ |
| नदी नियन्त्रण बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | १८०० | १९५० | २१०० | २२५० | २४०० |
| दर्ता निजी वन | संख्या | १९ | २० | २२ | २४ | २६ |
| शहरी वन तथा सडक किनारा वृक्षरोपण | संख्या | ७५०० | ७७०० | ७९०० | ८१०० | ८३०० |
| वन हरियाली, भुसंरक्षण तथा नदी नियन्त्रण क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.०३ | ०.१ | ०.३ | ०.४ | ०.५ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षणउपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २१०० | २१० | १८९० | ० | ० | २१०० | ० | ० |
| २०८४/८५ | २२०५ | २२१ | १९८५ | ० | ० | २२०५ | ० | ० |
| २०८५/८६ | २३१५ | २३२ | २०८४ | ० | ० | २३१५ | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३७ | वन तथा हरीयाली प्रवर्द्धन कार्यक्रम | वन, हरियाली क्षेत्र विस्तार, वनको दिगो व्यवस्थापन र जैविक विविधता संरक्षण गर्नु | सालबसाली | १०५० | १० हजार विरुवा रोपिएको हुने |
| ३८ | जलाधार व्यवस्थापन, भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | जलाधार व्यवस्थापन, भूसंरक्षण र नदी नियन्त्रणलाई प्रभावकारी गराउनु | सालबसाली | १०५० | ७५० मि. लम्बाइमा बाँध तथा स्पर निर्माण भई नदी, ५० स्थानमा गल्छी र खहरे नियन्त्रण भइ जग्गा, बस्ती र विकासका पूर्वाधार संरक्षण हुने |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट, नीतिगत सहयोग, सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय हुने अनुमान गरिएको छ। जलवायु परिवर्तन, वन डढेलो, अवैध वन कटानी, मानव वन्यजन्तु द्वन्द्व, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, प्राकृतिक प्रकोप तथा सिमित वित्तीय स्रोतका कारण अपेक्षित उपलब्धि हासिल गर्न चुनौती आउन सक्छ। यी जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित वन व्यवस्थापन, नियमित अनुगमन, हरित पूर्वाधार विकास, नदी तथा जलाधार संरक्षण र जलवायु अनुकूलन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

स्वच्छ, सुरक्षित तथा स्वस्थ वातावरण नागरिकको मौलिक अधिकार हो। नेपालको संविधान, स्थानीय सरकार सामग्रीको सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले स्थानीय तहलाई वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ।

विनयी त्रिवेणी गाउँपालिकामा बढ्दो शहरीकरण, सडक विस्तार, बजार क्षेत्रको विकास तथा उपभोग्य प्रयोग बढेसँगै फोहोर उत्पादनमा क्रमिक वृद्धि भइरहेको छ। विशेषगरी प्लास्टिकजन्य फोहोर, निर्माणजन्य फोहोर, अस्पतालजन्य फोहोर तथा कृषि रसायनको प्रयोगले वातावरणीय चुनौती थपिएको छ।

हाल गाउँपालिकामा केही क्षेत्रमा नियमित सरसफाइ अभियान सञ्चालन भए तापनि फोहोरको स्रोतमै वर्गीकरण, पुनःप्रयोग (Reuse), पुनर्चक्रण (Recycle), कम्पोष्ट उत्पादन, सुरक्षित ढल व्यवस्थापन तथा वैज्ञानिक ल्यान्डफिल व्यवस्थापन पूर्णरूपमा संस्थागत हुन सकेको छैन।

जलवायु परिवर्तनका कारण अत्यधिक वर्षा, बाढी, भूक्षय, नदी कटान तथा तापक्रम वृद्धि जस्ता असर देखिन थालेका छन्। त्यसैले हरित विकास, जैविक विविधता संरक्षण, प्रदूषण नियन्त्रण, वातावरणीय अध्ययन (IEE/EIA), हरित सार्वजनिक पूर्वाधार तथा समुदायमा वातावरणीय सचेतना अभिवृद्धि गर्दै दिगो वातावरणीय व्यवस्थापन आवश्यक भएको छ।

### ६.२.२ समस्या तथा चुनौति

**समस्या**

- स्रोतमै फोहोर वर्गीकरण तथा व्यवस्थापनको प्रभावकारी अभ्यास हुन नसक्नु।
- प्लास्टिकजन्य तथा एकपटक प्रयोग हुने सामग्रीको अत्यधिक प्रयोग।

- वैज्ञानिक ल्यान्डफिल साइट तथा फोहोर प्रशोधन केन्द्रको अभाव।
- अस्पतालजन्य तथा जोखिमयुक्त फोहोरको सुरक्षित व्यवस्थापन नहुनु।
- ढल तथा फोहोर पानी व्यवस्थापन प्रणाली अपर्याप्त हुनु।
- वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) को प्रभावकारी कार्यान्वयनमा कमजोरी।
- नदी, खोला तथा सार्वजनिक स्थानमा अनियन्त्रित फोहोर फाल्ने प्रवृत्ति।
- वातावरणीय तथ्याङ्क तथा अनुगमन प्रणाली कमजोर हुनु।

**चुनौती**

- बढ्दो शहरीकरणसँगै फोहोर उत्पादनमा वृद्धि।
- जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन।
- नागरिकको व्यवहार परिवर्तन गरी स्रोतमै फोहोर वर्गीकरणको अभ्यास विकास गर्नु।
- निजी क्षेत्र, सामुदायिक संस्था तथा सहकारीसँग प्रभावकारी साझेदारी स्थापना गर्नु।
- वातावरणीय कानुन तथा मापदण्डको प्रभावकारी कार्यान्वयन।
- आवश्यक प्राविधिक जनशक्ति, उपकरण तथा वित्तीय स्रोत व्यवस्थापन।

## ६.२.३ सोच

"स्वच्छ, हरित, प्रदूषणमुक्त तथा जलवायु उत्थानशील विनयी त्रिवेणी गाउँपालिका।"

## ६.२.४ उद्देश्य

१. स्वच्छ, स्वस्थ तथा वातावरणमैत्री गाउँपालिका निर्माण गर्नु।
२. फोहोरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण तथा प्राकृतिक स्रोत संरक्षणलाई प्रभावकारी बनाउनु।
३. जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय जोखिम न्यूनीकरणमा समुदायको सहभागिता अभिवृद्धि गर्नु।

## ६.२.५ रणनीति

१. स्रोतमै फोहोर वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा कम्पोष्ट उत्पादनलाई प्रोत्साहन गर्ने।
२. वैज्ञानिक फोहोर प्रशोधन केन्द्र तथा ल्यान्डफिल साइट विकास गर्ने।
३. वातावरणीय अध्ययन (IEE/EIA) लाई अनिवार्य रूपमा कार्यान्वयन गर्ने।
४. प्लास्टिक न्यूनीकरण तथा हरित सार्वजनिक खरिद नीति कार्यान्वयन गर्ने।
५. वातावरणीय शिक्षा, सरसफाइ तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
६. जलवायु परिवर्तन अनुकूलन तथा हरित पूर्वाधार विकासलाई प्राथमिकता दिने।

## ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| घोषणा वातावरणीयमैत्री टोल | संख्या | ० | १० | ३० | ५० | ७५ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती तथा टोल | संख्या | २५ | ३५ | ५० | ६५ | ८० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ८१.९ | ८२ | ८३ | ८४ | ८५ |
| स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | २००० | ३००० | ४००० | ५००० | ६००० |
| सार्वजनिक शौचालय | संख्या | ११ | १३ | १५ | १७ | २० |
| विसर्जन हुने फोहोरमैलामा कुहिने फाहोरको अंश | प्रतिशत | ५७ | ५५ | ५२ | ४८ | ४५ |
| ल्याण्डफिल साइट तथा प्रशोधन केन्द्रबाट वातावरणमैत्री रूपमा व्यवस्थापन भएको फोहोरमैलाको परिमाण | मे.टन | १ | ३ | ५ | ८. | १०. |
| फोहोर प्रशोधन केन्द्रमा व्यवस्थापन भएको कुहिने फाहोरको परिमाण (प्रति दिन) | मे.टन | ३ | ६ | ९ | १२ | १५ |
| निर्मलीकरण तथा व्यवस्थापन भएको अस्पतालजन्य फोहोर | मे.टन | १ | २ | ३ | ४ | ५ |
| कानुन अनुसार वातावरणीय अध्ययन भइ कार्यान्वयन हुन आयोजनाको वार्षिक | संख्या | १ | २ | ३ | ४ | ५ |
| वातावरण तथा फोहोरमैला व्यवस्था क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.३ | ०.५ | ०.८ | १. | १.३ |

## ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३८५० | ११६ | ३७३५ | ० | १७४९ | १५८९ | ५१३ | ० |
| २०८४/८५ | ४०४३ | १२१ | ३९२१ | ० | १८३६ | १६६८ | ५३८ | ० |
| २०८५/८६ | ४२४५ | १२७ | ४११७ | ० | १९२८ | १७५१ | ५६५ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३९ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्य द्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरण गर्नु | सालबसाली | १९२५ | ५० प्रतिशत घरपरिवार स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्य द्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरणका सहभागी तथा लाभान्वित हुने |
| ४० | वातावरण संरक्षण कार्यक्रम | प्रदूषण न्यूनीवकरण तथा वातावरणीय स्वच्छता कायम गर्नु | सालबसाली | १९२५ | वातावरण संरक्षण सम्बन्धी सूचक पुरा भइ वातावरणमैत्री गाउँपालिका घोषणा हुने |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

यदि पर्याप्त बजेट, प्राविधिक जनशक्ति, अन्तरसरकारी समन्वय, निजी क्षेत्र तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित भएमा वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका लक्ष्यहरू प्रभावकारी रूपमा हासिल हुने अपेक्षा गरिएको छ।

तर जलवायु परिवर्तनका तीव्र प्रभाव, अनियन्त्रित शहरीकरण, प्राकृतिक स्रोतको अत्यधिक दोहन, फोहोर उत्पादनमा वृद्धि, नागरिकको न्यून सहभागिता, वातावरणीय कानुनको कमजोर कार्यान्वयन, प्राविधिक तथा वित्तीय स्रोतको अभाव, तथा विपद्जन्य घटनाहरूका कारण योजनाका लक्ष्यहरू प्रभावित हुन सक्ने जोखिम रहन्छ। त्यसैले वातावरणीय सुशासन, नियमित अनुगमन, जनचेतना अभिवृद्धि, हरित प्रविधिको प्रयोग तथा बहुपक्षीय सहकार्यलाई सुदृढ गर्दै जोखिम न्यूनीकरण गरिनेछ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

विपद् जोखिम व्यवस्थापन दिगो विकास, मानव सुरक्षा तथा वातावरणीय संरक्षणको आधारभूत पक्ष हो। विनयी त्रिवेणी गाउँपालिका भौगोलिक बनावट, वन क्षेत्र, नदी प्रणाली तथा जलवायु परिवर्तनका कारण बाढी, पहिरो, डुबान, नदी कटान, भूक्षय, आगलागी, चट्याङ, हावाहुरी, सुख्खा, महामारी तथा वन्यजन्तुजन्य जोखिमको दृष्टिले संवेदनशील क्षेत्रका रूपमा रहेको छ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा जलवायु परिवर्तन नीति, २०७६ ले स्थानीय तहलाई विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, पूर्वसूचना प्रणाली, उद्धार, राहत, पुनःस्थापना तथा उत्थानशील विकासको जिम्मेवारी प्रदान गरेको छ।

विगतका वर्षहरूमा अत्यधिक वर्षा, बाढी, पहिरो, सडक अवरोध, नदी कटान, आगलागी तथा महामारीका कारण जनधनको क्षति हुने गरेको छ। जलवायु परिवर्तनका कारण वर्षाको असमान वितरण, तापक्रम वृद्धि तथा प्राकृतिक प्रकोपको आवृत्ति बढ्दै गएको छ।

यस सन्दर्भमा जोखिम पहिचान, GIS आधारित जोखिम नक्साङ्कन, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन )CBDRM), पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार, जलवायु अनुकूल विकास तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै विपद् उत्थानशील गाउँपालिका निर्माण गर्नु आवश्यक भएको छ।

### ६.३.२ समस्या तथा चुनौति

**समस्या**

- विपद् जोखिम नक्साङ्कन तथा तथ्याङ्क प्रणाली पूर्ण रूपमा अद्यावधिक नहुनु।
- बाढी, पहिरो, नदी कटान तथा भूक्षयबाट उच्च जोखिमयुक्त बस्तीहरू रहनु।
- पूर्वसूचना प्रणाली तथा सञ्चार संयन्त्र सबै क्षेत्रमा विस्तार हुन नसक्नु।
- विपद् उद्धार सामग्री, उपकरण तथा दक्ष जनशक्तिको अभाव।
- स्थानीय विपद् व्यवस्थापन कोष तथा आकस्मिक राहत व्यवस्थापन सिमित हुनु।
- जलवायु परिवर्तनका प्रभाव कृषि, खानेपानी तथा पूर्वाधारमा बढ्दै जानु।
- जोखिमयुक्त संरचना तथा बस्तीहरूको व्यवस्थापन प्रभावकारी हुन नसक्नु।

**चुनौती**

- जलवायु परिवर्तनजन्य विपद्को बढ्दो जोखिम न्यूनीकरण गर्नु।
- समुदायमा आधारित विपद् तयारी तथा पूर्वाभ्यासलाई संस्थागत गर्नु।
- विपद् जोखिम न्यूनीकरणलाई विकास आयोजना तथा बजेटसँग एकीकृत गर्नु।
- आधुनिक सूचना प्रविधिमा आधारित पूर्वसूचना प्रणाली विस्तार गर्नु।
- संघ, प्रदेश, सुरक्षा निकाय, रेडक्रस तथा समुदायबीच प्रभावकारी समन्वय कायम गर्नु।
- विपद् पश्चात पुनर्निर्माणलाई "Build Back Better" सिद्धान्तअनुसार कार्यान्वयन गर्नु।

### ६.३.३ सोच

"जलवायु उत्थानशील, सुरक्षित तथा विपद् प्रतिरोधी विनयी त्रिवेणी गाउँपालिका।"

### ६.३.४ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनु।
२. जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील विकासलाई स्थानीय विकास योजनासँग एकीकृत गर्नु।
३. सुरक्षित पूर्वाधार, समुदाय तथा जीविकोपार्जन प्रणालीको विकास गर्नु।

### ६.३.५ रणनीति

१. जोखिम नक्साङ्कन, पूर्वसूचना प्रणाली तथा विपद् सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
२. समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन तथा नियमित पूर्वाभ्यास सञ्चालन गर्ने।
३. विपद् व्यवस्थापन कोष, उद्धार सामग्री तथा आपतकालीन सञ्चालन केन्द्र (EOC) सुदृढ गर्ने।
४. जोखिमयुक्त बस्ती तथा पूर्वाधारको संरक्षण, स्थानान्तरण तथा सुरक्षित पुनर्निर्माण गर्ने।
५. जलवायु परिवर्तन अनुकूल कृषि, जलस्रोत संरक्षण तथा हरित पूर्वाधार विकासलाई प्रोत्साहन गर्ने।
६. विपद् जोखिम न्यूनीकरणलाई सबै विकास आयोजना तथा बजेटमा मूलप्रवाहीकरण गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| विपदबाट वार्षिक रूपमा हुने मानवीय क्षति | संख्या | ८ | ७ | ६ | ५ | ४ |
| वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | ५६६ | ५०० | ४०० | ३०० | २०० |
| विपदबाट हुने वार्षिक क्षति | रू. हजारमा | ९९५०० | ९०००० | ७०००० | ५०००० | ३०००० |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | | | | | |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलन कार्यक्रम वार्षिक बजेटको अंश | प्रतिशत | ०.४ | ०.५ | ०.६ | ०.७ | ०.८ |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलनसँग सम्बन्धित आयोजना र कार्य | संख्या | १ | १ | २ | २ | ३ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८३/८४ | १००५० | ४०२० | ६०३० | ० | ३४९७ | ६२९६ | २५६ | ० |
| २०८४/८५ | १०५५३ | ४२२१ | ६३३२ | ० | ३६७२ | ६६११ | २६९ | ० |
| २०८५/८६ | ११०८० | ४४३२ | ६६४८ | ० | ३८५६ | ६९४२ | २८३ | ० |

## ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४१ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्व तयारी र प्रतिकार्य र पूनर्लाभिलाइ योजनाबद्ध र प्रभावकारी बनाउनु । | सालबसाली | ५०२५ | विपदबाट हुने क्षतीमा 60 प्रतिशतले कमी आउने । |
| ४२ | जलवायु परीवर्तन अनुकुलन तथा समयानुकुलन कार्यक्रम | जलवायु परिवर्तको असर न्यूनीकरण, अनुकुलन र उत्थानशील क्षमता अभिवृद्धि गर्नु । | सालबसाली | ५०२५ | जलवायु परिवर्तन अनुकुलन योजना तर्जुमा भइ लागु भएको हुने |

## ६.३.९ जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेट, दक्ष जनशक्ति, विपद् व्यवस्थापन कोष, आधुनिक उपकरण, पूर्वसूचना प्रणाली, अन्तरसरकारी समन्वय तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित भएमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका लक्ष्यहरू प्रभावकारी रूपमा हासिल हुने अपेक्षा गरिएको छ। तर जलवायु परिवर्तनका कारण अत्यधिक वर्षा, बाढी, पहिरो, सुख्खा, आगलागी, महामारी तथा अन्य प्राकृतिक प्रकोपको तीव्रता वृद्धि, सिमित वित्तीय स्रोत, प्राविधिक जनशक्तिको अभाव, समन्वयको कमजोरी तथा अनियोजित विकास गतिविधिका कारण योजनाको कार्यान्वयनमा चुनौती आउन सक्ने जोखिम रहन्छ।

## परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस परिच्छेद नीति, कानून, न्याय तथा सुशासन, मानज संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सुशासन ऐन (व्यवस्थापन तथा सञ्चालन), २०६४, सार्वजनिक खरिद ऐन तथा प्रचलित संघीय र प्रदेश कानूनले स्थानीय तहलाई प्रभावकारी, पारदर्शी, जवाफदेही र उत्तरदायी शासन प्रणाली सञ्चालन गर्ने अधिकार तथा जिम्मेवारी प्रदान गरेका छन्।

बिनयी त्रिवेणी गाउँपालिकाले स्थानीय आवश्यकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, वन, पूर्वाधार, न्याय, राजस्व, वातावरण, विपद् व्यवस्थापन, सार्वजनिक खरिद, कर्मचारी व्यवस्थापन लगायत विभिन्न क्षेत्रमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्दै आएको छ।

गाउँपालिकामा न्यायिक समिति सक्रिय रूपमा सञ्चालन हुँदै आएको छ। मेलमिलाप प्रणालीलाई प्रभावकारी बनाउँदै स्थानीय स्तरमै विवाद समाधान गर्ने अभ्यास विस्तार हुँदै गएको छ। विद्युतीय सेवा प्रवाह, डिजिटल अभिलेखीकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक बडापत्र, गुनासो व्यवस्थापन प्रणाली, बेरुजु फछ्र्यौट, सार्वजनिक खरिद प्रणाली तथा LGPAS (Local Government Performance Assessment-System) सूचक सुधारमा गाउँपालिकाले निरन्तर प्रयास गरिरहेको छ।

आगामी अवधिमा सेवा प्रवाहलाई थप प्रविधिमैत्री, पारदर्शी, नतिजामुखी तथा नागरिकमैत्री बनाउने लक्ष्य राखिएको छ।

#### ७.१.२ समस्या तथा चुनौति

**समस्या**

- सबै विषयगत क्षेत्रमा आवश्यक नीति तथा कानून अद्यावधिक हुन नसक्नु।
- बनेका ऐन, नियम तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन कमजोर हुनु।
- डिजिटल अभिलेख तथा ई-गभर्नेन्स प्रणाली पूर्ण रूपमा विकास हुन नसक्नु।
- न्यायिक समितिमा दर्ता भएका मुद्दाको समयमै फछ्र्यौट गर्न चुनौती।
- कर्मचारीको क्षमता विकास तथा दक्ष जनशक्तिको अभाव।

- सार्वजनिक सेवा प्रवाहमा प्रविधिको सिमित प्रयोग।
- आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली कमजोर हुनु।
- गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी नहुनु।
- बेरुजु फछ्र्यौटको गति अपेक्षाकृत न्यून हुनु।
- अन्तरसरकारी समन्वय तथा साझेदारी पर्याप्त नहुनु।

**चुनौती**

- संविधान तथा नयाँ कानून अनुसार स्थानीय नीति निरन्तर अद्यावधिक गर्नु।
- सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउनु।
- सुशासन, पारदर्शिता र जवाफदेहिता संस्थागत गर्नु।
- भ्रष्टाचार न्यूनीकरण तथा नैतिक प्रशासन प्रवर्द्धन गर्नु।
- LGPAS तथा संस्थागत क्षमता मूल्याङ्कनमा उच्च अंक प्राप्त गर्नु।
- न्यायमा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्नु।
- नागरिक सहभागितामूलक योजना प्रणाली विकास गर्नु।

### ७.१.३ सोच

"उत्तरदायी, पारदर्शी, प्रविधिमैत्री तथा नागरिकमैत्री सुशासनयुक्त बिनयी त्रिवेणी गाउँपालिका।"

### ७.१.४ उद्देश्य

१. प्रभावकारी, पारदर्शी तथा उत्तरदायी स्थानीय शासन प्रणाली विकास गर्नु।
२. नीति, कानून तथा संस्थागत व्यवस्थालाई समयानुकूल अद्यावधिक गर्नु।
३. न्यायिक सेवालाई छिटो, सहज तथा नागरिकमैत्री बनाउनु।
४. विद्युतीय सुशासन तथा डिजिटल सेवा विस्तार गर्नु।
५. सार्वजनिक वित्तीय व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु।

### ७.१.५ रणनीति

१. आवश्यक स्थानीय ऐन, नियम तथा कार्यविधि अद्यावधिक गर्ने।
२. सबै प्रशासनिक सेवा क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्ने।
३. LGPAS सूचक सुधारका कार्यक्रम सञ्चालन गर्ने।
४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागिता बढाउने।
५. न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने।
६. गुनासो व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने।
७. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास गर्ने।
८. पारदर्शिता तथा भ्रष्टाचार नियन्त्रणका उपाय सुदृढ गर्ने।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेकोछ:

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | १०२ | १०८ | ११४ | ११९ | १२६ |
| १. नीति | विषय | ३ | ४ | ५ | ६ | ७ |
| २. ऐन | विषय | ३३ | ३५ | ३७ | ३८ | ४० |
| ३. नियम तथा विनियम | विषय | ७ | ८ | ९ | १० | ११ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ६३ | ६५ | ६७ | ६९ | ७२ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १४ | १५ | १६ | १७ | १८ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३८५२ | ३६५९ | १९३ | ० | ३८५२ | ० | ० | ० |
| २०८४/८५ | ४०४५ | ३८४२ | २०२ | ० | ४०४५ | ० | ० | ० |
| २०८५/८६ | ४२४७ | ४०३४ | २१२ | ० | ४२४७ | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४३ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन गर्नु । | सालबसाली | ३८५२ | नीति, कानुन, न्याय तथा कार्य सम्पादन कार्यमा ३० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

यदि आवश्यक कानूनी सुधार, दक्ष जनशक्ति, पर्याप्त बजेट, सूचना प्रविधि पूर्वाधार तथा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय कायम भयो भने योजनाका लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ।

तर कर्मचारी अभाव, वित्तीय स्रोतको कमी, कानूनी जटिलता, प्रविधिको सिमित पहुँच, साइबर सुरक्षा जोखिम, प्राकृतिक विपद् तथा अन्तरसरकारी समन्वयको कमी भएमा सेवा प्रवाह तथा सुशासनका लक्ष्यहरू हासिल गर्न कठिनाइ हुन सक्छ। यस्ता जोखिम न्यूनीकरणका लागि संस्थागत क्षमता विकास, डिजिटल सुरक्षा, नियमित अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कनलाई प्राथमिकता दिइनेछ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय सेवा सञ्चालनसम्बन्धी प्रचलित कानूनी व्यवस्थाअनुसार स्थानीय सरकारको प्रभावकारी सेवा प्रवाहका लागि सक्षम संगठन संरचना, दक्ष मानव संसाधन, आधुनिक कार्य प्रणाली तथा प्रविधिमैत्री प्रशासन आवश्यक हुन्छ। बिनयी त्रिवेणी गाउँपालिकामा गाउँ कार्यपालिका, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशु सेवा केन्द्र, शैक्षिक संस्थालगायतका निकायमार्फत नागरिकलाई सेवा प्रवाह भइरहेको छ। गाउँपालिकामा स्वीकृत दरबन्दी अनुसार केही पदहरू रिक्त रहेका कारण सेवा प्रवाहमा चुनौती रहेको छ। आवश्यक सेवाका लागि करार तथा कार्यक्रमगत कर्मचारीबाट सेवा सञ्चालन भइरहेको छ।

सूचना प्रविधिमा आधारित सेवा प्रवाह, डिजिटल अभिलेखीकरण, अनलाइन सिफारिस, विद्युतीय हाजिरी, कार्यालय व्यवस्थापन प्रणाली, गुनासो व्यवस्थापन, कार्यसम्पादन मूल्याङ्कन तथा क्षमता विकास कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आएको छ। आगामी अवधिमा संगठनात्मक क्षमता सुदृढ गर्दै नागरिकमैत्री, छिटोछरितो, पारदर्शी तथा नतिजामुखी सेवा प्रवाह प्रणाली विकास गरिनेछ।

### ७.२.२ समस्या तथाचुनौति

**समस्या**

- स्वीकृत दरबन्दीअनुसार दक्ष कर्मचारीको अभाव।
- प्राविधिक जनशक्तिको असमान वितरण।
- कर्मचारीको उच्च सरुवा तथा पदपूर्तिमा ढिलाइ।
- सूचना प्रविधिमा आधारित सेवा प्रवाह पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु।
- कार्यसम्पादन मूल्याङ्कन तथा क्षमता विकास प्रणाली प्रभावकारी नहुनु।
- अभिलेख व्यवस्थापन तथा डिजिटल डाटा प्रणाली कमजोर हुनु।
- सेवा प्रवाहमा समय व्यवस्थापन तथा समन्वयको कमी।

- आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली थप सुदृढ गर्नुपर्ने अवस्था।

**चुनौती**

- दक्ष तथा उत्प्रेरित मानव संसाधन व्यवस्थापन।
- सबै सेवा क्रमशः डिजिटल माध्यमबाट उपलब्ध गराउने।
- कर्मचारीको निरन्तर क्षमता विकास।
- सेवा प्रवाहमा गुणस्तर, पारदर्शिता र जवाफदेहिता कायम गर्ने।
- LGPAS तथा संस्थागत क्षमता सूचकमा सुधार गर्ने।
- सेवा प्रवाहमा नवीन प्रविधिको प्रयोग विस्तार गर्ने।

### ७.२.३ सोच

"सक्षम संगठन, दक्ष मानव संसाधन, प्रविधिमैत्री प्रशासन र नागरिकमैत्री सेवा प्रवाह।"

### ७.२.४ उद्देश्य

१. गाउँपालिकाको संगठनात्मक क्षमता तथा मानव संसाधन व्यवस्थापन सुदृढ गर्नु।
२. सेवा प्रवाहलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउनु।
३. कर्मचारीको क्षमता, कार्यसम्पादन तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्नु।
४. आन्तरिक नियन्त्रण, अभिलेख व्यवस्थापन तथा सुशासन प्रणाली सुदृढ गर्नु।

### ७.२.५ रणनीति

१. स्वीकृत दरबन्दी अनुसार आवश्यक जनशक्ति व्यवस्थापन गर्ने।
२. नियमित क्षमता विकास तथा पेशागत तालिम सञ्चालन गर्ने।
३. सुचना प्रविधिमा आधारित सेवा प्रवाह प्रणाली विस्तार गर्ने।
४. HRMIS, EMIS, PAMS, e-Office लगायत डिजिटल प्रणाली विस्तार गर्ने।
५. नागरिक सहायता कक्ष, गुनासो व्यवस्थापन तथा नागरिक बडापत्र प्रभावकारी बनाउने।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ३४१ | ३४२ | ३४४ | ३४६ | ३४८ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | २२५ | २२६ | २२८ | २३० | २३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मासिक रूपमा आम्दानी र खर्च सार्वजनिक गर्ने वडा तथा कार्यालय | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ६९.५ | ७२ | ७५ | ७८ | ८२ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १५३३५१ | १४५६८३ | ७६६८ | ० | १५३३५१ | ० | ० | ० |
| २०८४/८५ | १६१०१९ | १५२९६८ | ८०५१ | ० | १६१०१९ | ० | ० | ० |
| २०८५/८६ | १६९०६९ | १६०६१६ | ८४५३ | ० | १६९०६९ | ० | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४४ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण गर्नु । | सालबसाली | १५३३५१ | संस्थागत स्वमूल्याङ्कन स्कोर ८५ पुगेको हुने |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति, पर्याप्त वित्तीय स्रोत, सूचना प्रविधि पूर्वाधार, नियमित क्षमता विकास, प्रभावकारी अन्तरसरकारी समन्वय तथा संस्थागत सुधारका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा संगठन विकास तथा सेवा प्रवाहका लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ। तर दक्ष जनशक्तिको अभाव, कर्मचारी सरुवा, सिमित बजेट, सूचना प्रविधि पूर्वाधारको कमी, साइबर सुरक्षा जोखिम, कानुनी जटिलता तथा प्राकृतिक विपद्का कारण सेवा प्रवाहमा अवरोध आउन सक्ने जोखिम रहेको छ। यस्ता जोखिम न्यूनीकरणका लागि मानव संसाधन योजना, डिजिटल सुरक्षा, नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा संस्थागत क्षमता विकासलाई प्राथमिकता दिइनेछ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बिनयी त्रिवेणी गाउँपालिकाले स्थानीय कर, सेवा शुल्क, दस्तुर, प्राकृतिक स्रोत उपयोग शुल्क, सम्पत्ति

कर, व्यवसाय कर, घरबहाल कर, सवारी साधन कर बाँडफाँट, नदीजन्य पदार्थ बिक्री, पर्यटन शुल्क लगायतका स्रोतबाट आन्तरिक राजस्व संकलन गर्दै आएको छ।

गाउँपालिकामा राजस्व प्रशासनका लागि छुट्टै राजस्व शाखा स्थापना गरिएको छ। राजस्व संकलनमा सूचना प्रविधिमा आधारित SUTRA, e-Tax प्रणाली, डिजिटल बिलिङ, अनलाइन राजस्व अभिलेख, बैंकमार्फत डिजिटल भुक्तानी तथा वित्तीय व्यवस्थापन प्रणाली प्रयोग हुँदै आएको छ। वडा कार्यालयमार्फत समेत कर तथा सेवा शुल्क संकलन गर्ने व्यवस्था गरिएको छ।

यद्यपि गाउँपालिकामा उपलब्ध राजस्व सम्भावनाको तुलनामा आन्तरिक आय अझै न्यून रहेको छ। सम्पत्ति अभिलेखीकरण, करदाता अद्यावधिक, GIS आधारित कर प्रणाली, राजस्व चुहावट नियन्त्रण तथा नयाँ आयका स्रोतहरूको पहिचान गरी आन्तरिक आय वृद्धि गर्नु आवश्यक देखिएको छ।

### ७.३.२ समस्यातथा चुनौति

**समस्या**

- करको दायरा पूर्ण रूपमा विस्तार हुन नसक्नु।
- सम्पत्ति तथा करदाताको अद्यावधिक अभिलेखको अभाव।
- केही क्षेत्रमा कर सचेतनाको कमी।
- राजस्व चुहावट नियन्त्रण प्रभावकारी हुन नसक्नु।
- डिजिटल राजस्व प्रणाली सबै वडामा पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु।
- आन्तरिक आयको तुलनामा संघीय तथा प्रदेश अनुदानमा अत्यधिक निर्भरता।
- सार्वजनिक निजी साझेदारी (PPP) तथा वैकल्पिक स्रोत परिचालन सिमित हुनु।

**चुनौती**

- आन्तरिक आयमा दिगो वृद्धि गर्नु।
- करदातामैत्री तथा प्रविधिमैत्री राजस्व प्रणाली विकास गर्नु।
- सम्पत्ति तथा व्यवसायको डिजिटल अभिलेखीकरण सम्पन्न गर्नु।
- करको दायरा विस्तार गर्दै कर चुहावट नियन्त्रण गर्नु।
- विकास साझेदार, निजी क्षेत्र तथा सहकारीसँग साझेदारी विस्तार गर्नु।
- वित्तीय अनुशासन तथा पारदर्शिता कायम गर्नु।

### ७.३.३ सोच

"प्रविधिमैत्री, पारदर्शी, करदातामैत्री तथा दिगो राजस्व प्रणालीमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्र।"

### ७.३.४ उद्देश्य

१. आन्तरिक राजस्वको दायरा विस्तार गरी वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्नु।

२. सुचना प्रविधिमा आधारित पारदर्शी तथा करदातामैत्री राजस्व प्रशासन विकास गर्नु।
३. आन्तरिक तथा बाह्य स्रोत परिचालन प्रभावकारी बनाउनु।
४. विकास साझेदारी तथा वैकल्पिक वित्तीय स्रोत परिचालन विस्तार गर्नु।

### ७.३.५ रणनीति

१. GIS तथा डिजिटल प्रविधिमा आधारित सम्पत्ति तथा करदाता अभिलेख तयार गर्ने।
२. e-Tax तथा डिजिटल भुक्तानी प्रणाली विस्तार गर्ने।
३. करदातामैत्री सेवा तथा कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
४. राजस्व चुहावट नियन्त्रण तथा नियमित अनुगमन गर्ने।
५. PPP, सहकारी, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य विस्तार गर्ने।
६. मध्यमकालीन राजस्व सुधार कार्ययोजना (MTRIP) कार्यान्वयन गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| ` | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलब्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | १२ | १९ | २० | २२ | २३ |
| बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | १३२ | २८७ | १८५ | २२६ | २७६ |
| कुल बार्षिक बजेट | रु.लाखमा | १९१९ | २८५५ | ३०७८ | ३३३२ | ३६११ |
| बेरुजु रकम | रु. हजारमा | १५५६७३ | १३०००० | ११०००० | ९०००० | ६०००० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ८५० | ७६५ | ८५ | ० | ८५० | ० | ० | ० |
| २०८४/८५ | ८९३ | ८०३ | ८९ | ० | ८९३ | ० | ० | ० |
| २०८५/८६ | ९३७ | ८४३ | ९४ | ० | ९३७ | ० | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४५ | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | ८५० | इ–ट्याक्स सिस्टम लागु भई आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित वित्तीय कानूनबमोजिम राजस्व सुधार कार्ययोजना, डिजिटल राजस्व प्रणाली, सम्पत्ति अभिलेखीकरण, करदाता सचेतना तथा प्रभावकारी अनुगमन कार्यान्वयन भएमा गाउँपालिकाको आन्तरिक आय उल्लेखनीय रूपमा वृद्धि हुने अपेक्षा गरिएको छ।

तर आर्थिक मन्दी, करदाताको कमजोर अनुपालन, कानुनी जटिलता, सिमित प्रविधि पूर्वाधार, प्राकृतिक विपद्, अन्तरसरकारी राजस्व बाँडफाँटमा परिवर्तन तथा दक्ष जनशक्तिको अभावका कारण अपेक्षित राजस्व संकलनमा असर पर्न सक्ने जोखिम रहेको छ। यस्ता जोखिम न्यूनीकरणका लागि मध्यमकालीन राजस्व सुधार कार्ययोजना (MTRIP) कार्यान्वयन, करदाताको नियमित अद्यावधिक, डिजिटल राजस्व व्यवस्थापन, कर शिक्षा तथा प्रभावकारी अनुगमनलाई प्राथमिकता दिइनेछ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

विनयी त्रिवेणी गाउँपालिकाले समावेशी, दिगो तथा नतिजामुखी विकास व्यवस्थापनलाई संस्थागत गर्न आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF), वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रणालीलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्दै आएको छ। योजना तर्जुमा प्रक्रियालाई तथ्यमा आधारित बनाउन तथ्याङ्क व्यवस्थापन, आयोजना बैंक (Project Bank), डिजिटल अभिलेख प्रणाली, अनुगमन तथा मूल्याङ्कन प्रणाली र सूचना प्रविधिको प्रयोगलाई क्रमशः सुदृढ गरिएको छ। गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा डिजिटल सूचना प्रकाशनमार्फत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै आएको छ। साथै संघ, प्रदेश, निजी क्षेत्र, विकास साझेदार, सहकारी तथा सामुदायिक संस्थासँग समन्वय र साझेदारीमार्फत दिगो विकास लक्ष्य (SDGs), १६ औं योजना तथा स्थानीय आवश्यकताअनुसार विकास कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिएको छ। आगामी अवधिमा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली (MIS), GIS आधारित योजना व्यवस्थापन तथा डिजिटल अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

### ७.४.२ समस्या र चुनौति

१. भरपर्दो, अद्यावधिक तथा एकीकृत स्थानीय तथ्याङ्क प्रणाली पूर्ण रूपमा विकास हुन नसक्नु।
२. आयोजना बैंक, GIS आधारित योजना तथा डिजिटल अभिलेख व्यवस्थापन पूर्ण रूपमा कार्यान्वयनमा आउन नसक्नु।
३. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा तथ्यमा आधारित निर्णय प्रणालीको सिमित प्रयोग हुनु।
४. विषयगत गुरुयोजना तथा दीर्घकालीन विकास योजनाको अभाव।
५. अन्तरसरकारी समन्वय, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारसँगको साझेदारी अपेक्षित स्तरमा विस्तार हुन नसक्नु।
६. दक्ष जनशक्ति, सूचना प्रविधि तथा वित्तीय स्रोतको सिमितता।
७. सार्वजनिक लगानीको प्रभावकारिता तथा नतिजामुखी अनुगमन प्रणालीलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता।

### ७.४.३ सोच

"तथ्यमा आधारित, सहभागितामूलक, पारदर्शी तथा नतिजामुखी विकास व्यवस्थापन।"

### ७.४.४ उद्देश्य

१. तथ्याङ्कमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामुखी योजना प्रणाली विकास गर्नु।
२. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउनु।
३. आयोजना बैंक, GIS, MIS तथा डिजिटल सूचना प्रणालीमार्फत विकास व्यवस्थापन सुदृढ गर्नु।
४. अन्तरसरकारी समन्वय, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारसँगको सहकार्य विस्तार गरी स्रोत परिचालन प्रभावकारी बनाउनु।

### ७.४.५ रणनीति

१. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणाली (MIS), GIS आधारित योजना प्रणाली तथा आयोजना बैंक विकास र नियमित अद्यावधिक गर्ने।
२. आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक बजेटबीच अन्तरसम्बन्ध सुदृढ गर्दै नतिजामुखी योजना प्रणाली लागू गर्ने।
३. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सूचना प्रविधि, डिजिटल ड्यासबोर्ड तथा ई-अनुगमन प्रणालीको प्रयोग विस्तार गर्ने।

४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक सहभागिता तथा पारदर्शिता अभिवृद्धि गर्ने।
५. संघ, प्रदेश, निजी क्षेत्र, विकास साझेदार तथा सामुदायिक संस्थासँग समन्वय र साझेदारी सुदृढ गर्ने।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाई | आ.व. २०८१/८२ सम्मको वास्तविक उपलव्धी | आ.व. २०८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | ३ | ४ | ५ | ६ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | १२ | १२ | १४ | १६ | १८ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ७ | ८ | ९ | १० | १२ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३१०० | २७९० | ३१० | ० | ३१०० | ० | ० | ० |
| २०८४/८५ | ३२५५ | २९३० | ३२६ | ० | ३२५५ | ० | ० | ० |
| २०८५/८६ | ३४१८ | ३०७६ | ३४२ | ० | ३४१८ | ० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४६ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | ३१०० | आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ । |

## ७.४.९ जोखिमपक्ष तथा पूर्वानुमान

संघ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय, पर्याप्त वित्तीय स्रोत, दक्ष मानव संसाधन, आधुनिक सूचना प्रविधि तथा आवश्यक कानुनी व्यवस्थाको उपलब्धताबाट योजना व्यवस्थापन प्रणाली थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

यद्यपि, तथ्याङ्कको अभाव वा अद्यावधिक हुन नसक्नु, सिमित बजेट, दक्ष जनशक्तिको कमी, सूचना प्रविधिको अपर्याप्त प्रयोग, अन्तरसरकारी समन्वयमा कमजोरी, प्राकृतिक विपद् तथा अन्य आकस्मिक परिस्थितिले योजना कार्यान्वयन र अपेक्षित नतिजा हासिल गर्न जोखिम उत्पन्न गर्न सक्नेछ। यस्ता जोखिम न्यूनीकरणका लागि नियमित तथ्याङ्क अद्यावधिक, क्षमता विकास, डिजिटल प्रणालीको विस्तार तथा प्रभावकारी अनुगमन र मूल्याङ्कनलाई प्राथमिकता दिइनेछ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शिक्षा शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक विकास शाखा | - सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ७. | प्रमुख, प्रशासन शाखा, | - सदस्य |
| ८. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| १०. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य |
| ११. | प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य सचिव |

# अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## पृष्ठभुमि

नेपालको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएको छ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहलाई योजना तर्जुमा, बजेट निर्माण, कार्यान्वयन तथा सार्वजनिक वित्त व्यवस्थापनको जिम्मेवारी प्रदान गरेका छन्।

विनयी त्रिवेणी गाउँपालिकाले दोस्रो आवधिक योजना (आ.व. २०८३/८४ - २०८७/८८) लाई आधार मानी मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गर्ने व्यवस्था अवलम्बन गरेको छ। सिमित स्रोत साधनको अधिकतम उपयोग गर्दै परिणाममुखी, समावेशी, दिगो तथा उत्तरदायी विकास सुनिश्चित गर्न आयोजना बैंक, विषयगत गुरुयोजना, वार्षिक विकास कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनाबीच समन्वय कायम गरिनेछ। यस मार्गदर्शनको उद्देश्य आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नीति, योजना, बजेट र नतिजाबीच स्पष्ट सम्बन्ध कायम गरी स्रोतको प्रभावकारी परिचालन गर्नु हो।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

गाउँपालिकाले विगतका वर्षहरूमा वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमार्फत पूर्वाधार विकास, सामाजिक विकास, कृषि, स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा संस्थागत विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

यद्यपि आयोजना सम्पन्न गर्ने समय, सार्वजनिक खरिद व्यवस्थापन, बजेट कार्यान्वयनको गति, अनुगमन तथा मूल्याङ्कन, आयोजना बैंकको प्रभावकारी प्रयोग, राजस्व परिचालन तथा परियोजनाको गुणस्तरमा अझ सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ।

यस अनुभवलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दाः

- दोस्रो आवधिक योजनाका लक्ष्यसँग मेल खाने आयोजना मात्र समावेश गर्ने,
- आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजना छनोट गर्ने,
- बहुवर्षीय आयोजनाको दायित्व सुनिश्चित गर्ने,
- नतिजामूलक बजेट प्रणाली अवलम्बन गर्ने,
- कार्यान्वयन कार्यतालिका तथा अनुगमन योजना अनिवार्य तयार गर्ने व्यवस्था गरिनेछ।

## योजना तथा बजेट तर्जुमाका आधारहरु

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायका नीति, कानुन तथा योजनालाई आधार मानिनेछ।

१. नेपालको संविधान

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४. प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
६. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली
७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिस
८. संघ तथा प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम
९. सोह्रौं योजना (२०८१/८२ - २०८५/८६)
१०. नेपालको दीर्घकालीन सोच २१००
११. दिगो विकास लक्ष्य (SDGs–2030)
१२. जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा सम्बन्धित क्षेत्रगत नीति
१३. विनयी त्रिवेणी गाउँपालिकाको दोस्रो आवधिक योजना
१४. गाउँपालिकाका विषयगत गुरुयोजना, आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना
१५. संघ, प्रदेश तथा गाउँपालिकाबाट जारी भएका सम्बन्धित ऐन, नियम, कार्यविधि तथा मापदण्ड

## बजेट सीमा

आगामी आ.व. २०८१/०८२ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा कार्यक्रम र विषयगत उपक्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सो को स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रू. हजारमा) | | | | बजेटको स्रोत (रू.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | **आर्थिक विकास** | २०८३/८४ | **३९६९७** | **२६२५१** | **१३४४६** | ० | **७६९४** | **३१२३४** | **७६९** | ० |
| | | २०८४/८५ | **४१६८२** | **२७५६४** | **१४११८** | ० | **८०७९** | **३२७९६** | **८०८** | ० |
| | | २०८५/८६ | **४३७६६** | **२८९४२** | **१४८२४** | ० | **८४८३** | **३४४३५** | **८४८** | ० |
| क | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | २०८३/८४ | १३८९५ | ९०३२ | ४८६३ | ० | ३४९७ | ९८८५ | ५१३ | ० |
| | | २०८४/८५ | १४५९० | ९४८३ | ५१०६ | ० | ३६७२ | १०३७९ | ५३८ | ० |
| | | २०८५/८६ | १५३१९ | ९९५८ | ५३६२ | ० | ३८५६ | १०८९८ | ५६५ | ० |
| ग | पशुपंक्षी सेवा | २०८३/८४ | ८७२५ | ६९८० | १७४५ | ० | ० | ८७२५ | ० | ० |
| | | २०८४/८५ | ९१६१ | ७३२९ | १८३२ | ० | ० | ९१६१ | ० | ० |
| | | २०८५/८६ | ९६१९ | ७६९५ | १९२४ | ० | ० | ९६१९ | ० | ० |
| घ | पर्यटन, संस्कृति तथा सम्पदा | २०८३/८४ | ६४०० | ४४८० | १९२० | ० | १७४९ | ४६५१ | ० | ० |
| | | २०८४/८५ | ६७२० | ४७०४ | २०१६ | ० | १८३६ | ४८८४ | ० | ० |
| | | २०८५/८६ | ७०५६ | ४९३९ | २११७ | ० | १९२८ | ५१२८ | ० | ० |
| ङ | उद्योग, व्यापार र व्यवसाय | २०८३/८४ | ३१४५ | ९४४ | २२०२ | ० | १७४९ | १३९६ | ० | ० |
| | | २०८४/८५ | ३३०२ | ९९१ | २३१२ | ० | १८३६ | १४६६ | ० | ० |
| | | २०८५/८६ | ३४६७ | १०४० | २४२७ | ० | १९२८ | १५३९ | ० | ० |
| च | | २०८३/८४ | ३५०० | २८०० | ७०० | ० | ६९९ | २८०१ | ० | ० |
| | | २०८४/८५ | ३६७५ | २९४० | ७३५ | ० | ७३४ | २९४१ | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०८५/८६ | ३८५९ | ३०८७ | ७७२ | ० | ७७१ | ३०८८ | ० | ० |
| छ | श्रम, रोजगारी र गरिबी निवारण | २०८३/८४ | ४०३२ | २०१६ | २०१६ | ० | ० | ३७७६ | २५६ | ० |
| | | २०८४/८५ | ४२३४ | २११७ | २११७ | ० | ० | ३९६४ | २६९ | ० |
| | | २०८५/८६ | ४४४५ | २२२३ | २२२३ | ० | ० | ४१६३ | २८३ | ० |
| **२** | **सामाजिक विकास** | **२०८३/८४** | **३८००८५** | **२९३१४१** | **८६९४४** | **०** | **१२२४१** | **३६१४३५** | **६४०९** | **०** |
| | | **२०८४/८५** | **३९९०८९** | **३०७७९८** | **९१२९१** | **०** | **१२८५३** | **३७९५०७** | **६७२९** | **०** |
| | | **२०८५/८६** | **४१९०४४** | **३२३१८८** | **९५८५६** | **०** | **१३४९५** | **३९८४८३** | **७०६६** | **०** |
| क | जनस्वास्थ्य तथा पोषण | २०८३/८४ | ५४०१० | ४०५०८ | १३५०३ | ० | ० | ५३२४१ | ७६९ | ० |
| | | २०८४/८५ | ५६७११ | ४२५३३ | १४१७८ | ० | ० | ५५९०३ | ८०८ | ० |
| | | २०८५/८६ | ५९५४६ | ४४६६० | १४८८७ | ० | ० | ५८६९८ | ८४८ | ० |
| ख | शिक्षा, कला तथा साहित्य | २०८३/८४ | २९०९२५ | २३२७४० | ५८१८५ | ० | ० | २८८३६१ | २५६४ | ० |
| | | २०८४/८५ | ३०५४७१ | २४४३७७ | ६१०९४ | ० | ० | ३०२७७९ | २६९२ | ० |
| | | २०८५/८६ | ३२०७४५ | २५६५९६ | ६४१४९ | ० | ० | ३१७९१८ | २८२६ | ० |
| ग | खानेपानी, सरसफाइ तथा स्वच्छता | २०८३/८४ | ७८०० | १५६ | ७६४४ | ० | ३४९७ | १७३९ | २५६४ | ० |
| | | २०८४/८५ | ८१९० | १६४ | ८०२६ | ० | ३६७२ | १८२६ | २६९२ | ० |
| | | २०८५/८६ | ८६०० | १७२ | ८४२८ | ० | ३८५६ | १९१७ | २८२६ | ० |
| घ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८३/८४ | १९५५० | १६६१८ | २९३३ | ० | ६९९५ | १२२९९ | २५६ | ० |
| | | २०८४/८५ | २०५२८ | १७४४८ | ३०७९ | ० | ७३४४ | १२९१४ | २६९ | ० |
| | | २०८५/८६ | २१५५४ | १८३२१ | ३२३३ | ० | ७७१२ | १३५६० | २८३ | ० |
| ङ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८३/८४ | ७८०० | ३१२० | ४६८० | ० | १७४९ | ५७९५ | २५६ | ० |
| | | २०८४/८५ | ८१९० | ३२७६ | ४९१४ | ० | १८३६ | ६०८५ | २६९ | ० |
| | | २०८५/८६ | ८६०० | ३४४० | ५१६० | ० | १९२८ | ६३८९ | २८३ | ० |
| **३** | **पूर्वाधार विकास क्षेत्र** | **२०८३/८४** | **२४१९३०** | **४१००** | **२३७८३१** | **०** | **१६३३९६** | **६५९७३** | **१२५६२** | **०** |
| | | **२०८४/८५** | **२५४०२७** | **४३०४** | **२४९७२२** | **०** | **१७१५६५** | **६९२७१** | **१३१९०** | **०** |
| | | **२०८५/८६** | **२६६७२८** | **४५२०** | **२६२२०८** | **०** | **१८०१४४** | **७२७३५** | **१३८४९** | **०** |
| क | बस्ती विकास, आवास तथा भवन | २०८३/८४ | ३१८०० | ६३६ | ३११६४ | ० | ४३७२ | २२८१४ | ४६१४ | ० |
| | | २०८४/८५ | ३३३९० | ६६८ | ३२७२२ | ० | ४५९० | २३९५५ | ४८४५ | ० |
| | | २०८५/८६ | ३५०६० | ७०१ | ३४३५८ | ० | ४८२० | २५१५२ | ५०८७ | ० |
| ख | सडक, पुल तथा यातायात | २०८३/८४ | १९१६५० | १९१७ | १८९७३४ | ० | १५९०२४ | २४६७९ | ७९४७ | ० |
| | | २०८४/८५ | २०१२३३ | २०१२ | १९९२२० | ० | १६६९७५ | २५९१३ | ८३४५ | ० |
| | | २०८५/८६ | २११२९४ | २११३ | २०९१८१ | ० | १७५३२४ | २७२०९ | ८७६२ | ० |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८३/८४ | १२२५० | ६१३ | ११६३८ | ० | ० | १२२५० | ० | ० |
| | | २०८४/८५ | १२८६३ | ६४३ | १२२१९ | ० | ० | १२८६३ | ० | ० |
| | | २०८५/८६ | १३५०६ | ६७५ | १२८३० | ० | ० | १३५०६ | ० | ० |
| ङ | सूचना, सञ्चार तथा प्रविधि | २०८३/८४ | ६२३० | ९३५ | ५२९६ | ० | ० | ६२३० | ० | ० |
| | | २०८४/८५ | ६५४२ | ९८१ | ५५६० | ० | ० | ६५४२ | ० | ० |
| | | २०८५/८६ | ६८६९ | १०३० | ५८३८ | ० | ० | ६८६९ | ० | ० |
| **४** | **वन तथा वातावरण क्षेत्र** | **२०८३/८४** | **१६०००** | **४३४६** | **११६५५** | **०** | **५२४६** | **९९८५** | **७६९** | **०** |
| | | **२०८४/८५** | **१६८००** | **४५६३** | **१२२३७** | **०** | **५५०८** | **१०४८४** | **८०८** | **०** |
| | | **२०८५/८६** | **१७६४०** | **४७९१** | **१२८४९** | **०** | **५७८४** | **११००८** | **८४८** | **०** |
| क | वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण | २०८३/८४ | २१०० | २१० | १८९० | ० | ० | २१०० | ० | ० |
| | | २०८४/८५ | २२०५ | २२१ | १९८५ | ० | ० | २२०५ | ० | ० |
| | | २०८५/८६ | २३१५ | २३२ | २०८४ | ० | ० | २३१५ | ० | ० |
| ख | | २०८३/८४ | ३८५० | ११६ | ३७३५ | ० | १७४९ | १५८९ | ५१३ | ० |
| | | २०८४/८५ | ४०४३ | १२१ | ३९२१ | ० | १८३६ | १६६८ | ५३८ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८५/८६ | ४२४५ | १२७ | ४११७ | ० | १९२८ | १७५१ | ५६५ | ० |
| ग. | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | २०८३/८४ | १००५० | ४०२० | ६०३० | ० | ३४९७ | ६२९६ | २५६ | ० |
| | | २०८४/८५ | १०५५३ | ४२२१ | ६३३२ | ० | ३६७२ | ६६११ | २६९ | ० |
| | | २०८५/८६ | ११०८० | ४४३२ | ६६४८ | ० | ३८५६ | ६९४२ | २८३ | ० |
| **५** | **संस्थागत विकास क्षेत्र** | २०८३/८४ | **१६११५३** | **१५२८९८** | **८२५५** | **०** | **१६११५३** | **०** | **०** | **०** |
| | | २०८४/८५ | **१६९२११** | **१६०५४३** | **८६६८** | **०** | **१६९२११** | **०** | **०** | **०** |
| | | २०८५/८६ | **१७७६७१** | **१६८५७०** | **९१०१** | **०** | **१७७६७१** | **०** | **०** | **०** |
| क. | नीति, कानून, न्याय तथा सुशासन | २०८३/८४ | ३८५२ | ३६५९ | १९३ | ० | ३८५२ | ० | ० | ० |
| | | २०८४/८५ | ४०४५ | ३८४२ | २०२ | ० | ४०४५ | ० | ० | ० |
| | | २०८५/८६ | ४२४७ | ४०३४ | २१२ | ० | ४२४७ | ० | ० | ० |
| ख. | संगठन, मानव संशाधन तथा क्षमता विकास | २०८३/८४ | १५३३५१ | १४५६८३ | ७६६८ | ० | १५३३५१ | ० | ० | ० |
| | | २०८४/८५ | १६१०१९ | १५२९६८ | ८०५१ | ० | १६१०१९ | ० | ० | ० |
| | | २०८५/८६ | १६९०६९ | १६०६१६ | ८४५३ | ० | १६९०६९ | ० | ० | ० |
| ग. | राजस्व तथा श्रोत परिचालन | २०८३/८४ | ८५० | ७६५ | ८५ | ० | ८५० | ० | ० | ० |
| | | २०८४/८५ | ८९३ | ८०३ | ८९ | ० | ८९३ | ० | ० | ० |
| | | २०८५/८६ | ९३७ | ८४३ | ९४ | ० | ९३७ | ० | ० | ० |
| घ. | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८३/८४ | ३१०० | २७९० | ३१० | ० | ३१०० | ० | ० | ० |
| | | २०८४/८५ | ३२५५ | २९३० | ३२६ | ० | ३२५५ | ० | ० | ० |
| | | २०८५/८६ | ३४१८ | ३०७६ | ३४२ | ० | ३४१८ | ० | ० | ० |
| | **जम्मा** | २०८३/८४ | **८३८८६५** | **४८०७३५** | **३५८१३०** | **०** | **३४९७२९** | **४६८६२७** | **२०५०९** | **०** |
| | | २०८४/८५ | **८८०८०८** | **५०४७७२** | **३७६०३६** | **०** | **३६७२१५** | **४९२०५९** | **२१५३४** | **०** |
| | | २०८५/८६ | **९२४८४९** | **५३००१०** | **३९४८३८** | **०** | **३८५५७६** | **५१६६६१** | **२२६११** | **०** |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष २०८३/८४ तथा त्यसपछिका दुई आर्थिक वर्षका लागि स्वीकृत मध्यमकालीन खर्च संरचना (MTEF), उपलब्ध बजेट सीमा, दोस्रो आवधिक योजना, विषयगत रणनीतिक तथा गुरुयोजना, आयोजना बैंक तथा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमका आधारमा देहायका विषयलाई ध्यानमा राखी आयोजना तथा कार्यक्रमको छनोट, प्राथमिकता निर्धारण, बजेट अनुमान, स्रोत सुनिश्चितता तथा कार्यक्रमको संक्षिप्त विवरण तयार गरी गाउँ कार्यपालिकाले तोकेको समयसीमाभित्र पेश गर्नुहुन अनुरोध गरिन्छ। बजेट तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शन

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व तथा अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहका अधिकारसँग मेल खाने आयोजना तथा कार्यक्रम मात्र छनोट गर्नुपर्नेछ।
२. दोस्रो आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आयोजना बैंक तथा सार्वजनिक खर्चको प्राथमिकतालाई आधार मानी आयोजना छनोट गर्नुपर्नेछ।

३. विषयगत रणनीतिक योजना, गुरुयोजना तथा क्षेत्रगत नीतिले निर्धारण गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिअनुसार आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

४. स्थानीय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, बहुवर्षीय तथा क्रमागत आयोजना, अधुरा आयोजना तथा कानुनी दायित्व सिर्जना भएका कार्यक्रमलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

५. साना, टुक्रे तथा न्यून प्रभाव पर्ने आयोजना भन्दा बढी प्रतिफल दिने, कार्यान्वयनयोग्य, दिगो तथा नतिजामूलक आयोजना छनोट गर्नुपर्नेछ।

६. आयोजना बैंकमा समावेश भएका, विस्तृत परियोजना प्रतिवेदन (DPR), लागत अनुमान, डिजाइन तथा आवश्यक वातावरणीय अध्ययन सम्पन्न भएका आयोजना मात्र प्राथमिकतामा राख्नुपर्नेछ।

७. आधारभूत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, कृषि, रोजगार, उद्यमशीलता, खाद्य सुरक्षा तथा सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

८. गाउँपालिकाको आन्तरिक आय वृद्धि, करको दायरा विस्तार, उत्पादन वृद्धि तथा स्थानीय अर्थतन्त्र सुदृढीकरण गर्ने कार्यक्रमलाई अनिवार्य समावेश गर्नुपर्नेछ।

९. कृषि, पशुपन्छी, पर्यटन, उद्योग, लघु उद्यम तथा स्थानीय उत्पादनको व्यवसायीकरण, विविधीकरण र मूल्य अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

१०. गाउँपालिकाका विद्यमान नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्डले तोकेका दायित्वहरू अनिवार्य रूपमा बजेटमा समावेश गर्नुपर्नेछ।

११. सूचना प्रविधि, डिजिटल सुशासन, नवप्रवर्तन, अनुसन्धान, सीप विकास, विज्ञान, खेलकुद तथा युवाको उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

१२. भू उपयोगयोजना , बस्ती विकास योजना, यातायात गुरुयोजना, खानेपानी, पर्यटन, कृषि तथा अन्य क्षेत्रगत गुरुयोजनासँग मेल खाने आयोजना छनोट गर्नुपर्नेछ।

१३. बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा विपन्न वर्ग लक्षित कार्यक्रमलाई समावेशी ढङ्गले समावेश गर्नुपर्नेछ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सुशासनलाई मूलप्रवाहीकरण गर्नुपर्नेछ।

१५. विकास निर्माण आयोजनामा स्पष्ट प्रतिफल, मापनयोग्य उपलब्धि तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित हुने आयोजना छनोट गर्नुपर्नेछ।

१६. आयोजना प्रस्ताव गर्दा प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय सम्भाव्यता अध्ययन सम्पन्न भएको हुनुपर्नेछ। साथै सम्भावित बजेट स्रोत आन्तरिक), संघ, प्रदेश, विशेषसमपूरक अनुदान/, विकास साझेदार आदिस्पष्ट खुलाउनुपर्नेछ। (

१७. सार्वजनिक खरिद योजना तथा वार्षिक खरिद गुरुयोजनासँग बजेट तथा कार्यक्रमको तालमेल मिलाउनुपर्नेछ।

१८. आयोजना प्रस्ताव गर्नु अघि सम्बन्धित वडा, उपभोक्ता, सरोकारवाला, लाभग्राही समुदाय, निजी क्षेत्र तथा साझेदार संस्थासँग आवश्यक परामर्श तथा सहमति गरिएको हुनुपर्नेछ।

१९. बजेट प्रस्ताव गर्दा विषयगत क्षेत्र, उपक्षेत्र, आयोजना तथा कार्यक्रम अनुसार छुट्टाछुट्टै विवरण तयार गर्नुपर्नेछ।

२०. उपभोक्ता समिति, सहकारी, सामुदायिक संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्यमा कार्यान्वयन गर्न सकिने कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

२१. आयोजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन, नतिजा मापन तथा प्रतिवेदन प्रणालीलाई सुरुदेखि नै समावेश गरी नतिजामूलक बजेट प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, बजेट तर्जुमा दिग्दर्शन तथा सम्बन्धित मन्त्रालयबाट जारी ढाँचा, फाराम तथा मापदण्डअनुसार आयोजना विवरण तयार गर्नुपर्नेछ।

२३. गाउँपालिकाको अद्यावधिक प्रोफाइल, तथ्याङ्क प्रणाली, आवधिक योजना तथा विषयगत अध्ययनले पहिचान गरेका समस्या, सम्भावना र प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

२४. उपलब्ध बजेट सीमा, वित्तीय अनुशासन, सञ्चालन खर्च नियन्त्रण तथा पूँजीगत खर्चको प्रभावकारितालाई ध्यानमा राखी स्रोत सुनिश्चित भएका आयोजना मात्र प्रस्ताव गर्नुपर्नेछ।

२५. सबै आयोजना तथा कार्यक्रममा जलवायु उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण, वातावरणीय दिगोपन तथा सञ्चालनपछिको दिगो व्यवस्थापन (Operation & Maintenance) सुनिश्चित हुने व्यवस्था समावेश गर्नुपर्नेछ।

## अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क.सं. | आयोजना तथा कार्यक्रम विवरण | आ.व. २०८3/८4 को अनुमान | | | | आ.व. २०८4/८5 को प्रक्षेपण | | | | आ.व. २०८5/८6 को प्रक्षेपण | | | | सांकेतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्राथमिकता | रणनिति | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| क. | **आर्थिक विकास** | ३९६९७ | २६२५१ | १३४४६ | ० | ४१६८२ | २७५६४ | १४११८ | ० | ४३७६६ | २८९४२ | १४८२४ | | | | | | |
| १ | **कृषि, खाद्य सुरक्षा र सिंचाइ** | १३८९५ | ९०३२ | ४८६३ | ० | १४५९० | ९४८३ | ५१०६ | ० | १५३१९ | ९९५८ | ५३६२ | ० | | | | | |
| १ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | ४८७० | ४८७० | ० | ० | ५११४ | ५११४ | ० | ० | ५३६९ | ५३६९ | ० | ० | P1 | 2 | 2 | 3 | 3 |
| २ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | ९०२५ | ४१६२ | ४८६३ | ० | ९४७६ | ४३७० | ५१०६ | ० | ९९५० | ४५८८ | ५३६२ | ० | P1 | 2 | 2 | 2 | 2 |
| २ | **पशुंक्षी सेवा** | ८७२५ | ६९८० | १७४५ | ० | ९१६१ | ७३२९ | १८३२ | ० | ९६१९ | ७६९५ | १९२४ | ० | | | | | |
| ३ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | २४४३ | २१९९ | २४४ | ० | २५६५ | २३०९ | २५७ | ० | २६९३ | २४२४ | २६९ | ० | P1 | 2 | 2 | 2 | 3 |
| ४ | पशुपंक्षीजन्य उत्पादन तथा बजारीकरण कार्यक्रम | १५७१ | ३१४ | १२५६ | ० | १६४९ | ३३० | १३१९ | ० | १७३१ | ३४६ | १३८५ | ० | P1 | 2 | 2 | 2 | 3 |
| ५ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | ४७१२ | ४४६७ | २४४ | ० | ४९४७ | ४६९१ | २५७ | ० | ५१९४ | ४९२५ | २६९ | ० | P1 | 2 | 2 | 2 | 2 |
| ३ | **पर्यटन तथा संस्कृति** | ६४०० | ४४८० | १९२० | ० | ६७२० | ४७०४ | २०१६ | ० | ७०५६ | ४९३९ | २११७ | ० | | | | | |
| ६ | पर्यटन पुर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसंभार कार्यक्रम | ३२०० | २५६० | ६४० | ० | ३३६० | २६८८ | ६७२ | ० | ३५२८ | २८२२ | ७०६ | ० | P2 | 1 | 8 | 2 | 3 |
| ७ | पर्यटकीय सेवा सुविधा विस्तार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | १६०० | १२८० | ३२० | ० | १६८० | १३४४ | ३३६ | ० | १७६४ | १४११ | ३५३ | ० | P1 | 1 | 8 | 2 | 2 |
| ८ | संस्कृति तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | १६०० | ६४० | ९६० | ० | १६८० | ६७२ | १००८ | ० | १७६४ | ७०६ | १०५८ | ० | P1 | 1 | 1 | 1 | 2 |
| ४ | **उद्योग, व्यापार तथा व्यवसाय** | ३१४५ | ९४४ | २२०२ | ० | ३३०२ | ९९१ | २३१२ | ० | ३४६७ | १०४० | २४२७ | ० | | | | | |
| ९ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | १४४७ | ७२३ | ७२३ | ० | १५१९ | ७६० | ७६० | ० | १५९५ | ७९७ | ७९७ | ० | P1 | 2 | 8 | 2 | 3 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | १६९८ | २२० | १४७८ | ० | १७८३ | २३१ | १५५२ | ० | १८७२ | २४३ | १६३० | ० | P1 | 2 | 8 | 1 | 3 |
| ५ | **भूमि व्यवस्था, बैंक, वित्तीय तथा सहकारी** | ३५०० | २८०० | ७०० | ० | ३६७५ | २९४० | ७३५ | ० | ३८५९ | ३०८७ | ७७२ | ० | | | | | |
| ११ | सहकारी, प्रबर्द्धन कार्यक्रम | २१०० | १६८० | ४२० | ० | २२०५ | १७६४ | ४४१ | ० | २३१५ | १८५२ | ४६३ | ० | P1 | 2 | 8 | 2 | 2 |
| १२ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | ५२५ | ५२५ | ० | ० | ५५१ | ५५१ | ० | ० | ५७९ | ५७९ | ० | ० | P1 | 2 | 8 | 1 | 3 |
| १३ | भूमी व्यवस्थापन कार्यक्रम | ८७५ | ५९५ | २८० | ० | ९१९ | ६२५ | २९४ | ० | ९६५ | ६५६ | ३०९ | ० | P2 | 1 | 8 | 1 | 2 |
| ६ | **श्रम, रोजगारी तथा गरिवी निवारण** | ४०३२ | २०१६ | २०१६ | ० | ४२३४ | २११७ | २११७ | ० | ४४४५ | २२२३ | २२२३ | ० | | | | | |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३६२९ | १८१४ | १८१४ | ० | ३८१० | १९०५ | १९०५ | ० | ४००१ | २००० | २००० | ० | P1 | 2 | 8 | 2 | 2 |
| १५ | सुरक्षित आप्रावासन कार्यक्रम | १२१ | १२१ | ० | ० | १२७ | १२७ | ० | ० | १३३ | १३३ | ० | ० | P1 | 2 | 8 | 2 | 3 |
| १६ | श्रम, रोजगार तथा गरिवी निवारण अन्य कार्यक्रम | २८२ | ८१ | २०२ | ० | २९६ | ८५ | २१२ | ० | ३११ | ८९ | २२२ | ० | P1 | 2 | 1 | 1 | 3 |
| **ख.** | **सामाजिक विकास** | ३८००८५ | २९३१४१ | ८६९४४ | ० | ३९९०८९ | ३०७७९८ | ९१२९१ | ० | ४१९०४४ | ३२३१८८ | ९५८५६ | ० | | | | | |
| ७ | **स्वास्थ्य तथा पोषण** | ५४०१० | ४०५०८ | १३५०३ | ० | ५६७११ | ४२५३३ | १४१७८ | ० | ५९५४६ | ४४६६० | १४८८७ | ० | | | | | |
| १७ | आधारभूत स्वास्थ्य सेवा सालवसाली कार्यक्रम | ५४०१० | ४०५०८ | १३५०३ | ० | ५६७११ | ४२५३३ | १४१७८ | ० | ५९५४६ | ४४६६० | १४८८७ | ० | P1 | 3 | 3 | 2 | 3 |
| ८ | **शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य** | २९०९२५ | २३२७४० | ५८१८५ | ० | ३०५४७१ | २४४३७७ | ६१०९४ | ० | ३२०७४५ | २५६५९६ | ६४१४९ | ० | | | | | |
| १८ | प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा तथा माद्यामिक शिक्षा कार्यक्रम | १०४७३३ | ८३७८६ | २०९४७ | ० | १०९९७० | ८७९७६ | २१९९४ | ० | ११५४६८ | ९२३७५ | २३०९४ | ० | P2 | 3 | 4 | 2 | 2 |
| १९ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम, शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | ८७२७८ | ६९८२२ | १७४५६ | ० | ९१६४१ | ७३३१३ | १८३२८ | ० | ९६२२३ | ७६९७९ | १९२४५ | ० | P1 | 3 | 4 | 2 | 2 |
| २० | अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | ८७२७८ | ७८५५० | ८७२८ | ० | ९१६४१ | ८२४७७ | ९१६४ | ० | ९६२२३ | ८६६०१ | ९६२२ | ० | P2 | 3 | 4 | 2 | 2 |
| २१ | बिधालय पूर्वाधार निर्माण आयोजन | ५८१९ | ० | ५८१९ | ० | ६१०९ | ० | ६१०९ | ० | ६४१५ | ० | ६४१५ | ० | P2 | 3 | 4 | 2 | 2 |
| २२ | मौलिक भाषा तथा कला संरक्षण र प्रवर्द्धन कार्यक्रम | ५८१९ | ५८२ | ५२३७ | ० | ६१०९ | ६११ | ५४९८ | ० | ६४१५ | ६४१ | ५७७३ | ० | P2 | 3 | 4 | 2 | 2 |
| ९ | **खानेपानी, सरसरफाई तथा स्वच्छता** | ७८०० | १५६ | ७६४४ | ० | ८१९० | १६४ | ८०२६ | ० | ८६०० | १७२ | ८४२८ | ० | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | ७८०० | १५६ | ७६४४ | ० | ८१९० | १६४ | ८०२६ | ० | ८६०० | १७२ | ८४२८ | ० | P1 | 3 | 6 | 2 | 2 |
| १० | महिला, बालबालिका तथा लक्षित वर्ग | १९५५० | १६६१८ | २९३३ | ० | २०५२८ | १७४४८ | ३०७९ | ० | २१५५४ | १८३२१ | ३२३३ | ० | | | | | |
| २४ | महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति संरक्षण तथा दलित वर्ग उत्थान कार्यक्रम | १९५५० | १६६१८ | २९३३ | ० | २०५२८ | १७४४८ | ३०७९ | ० | २१५५४ | १८३२१ | ३२३३ | ० | P2 | 3 | 10 | 1 | 3 |
| ११ | युवा तथा खेलकुद | ७८०० | ३१२० | ४६८० | ० | ८१९० | ३२७६ | ४९१४ | ० | ८६०० | ३४४० | ५१६० | ० | | | | | |
| २५ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | ६३९६ | २५५८ | ३८३८ | ० | ६७१६ | २६८६ | ४०२९ | ० | ७०५२ | २८२१ | ४२३१ | ० | P2 | 3 | 9 | 3 | 3 |
| २६ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | १४०४ | ५६२ | ८४२ | ० | १४७४ | ५९० | ८८५ | ० | १५४८ | ६१९ | ९२९ | ० | P2 | 3 | 9 | 3 | 3 |
| ग. | पूर्वाधार विकास | २४१९३० | ४१०० | २३७८३१ | ० | २५४०२७ | ४३०४ | २४९७२२ | ० | २६६७२८ | ४५२० | २६२२०८ | ० | | | | | |
| १२ | आवास, भवन तथा शहरी विकास | ३१८०० | ६३६ | ३११६४ | ० | ३३३९० | ६६८ | ३२७२२ | ० | ३५०६० | ७०१ | ३४३५८ | ० | | | | | |
| २७ | प्रशासकीय भवन निर्माण आयोजना | ९९००० | ० | ९९००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | P2 | 4 | 11 | 3 | 3 |
| २८ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | -६७२०० | ६३६ | -६७८३६ | ० | ३३३९० | ६६८ | ३२७२२ | ० | ३५०६० | ७०१ | ३४३५८ | ० | P2 | 4 | 9 | 3 | 3 |
| १३ | सडक, पुल तथा यातायात | १९१६५० | १९१७ | १८९७३४ | ० | २०१२३३ | २०१२ | १९९२२० | ० | २११२९४ | २११३ | २०९१८१ | ० | | | | | |
| २९ | दुम्कीबास डाँडाजोर सर्दी देउराली हुदै पाल्पा जाने मोटरबाटो स्तरोन्नति | १६५०० | ० | १६५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | P1 | 4 | 9 | 2 | 3 |
| ३० | सुनई कनिकेसल चिसापानी भैसेखोला मोटरबाटो स्तरोन्नती | ९७०० | ० | ९७०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | P1 | ४ | 9 | 2 | 3 |
| ३१ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | १६५४५० | १९१७ | १६३५३४ | ० | २०१२३३ | २०१२ | १९९२२० | ० | २११२९४ | २११३ | २०९१८१ | ० | P1 | ४ | 9 | 2 | 3 |
| १४ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | १२२५० | ६१३ | ११६३८ | ० | १२८६३ | ६४३ | १२२१९ | ० | १३५०६ | ६७५ | १२८३० | ० | | | | | |
| ३२ | जलस्रोत व्यवस्थापन कार्यक्रम | ६१३ | २४५ | ३६८ | ० | ६४३ | २५७ | ३८६ | ० | ६७५ | २७० | ४०५ | ० | P2 | 4 | 7 | 3 | 1 |
| ३३ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | ४९०० | २४५ | ४६५५ | ० | ५१४५ | २५७ | ४८८८ | ० | ५४०२ | २७० | ५१३२ | ० | P2 | 4 | 7 | 2 | 1 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | ६७३८ | १२३ | ६६१५ | ० | ७०७४ | १२९ | ६९४६ | ० | ७४२८ | १३५ | ७२९३ | ० | P2 | 4 | 7 | 2 | 1 |
| १५ | सूचना तथा सञ्चार प्रविधि | ६२३० | ९३५ | ५२९६ | ० | ६५४२ | ९८१ | ५५६० | ० | ६८६९ | १०३० | ५८३८ | ० | | | | | |
| ३५ | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | ४९८४ | ४९८ | ४४८६ | ० | ५२३३ | ५२३ | ४७१० | ० | ५४९५ | ५४९ | ४९४५ | ० | P2 | 4 | 9 | 3 | 2 |
| ३६ | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | १२४६ | ४३६ | ८१० | ० | १३०८ | ४५८ | ८५० | ० | १३७४ | ४८१ | ८९३ | ० | P2 | 4 | 9 | 3 | 2 |
| **घ.** | **वातावरण तथा विपद व्यवस्थापन** | **१६०००** | **४३४६** | **११६५५** | **०** | **१६८००** | **४५६३** | **१२२३७** | **०** | **१७६४०** | **४७९१** | **१२८४९** | **०** | | | | | |
| १६ | वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण | २१०० | २१० | १८९० | ० | २२०५ | २२१ | १९८५ | ० | २३१५ | २३२ | २०८४ | ० | | | | | |
| ३७ | वन तथा हरीयाली प्रवर्द्धन कार्यक्रम | ६३० | १२६ | ५०४ | ० | ६६२ | १३२ | ५२९ | ० | ६९५ | १३९ | ५५६ | ० | P1 | 5 | 15 | 3 | 1 |
| ३८ | जलाधार व्यवस्थापन, भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | १४७० | ८४ | १३८६ | ० | १५४४ | ८८ | १४५५ | ० | १६२१ | ९३ | १५२८ | ० | P1 | 5 | 15 | 3 | 1 |
| १७ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ३८५० | ११६ | ३७३५ | ० | ४०४३ | १२१ | ३९२१ | ० | ४२४५ | १२७ | ४११७ | ० | | | | | |
| ३९ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | ३७३५ | ११२ | ३६२२ | ० | ३९२१ | ११८ | ३८०४ | ० | ४११७ | १२४ | ३९९४ | ० | P1 | 5 | 12 | 3 | 1 |
| ४० | वातावरण संरक्षण कार्यक्रम | ११६ | ३ | ११२ | ० | १२१ | ४ | ११८ | ० | १२७ | ४ | १२४ | ० | P1 | 5 | 12 | 2 | 1 |
| १८ | विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | १००५० | ४०२० | ६०३० | ० | १०५५३ | ४२२१ | ६३३२ | ० | ११०८० | ४४३२ | ६६४८ | ० | | | | | |
| ४१ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | ६०३० | ३६१८ | २४१२ | ० | ६३३२ | ३७९९ | २५३३ | ० | ६६४८ | ३९८९ | २६५९ | ० | P1 | 5 | 13 | 2 | 1 |
| ४२ | जलवायु परीवर्तन अनुकुलन तथा समयानुकुलन कार्यक्रम | ४०२० | ४०२ | ३६१८ | ० | ४२२१ | ४२२ | ३७९९ | ० | ४४३२ | ४४३ | ३९८९ | ० | P1 | 5 | 13 | 2 | 1 |
| **ङ.** | **संस्थागत विकास तथा सुशासन** | **१६११५३** | **१५२८९८** | **८२५५** | **०** | **१६९२११** | **१६०५४३** | **८६६८** | **०** | **१७७६७१** | **१६८५७०** | **९१०१** | **०** | | | | | |
| १९ | स्थानीय नीति, कानून, न्याय तथा सुशासन | ३८५२ | ३६५९ | १९३ | ० | ४०४५ | ३८४२ | २०२ | ० | ४२४७ | ४०३४ | २१२ | ० | | | | | |
| ४३ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | ३८५२ | ३६५९ | १९३ | ० | ४०४५ | ३८४२ | २०२ | ० | ४२४७ | ४०३४ | २१२ | ० | P2 | 6 | 16 | 2 | 3 |
| २० | संगठन, मानव संशाधन र सेवा प्रवाह | १५३३५१ | १४५६८३ | ७६६८ | ० | १६१०१९ | १५२९६८ | ८०५१ | ० | १६९०६९ | १६०६१६ | ८४५३ | ० | | | | | |
| ४४ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | १५३३५१ | १४५६८३ | ७६६८ | ० | १६१०१९ | १५२९६८ | ८०५१ | ० | १६९०६९ | १६०६१६ | ८४५३ | ० | P2 | 6 | 16 | 2 | 3 |
| २१ | राजस्व तथा स्रोत परिचालन | ८५० | ७६५ | ८५ | ० | ८९३ | ८०३ | ८९ | ० | ९३७ | ८४३ | ९४ | ० | | | | | |
| ४५ | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | ८५० | ७६५ | ८५ | ० | ८९३ | ८०३ | ८९ | ० | ९३७ | ८४३ | ९४ | ० | P2 | 6 | 17 | 3 | 3 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२२** | **तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** | **३१००** | **२७९०** | **३१०** | **०** | **३२५५** | **२९३०** | **३२६** | **०** | **३४१८** | **३०७६** | **३४२** | **०** | | | | | |
| ४६ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | ३१०० | २७९० | ३१० | ० | ३२५५ | २९३० | ३२६ | ० | ३४१८ | ३०७६ | ३४२ | ० | P2 | 6 | 17 | 2 | 3 |
| | कुल जम्मा | ८३८८६५ | ४८०७३५ | ३५८१३० | ० | ८८०८०८ | ५०४७७२ | ३७६०३६ | ० | ९२४८४९ | ५३००१० | ३९४८३८ | ० | | | | | |